
# गाउँ शिक्षा योजना २०८२-२०९२



**जहदा गाउँपालिका**
**गाउँकार्यपालिकाको कार्यालय**
**मझारे, मोरङ, कोशी प्रदेश, नेपाल**




स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० / १:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

# गाउँकार्यपालिकाबाट स्वीकृत मितिः
# २०८३/०२/२१ गते बिहिबार

# शिक्षा योजना निर्माण समिति

| | | |
|---|---|---|
| १. | श्री जितेन्द्र प्रसाद साह | अध्यक्ष |
| २. | श्री रोशन कुमार गुप्ता | सदस्य |
| ३. | श्री लक्ष्मी प्रसाद मण्डल | सदस्य |
| ४. | श्री ज्योती कुमारी मण्डल | सदस्य |
| ५. | श्री धर्मेन्द्र कुमार साह | सदस्य |
| ६. | श्री अशोक कुमार साह | सदस्य |
| ७. | श्री सिधुलाल राजवंशी | सदस्य |
| ८. | श्री द्रौपती राजवंशी | सदस्य |
| ९. | श्री जोनाथान सोरेन | सदस्य |
| १०. | श्री शम्भु राजवंशी | सदस्य |
| ११. | श्री दिपक खनाल | सदस्य सचिव |

**जहदा गाउँपालिका**

कोशी प्रदेश, मोरङ नेपाल

२०८३

**संरक्षक**

श्री जितेन्द्र प्रसाद साह, गाउँपालिका अध्यक्ष

श्री हन्ना सोरेन, गाउँपालिका उपाध्यक्ष

श्री रोशन कुमार गुप्ता, प्रमुख प्रशासकीय अधिकृत

**गाउँ शिक्षा योजना लेखन कार्यदल :**

| | |
|---|---|
| श्री दिपक खनाल | संयोजक |
| श्री गिरजा प्रसाद यादव | सदस्य |
| श्री सिधुलाल राजवशी | सदस्य |
| श्री महेश कुमार मण्डल | सदस्य |
| श्री अनिता भगत | सदस्य |

**सम्पादन**

दिपक खनाल

शिक्षा शाखा प्रमुख अधिकृत आठौं तह

प्रमिला कुमारी रेग्मी

शिक्षा अधिकृत छैटौं तह

**प्रकाशक**

जहदा गाउँपालिका

**गाउँकार्यपालिकाबाट स्वीकृत मितिः**

२०८३/०२/२१ गते बिहिबार

# गाउँपालिका अध्यक्षको भनाइ



नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीमार्फत दिगो शान्ती, सुशासन, विकास र समृद्धिको लक्ष्य हासिल गर्ने आकाङ्क्षा राखेको छ। त्यसै अनुरूप, शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यवसायिक, सीपमूलक, रोजगारमुखी र जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक तथा राष्ट्रिय हितप्रति समर्पित जनशक्ति उत्पादन गर्ने उद्देश्यका साथ शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै विद्यालय शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाई क्रमशः निःशुल्क बनाउने नीति अंगिकार गरिएको छ। संविधानले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच सुनिश्चित गर्न सो तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने मौलिक हकको व्यवस्था गरेको छ।

संविधानको अनुसूची ८ मा स्थानीय तहको अधिकार सूचीको क्रम सङ्ख्या ८ मा आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको अधिकार क्षेत्रमा पर्ने उल्लेख गरिएको छ। यस्तै, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) अनुसार गाउँपालिका/नगरपालिकालाई आधारभूत तथा माध्यमिक शिक्षासम्बन्धी २३ वटा अधिकार प्रदान गरिएको छ। संविधान र कानुनले अङ्गिकार गरेको यी व्यवस्थाहरूलाई आत्मसात गर्दै, विद्यालय शिक्षा लगायत समग्र गाउँपालिकाको शिक्षा क्षेत्रका योजना तथा कार्यक्रमहरू तयार पार्ने र कार्यान्वयन गर्ने कार्य निरन्तर अघि बढिरहेको छ।

विद्यालय क्षेत्रको समग्र विकासका लागि यस गाउँपालिकाले गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयहरूमा सुधारका रणनीतिहरू अवलम्बन गरेको छ। विद्यालय बाहिर रहेका बालबालिकालाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमबाट गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्न, बालविकास शिक्षाका न्यूनतम मापदण्ड परिपूर्ति गर्न र सबै बालबालिकालाई सिकाइका अवसरहरूको प्रत्याभूति दिलाई शैक्षिक सेवा सुविधि प्रवाहलाई प्रभावकारी बनाउन यो गाउँ शिक्षा योजना निर्माणको पहिलो प्रयास गरिएको छ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा शिक्षा क्षेत्रमा देखिएका नविन उपलब्धीहरुलाई विद्यालय शिक्षामा भित्र्याउन र गुणस्तरीयताको चुनौतीहरूलाई सामना गर्दै, प्रविधि र ज्ञान—विज्ञानको विकासलाई समेटी सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकका मौलिक अधिकारहरूको संरक्षण गर्दै, उनीहरूलाई सहज, सुलभ, सरल तथा आवश्यकताअनुसार शिक्षा प्रदान गर्न २०८२ देखि २०९२ सम्मको दशवर्षे शिक्षा योजना सरोकारवालाहरूको सक्रिय सहभागितामा तयार गरिएको छ।

गाउँपालिका भित्रका शैक्षिक मुद्दा तथा चुनौतीहरूलाई प्राथमिकताको आधारमा समाधान गर्न संघ, प्रदेश तथा स्थानीय तहका जनप्रतिनिधिहरू, वडा शिक्षा समिति, विद्यालयहरू, प्राविधिक तथा सीपमूलक शिक्षण संस्थाहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, शिक्षक—अभिभावक संघ तथा अन्य सम्बन्धित शैक्षिक संस्थाहरूसँग अन्तरक्रिया तथा छलफल गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ।

यस कार्यमा प्राविधिक सहयोग गर्नु हुने विज्ञ/प्रशिक्षक श्री टंक प्रसाद गौतम, लेखन तथा सम्पादनको जिम्मेवारी वहन गर्नु हुने योजना टोलिका संयोजक युवा तथा खेलकुद शाखा प्रमुख दिपक खनाल, योजना निर्माणको कार्यमा प्रारम्भिक समयदेखि संलग्न भई सल्लाह सुझाव दिनु हुने गाउँपालिकाका उपाध्यक्षज्यू, वडा अध्यक्षज्यूहरु,सामुदायिक विद्यालयका प्रधानाध्यापक, शिक्षक, समितिका पदाधिकारी तथा कर्मचारीहरूलाई निरन्तर तथा समर्पित योगदानका लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु।

**जितेन्द्र प्रसाद साह**
**गाउँपालिका अध्यक्ष**

# योजनाको सारांश

कुनै पनि योजना उपलब्ध साधन र स्रोतको अधिकतम् उपयोग गरी पूर्व निर्धारित समय सीमाभित्र अपेक्षित उपलब्धि हासिल गर्ने उद्देश्यले निर्माण गरिन्छ । नेपालको सन्दर्भमा योजनावद्ध विकासको थालनी २०१३ सालबाट भएको पाइन्छ । नेपाल सङ्घीयतामा प्रवेश गरेसँगै हाल योजनालाई माथिबाट थोपारिने विषयभन्दा पनि जसका लागि चाहिने हो, त्यहाँका सरोकारवालाहरूको सक्रिय सहभागीतामा उनीहरूको आवश्यकता पहिचान गरी स्थानीय स्तरको योजना बनाई क्रमशः ती स्थानीय स्तरमा तयार गरिएका योजनाहरूलाई समेत समेटेर माथिल्ला स्तरका योजना बनाउने पद्धति स्थापित गर्ने प्रयास हुँदै आएको पाइन्छ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा विगत दशकौं देखि माथिल्लो स्तरको योजना अवधारणा कार्यान्वयनमा ल्याइएकाले प्रत्येक सामुदायिक विद्यालयले विद्यालय व्यवस्थापन समितिको अगुवाइमा विद्यालयका सबै सरोकारवालाहरूको सहभागिता गराई विद्यालय स्तरमा विद्यालयको समग्र विकासको योजना (विद्यालय सुधार योजना निर्माण गरिन्छ। यस योजनाले खासगरी सम्बन्धित विद्यालयको सेवाक्षेत्रभित्रका विद्यालय उमेर समूहका बालबालिकाहरूको विद्यालयसम्मको पहुँच सुनिश्चित गर्ने, गुणस्तरीय शिक्षा प्रदान गर्ने र संस्थागत क्षमता अभिवृद्धि गर्ने क्रियाकलापहरू समेटेको हुन्छ र हुनुपर्दछ । यसैका आधारमा गाउँपालिकास्तरमा सोही स्तरका सरोकारालाहरूको सहभागीतामा गाउँ शिक्षा योजना निर्माण गर्ने गरिन्छ ।
वर्तमान संविधानप्रदत्त शैक्षिक अधिकार सुनिश्चित गर्न एकल अधिकारको विषयमा स्थानीय तहले योजनाबद्ध विकासको थालनी गर्नुपर्ने देखिन्छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (२) ज मा उल्लिखित आधारभूत र माध्यमिक शिक्षासम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमनको व्यवस्था भएअनुरूप जहदा गाउँपालिकाले जहदा शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्ने आवश्यकता महसुस गरेको हो । आर्थिक वर्ष २०६६/६७ देखि नेपाल सरकारले विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्नका साथै गुणस्तर सुधारका निमित्त सात वर्षे बिद्यालय क्षेत्र सुधार योजना कार्यान्वयनमा ल्याएको थियो साथै यस योजनाबाट प्राप्त उपलब्धिलाई संस्थागत गर्न, विद्यालय शिक्षाका विविध सकारात्मक प्रयासहरूलाई निरन्तरता दिन र शिक्षाका नवीन कार्यक्रमहरूसहित आर्थिक वर्ष २०७३/७४ देखि सात वर्षे विद्यालय क्षेत्र विकास योजना तर्जुमा गरी कार्यान्वयन भइसकेको छ । वि.स. २०८३ (सन् २०२६) सम्ममा नेपाललाई विकासशील राष्ट्रका रूपमा स्तरोन्नति गर्न, वि.सं. २०८७ (सन् २०३०) सम्ममा मध्यम आय भएको मुलुकको स्तरमा रूपान्तरणको लक्ष्य हासिल गर्ने र दिगो बिकासका लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण साधनका रूपमा सोह्रौं योजना (२०८१/८२-२०८६/८७) कार्यान्वयनमा आएको छ ।
यसै पृष्ठभूमिमा जहदा गाउँपालिकामा पनि गुणस्तरीय विद्यालय शिक्षामा सबैको समतामूलक पहुँच सुनिश्चित गर्न व्यवस्थापकीय एवम् नियमनकारी निकायहरू र शैक्षिक संस्थाहरूको संस्थागत क्षमता विकास गरी संस्थागत सुशासन कायम गर्नको लागि आ.ब. २०८२/८३ देखि ९२/९३ सम्म कार्यान्वयन हुने गरी १० वर्षे जहदा शिक्षा क्षेत्र योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याउने प्रयास गरिएको हो।

नेपालको सङ्घीय लोकतान्त्रिक संविधानमा शिक्षासम्बन्धी मौलिक हक, राज्यको निर्देशक सिद्धान्त तथा राज्यका नीति र प्राथमिकताका क्षेत्रहरूको उचित व्यवस्था गरिएको छ। नेपालको संविधानको भाग ३ को मौलिक हक र धारा ३१ मा शिक्षा सम्बन्धी ५. ओटा मौलिक हकको सुनिधितता गरिएको छ । यसै गरी धारा ३८ मा महिलाको हकसम्बन्धी उपधारा (५), धारा ३९ मा बालबालिकाको हकसम्बन्धी उपधारा (२), (३), (७) र (९) दलितको हकसम्बन्धी धारा (४०) उपधारा (२) मा सामाजिक न्यायको हकसम्बन्धी धारा ४२ को उपधारा २ र उपधारा ५ मा शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ । साथै नेपालको

संविधानको राज्य संरचना र राज्य शक्तिको बाँडफाँडसम्बन्धी धारा ५७ को उपधारा ४ बमोजिम स्थानीय तहको अधिकार अनुसूची ८ मा उल्लिखित विषयमा निहित रहनेछ र त्यस्तो अधिकारको प्रयोग संविधान र गाउँसभा वा गाँउसभाले बनाएको कानुनबमोजिम हुने व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज. मा स्थानीय सरकारलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन एवम् सञ्चालनको अधिकार प्रदान गरिएको छ ।

यस योजनाको सफल कार्यान्वयनको सुनिश्चितताका लागि गाउँ सभा, कार्यपालिका अन्तर्गतका कर्मचारी, शिक्षक, अभिभावक, विद्यालय व्यवस्थापन समिति, सामुदायिक सङ्घ/संस्थाहरूको बलियो प्रतिवद्धताका साथै राष्ट्रिय/अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूबाट निरन्तर सहयोग प्राप्त हुने विश्वास लिइएको छ। यस योजनाले समेट्न नसकेका विषय एवम् कमजोरीहरू औंल्याइदिन र आगामी दिनमा यसलाई अझ व्यावहारिक तथा वस्तुपरक ढङ्गबाट कार्यान्वयन योग्य बनाउन अमूल्य सुझाव र रचनात्मक सहयोगको अपेक्षा समेत गरिन्छ ।

जहदा गाउँपालिकाले पनि संविधान तथा कानुनले प्रदान गरेका अधिकारहरूको प्रयोग गर्दै दश वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ । मुख्यतया यो योजना सुरुवाती योजना भएकाले पहिलेका योजनाहरूको समीक्षा गर्ने कार्य पूर्ण रूपमा नभए तापनि विद्यालय सुधार योजना, अन्य शिक्षासँग सम्बन्धित योजनाहरू तथा जहदा गाउँपालिकाको शिक्षा ऐन र अन्य दस्तावेजहरूलाई मार्गदर्शनको रूपमा लिइएको छ । यस योजनाको कार्यान्वयनका लागि सुरुका पाँच वर्षसम्म अनुमानित जम्मा १अरब खर्च हुने अनुमान गरिएको छ ।

## १. विषय प्रवेश

शैक्षिक सेवा प्रभावकारी रूपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न एवम् शिक्षामा पहुच गुणस्तर, सहभागीता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ। अहिले नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ। त्यसै गरी प्रदेश स्तरमा पनि शिक्षा क्षेत्रको योजना निर्माण भई कार्यन्वयनमा छन् । स्थानीय सरकार संचालन ऐन २०७४ जारी भएपश्चात् आधारभूत तथा माध्यमिक शिक्षाका कार्यक्रम स्थानीय तह मार्फत् कार्यान्वयन भइरहेका छन् । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि सबै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मान्दै आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तहस्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेकाले जहदा गाउँपालिकाले पनि शिक्षा योजना तयार गर्ने कार्य प्रारम्भ गरेको सन्दर्भमा स्थानीय तह शिक्षा योजना निर्माणका लागि उपलब्ध मार्गदर्शन पछ्याएको छ ।

## २. शिक्षा योजना निर्माणको आवश्यकता औचित्य

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति २०७६, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, सोह्रौं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचनाअनुरूप कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको बिकासलाई दिशानिर्देश गर्न सङ्घीय, प्रदेश र स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यक रहेको छ । विज्ञान तथा प्रविधिमा भएको विकास र परिवर्तनलाई आत्मसात् गर्नुका साथै सृजनशील, सक्रिय र आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत् समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख, भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११, ज) ले आधारभूत तथा माध्यमिक तहका लागि २३ ओटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ। यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।
विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागीता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यसै परिवेशमा सबै स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यन्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी यो स्थानीय शिक्षा क्षेत्र योजना निर्माण गरिएको हो ।

संविधानले स्थानीय सरकारलाई प्रारम्भिक बालविकास शिक्षा अनौपचारिक शिक्षा आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी पनि सुम्पिएको छ। यसै गरी प्रादेशिक तथा सङ्घीय सरकारलाई उच्च शिक्षाको जिम्मेवारी दिएको छ। प्राविधिक तथा व्यावसायिक शिक्षा स्थानीय प्रदेश एवम् सङ्घीय सरकारको साझा जिम्मेवारीमा राखेको छ । यस स्थितिमा नेपालको शिक्षालाई कसरी व्यावहारिक प्रतिस्पी वैज्ञानिक, रोजगार उन्मुख गुणस्तरीय जनमुखी, जीवनोपयोगी समालोचनात्मक क्षमता सहितको अनुसन्धानमुलुक एवम् नेपालका विविध कत्ता, संस्कृति ज्ञान, सिप, प्रविधि आदिसँग जोड्दै उपयुक्त प्रविधि, ज्ञान तथा सिपको पनि भरपुर प्रयोग गर्दै व्यक्तिगत विकास मार्फत् समुदाय र देशको विकासमा योगदान गर्न सक्ने जनशक्ति उत्पादन गर्नुपर्ने जिम्मेवारी स्थानीय तहको काँधमा आएको छ। त्यसैले गाउँपालिकाले शिक्षा क्षेत्र योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने अनिवार्य आवश्यकता देखिएकाले यो शिक्षा योजना निर्माण गरिएको हो। यप औचित्य बुँदागत रुपमा यसप्रकार रहेका छन् :

- तीनओटै तहमा बन्ने शिक्षा योजनाका विच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थपित गर्न
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन र उपयोग गर्न
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुर्याउन

## ४. शिक्षा योजना निर्माणका आधारः

जहदा शिक्षा क्षेत्र योजना तर्जुमाको प्रारम्भिक चरणमा योजना मस्यौदा लेखन कार्यदलमा छलफल भई लिखु शिक्षा योजना निर्माणको तयारी गरिएको थियो। योजना तयारीका लागि निम्नानुसारका सामग्रीहरूको अध्ययन र समीक्ष गरिएको थियो ।

- नेपालको संबिधान
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ लगायत विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
- विद्यालय शिक्षा क्षेत्र योजना र सिकाइ आपूरण तथा दूत सिकाइ योजना
- शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
- विद्यालय शिक्षामा समता रणनीति
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन र स्थानीय तहको विकास योजना

- स्थानीय तहको मध्यमकालीन खर्च संरचना
- राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
- विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षासम्बन्धी कार्यक्रम आदि
- जहदा गाउँपालिकाको प्रोफाइल,
- विद्यालय अनुगमन प्रतिवेदनहरू
- गाउँपालिकाको बार्षिक बजेटहरू
- गाउँपालिकाद्वारा जारी ऐन, नियम र कार्यविधिहरू

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

नेपालमा योजना निर्माण तथा योजनावद्ध विकास प्रयासको थालनी २०१३ सालदेखि भएको हो। योजनावद्ध विकासको क्रमलाई हेर्दा हालसम्म १५ ओटा योजना निर्माण भई कार्यान्वयन भइसकेका छन् भने हाल सोहौं योजना (२०८१/८२.२०८६/८७) कार्यान्वयन भइरहेको छ। हालसम्म योजना निर्माणको अभ्यासलाई सरसर्ती केलाउँदा समयका आधारमा तीनचरि (१-३ वर्षे अल्पकालीन, ३-५ वर्षे मध्यकालीन र ५ वर्षभन्दा माथि दीर्घकालीन) र तहगत आधारमा दुईथरि (बृहत् र सूक्ष्म तथा केन्द्रीकृत र विकेन्द्रित) योजना निर्माण भई कार्यान्वयन भएका छन् । हासिल गर्नुपर्ने लक्ष्य तथा उद्देश्य, उपलब्ध समय, स्रोत साधन र सञ्चालन गर्नुपर्ने कार्यक्रमहरूको आवश्यकता पहिचान गरी योजना, कस्तो हुने, कति अवधिको हुने, कसले निर्माण गर्ने र कार्यान्वयनको जिम्मेवारी कसलाई दिने भन्ने कुराको निर्धारण गरिन्छ।

जहदा गाउँगालिको शिक्षा योजना निर्माणका लागि निम्नानुसारका प्रक्रिया अपनाइएको थियो :

योजना निर्माणको लागि प्रारम्भिक छलफल शिक्षा योजना निर्माण समिति गठनः योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखाको संयोजनमा विभिन्न चरणमा छलफल बैठकहरूको आयोजना जहदा शिक्षा क्षेत्र योजना तर्जुमा गर्न शिक्षा सिमितिमा  छलफल भई २०८१/१२/१५ गतेमा जहदा शिक्षा योजना निर्माण समिति गठन गरिएको थियो।

**शिक्षा योजना मस्यौदा लेखन कार्यदल गठन र अभिमुखीकरणः**

जहदा शिक्षा योजना निर्माण समितिले स्थानीय तहमै उपलब्ध स्रोतका आधारमा शिक्षा योजना मस्यौदा लेखन कार्यदल गठन गरी गाउँपालिकाको अवस्था पहिचान, विश्लेषण गर्दै सरोकारवालाको बृहत् सहभागीतामा मस्यौदा तयार गर्न अभिमुखीकरण गरिएको थियो।

योजना निर्माणमा सुचना र सुझावका लागि सरोकारवाला भेलाः जहदा शिक्षा क्षेत्र योजना निर्माणका लागि शिक्षा, युवा तथा खेलकुद शाखा संग राखे मौजुदा नीति तथा कार्यक्रम र कार्यविधिहरू विश्लेषण गरी सूचना सङ्कलन गरिएको थियो।

योजाना निर्माणको क्रममा गाउँपालिकाका अध्यक्षको प्रमुख आतिथ्यमा एक दिने कार्यशाला आयोजना गरिएको थियो। यो कार्यशालामा पालिकाका सबै विषयगत शाखाहरूका जस्तै स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, महिता, बाललबालिका र विपद् व्यवस्थापनका प्रसाध्याहरू, महिला स्वास्थ्य स्वयंसेविका, बालक्लब प्रतिनिधि बालविकास सहजकर्ता वा शिक्षक, अभिभावक प्रतिनिधि लगायतको सक्रिय सहभागीता रहेको थियो।

**मस्यौदा तयारीः** शिक्षा योजना मस्तैदा लेखन कार्यदलको अगुवाइमा प्राविधिक सहयोगमा गाउँपालिकामै शिक्षा सरोकारवालाहरूको बृहत् कार्यशालामार्फत् सङ्कलित सूचनाका आधारमा मस्यौदा तयारीको कार्य सम्पन्न भएको थियो।

मस्यौदा उपर सुझाव सहकलन शिक्षा, युवा तथा खेलकुर शाखा र गाउँ शिक्षा समिति, गाउँपालिका स्तरीय प्रधानाध्यापक बैठकमा छलफल र सुझाव सङ्कलन, गाउँपलिकाको बेवसाइटमा मस्यौदा प्रति प्रकाशन गरी राय-सुझाव सङ्कलन गरिएको थियो।

**अन्तिम मस्यौदा तयारी ।** सरोकारबालाको राय सुझाव मिलान गरी शिक्षा योजना मस्यौदा लेखन कार्यदलले अन्तिम मस्यौदा शिक्षा योजना निर्माण समितिलाई पेस गरेको थियो। उक्त समितिले बैटकमा छलफल गरी मूल्याङ्कन गराई कार्यपालिका बैठकमा पेस गर्ने निर्णय अनुसार कार्य अगाडि बढाइएको थियो।
कार्यपालिका बैठकमा छलफल र स्वीकृति कार्यपालिका बैठकको मिति २०८३/०२/२१ गतेको छलफल, स्वीकृति र निर्णयबमोजिम १० बर्षे जहदा शिक्षा क्षेत्र योजना करण गर्दै कार्यान्वयनमा ल्याइएको हो।

# विषयसूची


**गाउँपालिका प्रमुखको भनाइ** 4

**योजनाको सारांश** 7

**परिच्छेद १ : परिचय** 15

१. पृष्ठभूमि 15

१.१ वर्तमान अवस्था 16

**१.१.१ भौगोलिक अवस्थितिको विश्लेषण** 16

**१.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण** 16

**१.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण** 17

**१.१.४ आर्थिक अवस्थाको विश्लेषण** 17

**१.१.५ शैक्षिक अवस्थाको विश्लेषण** 5

१.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण 22

१.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण 20

१.४ अवसरहरु 33

१.४.१ योजना निर्माण प्रकृया 33

**परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** 35

**२.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार** 35

**२.२ दूरदृष्टि** 42

**२.३ लक्ष्यः** 42

**२.४ उद्देश्य** 42

**२.५ रणनीतिहरु** 43

**२.६ मुख्य कार्यसम्पादन सुचकहरु** 52

**परिच्छेद-३:विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु** 55

३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा 55

**३.१.१. परिचय** 55

**३.१.२ वर्तमान अवस्था** 55

**३.१.३ उद्धेश्यहरु** 56

**३.१.४ रणनीति** 57

३.२ आधारभुत शिक्षा 60

**३.२.१ परिचय** 60

**३.२.२ वर्तमान अवस्था** 60

**३.२.३ उद्देश्यहरु** 61

**३.२.४ रणनीतिहरु** 61

**३.२.५ उपलब्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य** 62

३.३ माध्यमिक शिक्षा 65

**३.३.१ परिचय** 65

**३.३.२ वर्तमान अवस्था** 66
**३.३.३ उद्धेश्यहरु** 67
**३.३.४ रणनीतिहरु** 67
**३.३.५ उपलव्धि तथा प्रमूख नतिजाहरु** 67
३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा 72
**३.४.१ परिचय** 72
**३.४.२ वर्तमान अवस्था** 72
**३.४.३ उद्देश्यः** 73
**३.४.४ रणनीतिहरु** 73
**३.४.५ प्रमुख उपलव्धि तथा नतिजा** 73
**३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य** 73
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ 66
**३.५.१ परिचय** 66
**३.५.२ वर्तमान अवस्था** 66
**३.५.३ उद्धेश्य** 68
**३.५.४ रणनीतिहरु** 68
**३.५.५ उपलव्धि, नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य** 79
**परिच्छेद-४: अन्तरसम्बन्धित बिषय तथा क्षेत्र 71**
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन 71
**४.१.१ परिचय** 71
**४.१.२ वर्तमान अवस्था** 72
**४.१.३ उद्धेश्य** 72
**४.१.४ रणनीतिहरु** 73
**४.१.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** 73
**उपलव्धि** 73
४.२ शिक्षक व्यवस्थापन र विकास 76
**४.२.१ परिचय** 76
**४.२.२ वर्तमान अवस्था** 77
**३.२.३ उद्देश्य** 78
**४.२.४ रणनीतिहरू** 78
**४.२.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** 79
४.३ शैक्षिक समता र समावेशीकरण 81
**४.३.१ परिचय** 81
**४.३.२ वर्तमान अवस्था** 82
**४.३.३ उद्धेश्यहरु** 83
**४.३.४ रणनीतिहरु** 83
४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम 87

**४.४.१ परिचय** ..... 87
**४.४.२ वर्तमान अवस्था** ..... 87
**४.४.३ उद्देश्य** ..... 88
**४.४.४ रणनीतिहरू** ..... 88
**४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य** ..... 89
४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता ..... 91
**४.५.१ परिचय** ..... 91
**४.५.२ वर्तमान अबस्था** ..... 92
**४.५.३ उद्देश्यहरु** ..... 94
**४.४.५ रणनितिहरु** ..... 94
**४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु** ..... 95
४.६ विद्यालय भौतिक पूर्वाधार विकास ..... 97
**४.६.१ परिचय** ..... 97
**४.६.२ वर्तमान अवस्था** ..... 97
**४.६.३ उदेश्यहरु** ..... 100
**४.६.४ रणनीतिहरु** ..... 100
**४.६.५ उपलब्धि, नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु** ..... 108
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि ..... 109
**४.७.१ परिचय** ..... 109
**४.७.२ वर्तमान अवस्था** ..... 110
**४.७.३ उद्धेश्यहरु** ..... 103
**४.७.४ रणनीतिहरु** ..... 103
**४.६.६ उपलब्धि, नतिजा र  प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु** ..... 104
**परिच्छेद ५ अन्य उपक्षेत्र ..... 105**
**परिच्छेद ६  सुशासन तथा व्यवस्थापन ..... 113**
६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास ..... 113
६.१.१ परिचय ..... 113
६.१.२ वर्तमान अबस्था ..... 113
६.१.३ उद्धेश्यहरु ..... 119
६.१.४ रणनीतिहरु ..... 120
६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप ..... 121
६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध ..... 124
६.२.१ परिचय ..... 124
६.२.२ वर्तमान अवस्था ..... 124
६.२.३ उद्देश्य ..... 125
६.२.४ रणनीति ..... 125
६.२.५ प्रमुख उपलब्धि तथा नतिजा ..... 125

**परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन** 127
७.१ परिचयः 127
७.२ वर्तमान अवस्थाः 127
७.३ अवसर तथा चुनौतीहरु 128
७.४ उद्देश्यः 128
७.५ रणनीतिहरूः 128
७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः 129
**परिच्छेद- ८ः अनुगमन तथा मूल्याङ्कन** 135
८.१. उद्देश्यहरुः 136
८.२.रणनीतिहरु 136
८.३. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य 137
**सन्दर्भ सामाग्रीहरु :** 140
**अनुसूची** 141
**योजना निर्माण सम्बन्धीत फोटोहरु** 146

# परिच्छेद १ : परिचय

## १. पृष्ठभूमि

शिक्षाले व्यक्तिको चौतर्फी विकास गर्दै योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमुखी जनशक्ति तयार गर्दछ, जसले राष्ट्रको आर्थिक, सामाजिक, साँस्कृतिक र पूर्वाधार विकासमा महत्वपूर्ण योगदान पुऱ्याउँछ। यस्तो जनशक्तिले दिगो विकास, शान्ती र सुशासनमा समेत महत्वपूर्ण भूमिका खेल्दछ। शिक्षा मानव विकास र समृद्धिको प्रमुख आधार भएकाले नेपालको संविधानले शिक्षासम्बन्धी हकलाई मौलिक हकका रूपमा स्थापित गरेको छ।

नेपालको संविधान २०७२ जारी पछि देश संघीय गणतन्त्रको कार्यान्वयनको प्रक्रियामा प्रवेश गरेको छ। यस क्रममा संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारहरूको संरचना बनाइएको छ। संघीय प्रणाली अन्तर्गत संविधानले प्रदत्त एकल र साझा अधिकारको प्रयोग गर्दै स्वशासन र साझा शासन प्रणाली कार्यान्वयनमा रहेको छ। आधारभूत र माध्यमिक शिक्षा स्थानीय तहको एकल अधिकार अन्तर्गत पर्ने विषय हो।

त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ ले स्थानीय सरकारलाई शिक्षाका २३ वटा अधिकारको साथै संघीय सरकारको शिक्षा क्षेत्रको १० वर्षे योजना, शिक्षा नीति २०७६,१५औं आवधिक योजनाले तय गरेका लक्ष्य तथा उद्देश्य पूरा गर्न स्थानीय सरकारले सहयोग र समन्वय गर्नु आवश्यक छ । यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ६ (२४) मा स्थानीय सरकारलेआफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागू गर्ने नीतिगत व्यवस्था भएको छ । समावेशी, समतामूलक, गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुलाई प्रोत्साहित गरी गाउँपालिकाको समग्र विकास र परिवर्तनका लागि लक्ष्य, उद्देश्य, रणनीति तथा क्रियाकलाप यस शिक्षा योजनाले निर्धारण गरेको छ । उक्त योजना निर्माण गर्दा संघ तथा प्रदेश सरकारका नीति लक्ष्यसँग मेल खानु पर्ने, वातावरण संरक्षण तथा जलवायु परिवर्तन लैङ्गिक समानता तथा समावेशीकरण, विपद् व्यवस्थापन, सुशासन आदि विषयलाई ध्यान दिई दीर्घकालीन किसिमका योजनाको सूची (Project bank) तयार तथा सहभागितामूलक योजना तर्जुमा, सरोकारवालाहरुको सहभागितामा क्षेत्रगत योजना तयार गर्नुपर्ने नीतिगत व्यवस्था छ ।

शिक्षासम्बन्धी संवैधानिक हक तथा प्राथमिकतालाई कार्यान्वयन गर्नका लागि कानुनी आधार, आवधिक योजना तथा राष्ट्रिय शिक्षा नीति २०७६ लागू गरिएको छ। साथै, नेपालले संयुक्त राष्ट्रसंघका विभिन्न मञ्चहरूमा गरेका प्रतिवद्धता र हस्ताक्षरहरूको कार्यान्वयन सुनिश्चित गर्न दीर्घकालीन दृष्टिकोण अनुरूप विद्यालय शिक्षा क्षेत्रको योजना कार्यान्वयन हुँदै आएको छ।

यसै सन्दर्भमा, प्रचलित नीति तथा नियमहरूको पालना गर्दै, शिक्षा क्षेत्रको सुदृढ विकासका लागि आवधिक शैक्षिक योजना आवश्यक ठानी जहदा गाउँपालिका, मोरङले आगामी दश वर्ष (२०८२—२०९२) का लागि यो स्थानीय तहको शिक्षा योजना निर्माण गरेको हो। यस योजनाअनुसार शैक्षिक नीतिहरू र कार्यक्रमहरू क्रमशः कार्यान्वयन गर्दै जाने लक्ष्य लिएको छ।

## १.१ वर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्थितिको विश्लेषण

जहदा गाउँपालिका ८७°१७'२२.४६" पूर्वी देशान्तरदेखि ८७°२२'६.०६" पूर्वी देशान्तरसम्म र २६°२०'५३.२०" उत्तरी अक्षांशदेखि २६°२८'१६.१७" उत्तरी अक्षांशसम्म फैलिएको छ। यसको कुल भौगोलिक क्षेत्रफल ६२.३८ वर्ग किलोमिटर रहेको छ। यस गाउँपालिकाको पश्चिममा विराटनगर महानगरपालिका, पूर्वमा धनपालथान गाउँपालिका तथा भारतको विहार राज्यअन्तर्गत अररिया जिल्ला, उत्तरमा कटहरी गाउँपालिका र दक्षिणतर्फ पुनः भारतको विहार राज्यको अररिया जिल्ला अवस्थित छन्। नेपालको भौगोलिक वर्गीकरणअनुसार जहदा गाउँपालिका तराई क्षेत्रमा पर्दछ। समुद्री सतहदेखि करिब ६५ देखि ७५ मिटर उचाइमा अवस्थित यस गाउँपालिकाको भू—आकृति पूरै समथर रहेको छ। यहाँको भू—भाग समथर तथा खेतीयोग्य रहेको छ भने जमिनको सामान्य ढाल पूर्व—दक्षिण र उत्तरतर्फ रहेको देखिन्छ। यस गाउँपालिकाका प्रमुख नदीहरू लोहोन्द्रा र सिङ्घिया हुन्। गाउँपालिकाका बीचबीचमा बग्ने साना खोलाहरू लोहोन्द्रा नदीमा मिसिने गर्दछन्। साथै, पश्चिमी भागमा विराटनगर महानगरपालिकासँगको सीमामा सिङ्घिया खोला बगिरहेको छ। यस गाउँपालिकाको प्रशासनीक विभाजनलाई तल प्रस्तुत गरिएको छ।

| क्र.सं. | नयाँ वडा | समावेश गाविस /नगरपालिका | क्षेत्रफल(वर्ग कि.मी.) |
|---|---|---|---|
| १ | १ | बुधनगर(२,६-९) | ९.६५ |
| २ | २ | भाथिगछ(५,६,८,९) | १३.५२ |
| ३ | ३ | भाथिगछ(१-४,७) | ८.२६ |
| ४ | ४ | शि.जहदा(१-८) | ८.८९ |
| ५ | ५ | मझारे (१-५) र शि.जहदा(९) | ८.४६ |
| ६ | ६ | पोखरीया(१-९) | ४.३८ |
| ७ | ७ | मझारे(६-९) | ९.२२ |
| | जम्मा | | ६२.३८ |


### १.१.२ जनसाङ्ख्यिक संरचनाको विश्लेषण

जनगणाना २०७८ अनुसार यस गाउँपालिकाको कुल जनसँख्या ४७,६३९ रहेको छ । जसमा ५०.५ प्रतिशत पुरुष रहेकाछन् भने ४९.५ प्रतिशत महिला रहेकाछन् । लैङ्गिक अनुपात १०१.८३ रहेको छ । जनघनत्व प्रति वर्गकिलोमिटर ७६४ रहेको छ भने कुल परिवार ९,८६९ रहेको अवस्था छ । यस गाउँपालिकाको वडागत जनसंख्या विवरण यस प्रकार रहेको छ ।

| वडा | पुरुष | महिला | जम्मा | पुरुष % | महिला % | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३८३६ | ३८२१ | ७६५७ | ५० | ५० | १६ |
| २ | ३६८३ | ३७२२ | ७४०५ | ५० | ५० | १६ |
| ३ | ४१४३ | ३८८९ | ८०३२ | ५२ | ४८ | १७ |
| ४ | ३८१८ | ३६५७ | ७४७५ | ५१ | ४९ | १६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | ३५२० | ३४५० | ६९७० | ५१ | ४९ | १५ |
| ६ | १८१० | १८२७ | ३६३७ | ५० | ५० | ८ |
| ७ | ३२२५ | ३२३८ | ६४६३ | ५० | ५० | १४ |
| कुल | २४०३५ | २३६०४ | ४७६३९ | ५० | ५० | १०० |

साथै उमेरगत जनसंख्या विवरण यस प्रकार रहेको छ ।




स्रोत : https://censusnepal.cbs.gov.np/results/np

### १.१.३ सामाजिक तथा सांस्कृतिक अवस्थाको विश्लेषण

जहदा गाउँपालिकामा विभिन्न जातजातिहरूको बसोबास रहेको छ। उपलब्ध तथ्याङ्क अनुसार यहाँ तराई जनजाति ४६.०४%, तराई जाति ३४.४३%, तराई दलित ९.५१%, मुस्लिम ७.३०%, पहाडे जनजाति १.०२%, तराई ब्राह्मण/क्षेत्री ०.७४%, पहाडे क्षेत्री ०.११%, अन्य पहाडे दलित ०.३९%, नेवार ०.१९%, ब्राह्मण ०.०६% र अन्य ०.२% जनसङ्ख्या रहेका छन्।

गाउँपालिकामा बहुभाषिक समुदायको बसोबास छ। सबैभन्दा धेरै जनसङ्ख्याले मैथिली भाषा बोल्दछन्। यसका अतिरिक्त आङ्गिका, सन्थाल, राजवंशी, थारु, नेपाली, उराँव, भोजपुरी, मगर,गुरुङ आदिजस्ता विभिन्न भाषाभाषी समुदायहरू पनि यहाँ निवास गर्छन्।

### १.१.४ आर्थिक अवस्थाको विश्लेषण

जहदा गाउँपालिकाको अर्थतन्त्र मुख्यतः कृषि, उद्योग, व्यवसाय, थोक तथा खुद्रा बजार र सेवा क्षेत्रमा आधारित रहेको छ। यस गाउँपालिकामा उपयुक्त हावापानी र उर्वर माटो उपलब्ध भएकाले कृषि क्षेत्रलाई विशेष रूपमा

समृद्ध मानिन्छ। यहाँका अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरूमा राम्रो सडक सञ्जाल विस्तार भएकोले पूर्वाधार विकासमा उल्लेखनीय सहजता आएको छ। कृषि, व्यापार, सेवामूलक व्यवसाय र गाउँपालिकामा सञ्चालित साना, मझौला तथा ठूला उद्योग तथा कलकारखानाले आर्थिक गतिविधिमा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। साथै, वैदेशिक रोजगारी पनि गाउँपालिकाको वैकल्पिक आर्थिक आधारका रूपमा रहेको छ।

यहाँका बासिन्दाहरू विभिन्न पेसा तथा व्यवसायमार्फत जीविकोपार्जन गर्दै आएका छन्। उपलब्ध तथ्यांकअनुसार, कृषिज्यालादेखि मजदुरीसम्मको आयमार्फत औसत पारिवारिक वार्षिक आम्दानी रु ६९,०५२।९५ रहेको छ, जसले कूल आम्दानीको २३.३५ प्रतिशत हिस्सा ओगटेको छ। त्यस्तै, नोकरी तथा पेन्सनबाट वार्षिक आम्दानीको ९.१४ प्रतिशत हिस्सा रहने देखिन्छ। सबैभन्दा बढी आय कृषि क्षेत्रबाट प्राप्त हुने गरेको छ, जसअन्तर्गत औसत पारिवारिक वार्षिक आम्दानी रु ७२,०५३।३५ रहेको छ, जुन कूल आम्दानीको २४.३७ प्रतिशत हिस्सा हो। यस विवरणलाई देहायको तालिका नं. १ मा प्रस्तुत गरिएको छ।

| क्र.सं. | आम्दानी शीर्षक | औषत आम्दानी (रु.) | प्रतिशत (%) |
|---|---|---|---|
| १. | कृषि (सबै कृषि बालिको उत्पादन बिक्री) | ७२०५३.३५ | २४.३७ |
| २. | कृषि ज्याला मजदुरी | ६९०५२.९५ | २३.३५ |
| ३. | गैर कृषि ज्याला मजदुरी | ५४८९०.८८ | १८.५६ |
| ४. | वैदेशिक रोजगारी | ३८९६९.६३ | १३.१८ |
| ५. | नोकरी तथा पेन्सन | २७०३७.३५ | ९.१४ |
| ६. | व्यापार तथा उद्योग | १६०४२.६१ | ५.४२ |
| ७. | पशुपालन (सबै पशुपालन उत्पादन बिक्री) | १०४८७.१ | ३.५५ |
| ८. | अन्य | ७१९०.९३ | २.३४ |
| ९. | जम्मा | २९५७२४.८ | १०० |

**स्रोतः गाउँपालिका पार्श्वचित्र – २०७७**

त्यसैगरी जनगणना २०७८ अनुसार १० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्याको आधारमा आर्थिक रुपले सक्रिय जनसंख्याको प्रतिशत ६६८ रहेको छ । १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिना सम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्यालाई तल प्रस्तुत गरिन्छ ।

| क्षेत्र | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.१ | ०.१ | ०.० |
| व्यवस्थापक | २.० | २.५ | १.३ |
| पेशाविद्हरू | १.९ | २.३ | १.५ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | १.० | १.२ | ०.७ |
| कार्यालय सहायकहरू | ०.४ | ०.५ | ०.२ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | ३.८ | ४.७ | २.६ |

| | | | |
|---|---|---|---|
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ३५.२ | ३०.१ | ४२.४ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | ८.९ | १३.७ | २.२ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | ३.५ | ५.८ | ०.३ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | ४३.१ | ३९.२ | ४८.६ |


### १.१.५ शैक्षिक अवस्थाको विश्लेषण

नेपालको शैक्षिक संरचनाको दृश्टि्रले हेर्दा विद्यालय शिक्षा आधारभूत र माध्यमिक गरी दुई तहको रहेको छ । एक वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा पछि कक्षा १ देखि कक्षा ८ सम्म गरी जम्मा आठ वर्षको आधारभूत शिक्षा कायम गरिएको छ भने कक्षा कक्षा ९ देखि १२ सम्मको चार वर्ष अवधिको शिक्षालाई माध्यमिक शिक्षा कायम गरिएको छ । माध्यमिक शिक्षा साधारण, परम्परागत र प्राविधिक तथा व्यावसायिक गरी तीन प्रकारको हुने ब्यवस्था गरिएको छ । आधारभूत तहलाई अनिवार्य तथा निःशुल्क गरिएको छ भने माध्यमिक तहलाई निःशुल्क रहने ब्यवस्था गरिएको छ। विद्यालय शिक्षालाई दुई तरिकाहरु नीजि लगानी र सरकारी लगानीबाट ब्यवस्थापन गरिएको छ ।

जहदा गाउँपालिकामा ६७ वटा बालविकास केन्द्र, २७ वटा आधारभूत तह कक्षा १-८ सञ्चालन, ९ वटा विद्यालय माध्यमिक तह गरी ३६ विद्यालयहरु रहेका छन् । ९ वटा संस्थागत विद्यालय १ वटा CTEVT अन्तर्गतको शैलजा आचार्य पोलिटेक्निक इन्स्टिच्युट प्राविधिक शिक्षालय रहेको छ । जहदा गाउँपालिकाको तहगत विद्यार्थी विवरण हेर्दा बालविकास केन्द्रमा ६२८ र छात्र ६६६ गरी जम्मा १२९४ विद्यार्थी रहेका छन् । त्यसैगरी आधारभूत तह (कक्षा १-५) मा छात्रा २२०७ र छात्र २०७८ गरी जम्मा ४२८५ जना विद्यार्थीहरु अध्ययन गरिरहेका छन्। त्यस्तै आधारभूत तह कक्षा (६-८) मा छात्रा ९१२ र छात्र ८४५ गरी जम्मा १७५७ रहेका छन् । माध्यमिक तह (९'१०) मा छात्रा ५४३ छात्र ४५४ गरी जम्मा ९९७ जना विद्यार्थीहरु अध्ययन गरेको देखिन्छ । त्यस्तै गरी यस पालिकामा २ वटा विद्यालयमा कक्षा ११ र १२ को अध्ययन अध्यापन हुदै आएको छ । जसमा छात्रा १३३ र छात्र ११९ गरी जम्मा २५२ विद्यार्थी रहेका छन् ।

जहदा गाउँपालिकाको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा ६७ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी शिक्षकहरू ९०, राहत ५१ समेत १४१ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी शिक्षकहरू ८, राहत १० समेत १८ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी शिक्षकहरू ६, राहत १ समेत गरी ७ जना मात्र रहेका छन् । कक्षा ११ र १२ मा मात्र २ जना शिक्षकहरु रहेका छन् । ५ जना निम्नमाध्यमिक तहको र मा.वि. तहको समेतगरी जम्मा २२ जना गरी जम्मा २७ जना संघिय अनुदान कोटाका शिक्षकहरु रहेको देखिन्छ ।

जनगणाना २०७८ अनुसार यस गाउँपलिकाको साक्षरताको अवस्था ६२.६ प्रतिशत रहेको छ । त्यसमा पुरुषको ७६.१प्रतिशत रहेको छ भने महिलाको प्रतिशत ५८.२ रहेको छ । १० जोड २ वा सोसरह वा उच्च तह उत्तीर्ण गरेकाको अध्ययनको क्षेत्रअनुसारको जनसंख्याको अवस्था हेर्दा सबै भन्दा बढी अध्ययन शिक्षा संकाय पढ्ने रहेकाछन् । यसको विस्तृत विवरण तलको ग्राफमा देखाएको छ ।




त्यसैगरी जहदा गाउँपालिकाको भर्ना सम्बन्धि अवस्थालाई तलको तालिममा प्रस्तुत गरिन्छ ।

| | | |
|---|---|---|
| **इसिडिको कुल भर्नादर** | **छात्रा** | ८६.२ |
| | छात्र | ८२.२ |
| | जम्मा | ८४.२ |
| **इसिडिको खुद भर्नादर** | छात्रा | ५०.५ |
| | छात्र | ४८.७ |
| | जम्मा | ४९.६ |
| **कुल प्रवेशदर कक्षा १** | छात्रा | १०१.५ |
| | छात्र | १०१. |
| | जम्मा | १०१.२ |
| **खुद प्रवेशदर कक्षा १** | छात्रा | ९६.१ |
| | छात्र | ९६.५ |
| | जम्मा | ९६.३ |
| **कुल भर्नादर कक्षा १ बाट ५** | छात्रा | ११०.३ |
| | छात्र | ११५. |

| | | |
|---|---|---|
| | जम्मा | ११२.७ |
| खुद भर्नादर कक्षा १ बाट ५ | छात्रा | ९५.१ |
| | छात्र | ९५.३ |
| | जम्मा | ९५.२ |
| कुल भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ११८.६ |
| | छात्र | ९५.४ |
| | जम्मा | १०६.१ |
| खुद भर्नादर कक्षा ६ बाट ८ | छात्रा | ९२.८ |
| | छात्र | ९३.५ |
| | जम्मा | ९३.२ |
| कुल भर्नादर कक्षा १ बाट ८ | छात्रा | ११२.६ |
| | छात्र | १०९. |
| | जम्मा | ११०.८ |
| खुद भर्नादर कक्षा १ बाट ८ | छात्रा | ९४.५ |
| | छात्र | ९४.८ |
| | जम्मा | ९४.६ |
| कुल भर्नादर कक्षा ९ बाट १० | छात्रा | ८६.२ |
| | छात्र | ८८.४ |
| | जम्मा | ८७.३ |
| खुद भर्नादर कक्षा ९ बाट १० | छात्रा | ७४.७ |
| | छात्र | ७७.८ |
| | जम्मा | ७६.३ |
| कुल भर्नादर कक्षा ११ बाट १२ | छात्रा | ३२.८ |
| | छात्र | ४६.५ |
| | जम्मा | ३७.७ |
| खुद भर्नादर कक्षा ११ बाट १२ | छात्रा | १९.१ |
| | छात्र | २०.४ |
| | जम्मा | १९.६ |

| | | |
|---|---|---|
| **कुल भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ५८.५ |
| | छात्र | ७२.९ |
| | जम्मा | ६४.९ |
| **खुद भर्नादर कक्षा ९ बाट १२** | छात्रा | ४५.९ |
| | छात्र | ५६.५ |
| | जम्मा | ५०.६ |

**स्रोत: Flash Report २०८०:**

माथीको तालिकाको विश्लेषण गर्दा आधारभूत तहको कक्षा १-८ को कुल भर्ना दर ११०.८  र कक्षा ९-१२ हेर्दा ६४.९ देखिन्छ । यसरी हेर्दा सहि उमेरमा बालबालिकाहरु भर्ना नहुने देखिएको छ । समयमा नै विद्यालय भर्ना गराउनु पर्ने यस पालिकाको प्रमुख चुनौति देखिन्छ । त्यसैगरी आधारभूत तहमा खुद भर्ना दर ९४.६ र माद्यमिक तहमा खुद भर्ना दर ५०.६ रहेको छ । यसरी हेर्दा अझै पनि आधारभुत तहमा ५.४ र माध्यमिक तहमा ४९.४ प्रतिशत बालबालिकाहरु विद्यालय बाहिर रहेका छन् । त्यसमा पनि छात्राको पहुँच छात्र भन्दा कम रहेको छ ।

यस जहदा गाउँपालिकाको कक्षा उत्तिर्ण दर राम्रो भए पनि कक्षा छोड्ने तथा दोर्हाउने दर उच्च रहेको छ । त्यसमा पनि कक्षा १ बाट ५ सम्मको कक्षा छोड्ने दर उच्च रहेको छ। विद्यार्थीको कक्षा अनुसारको उमेर मिल्दो छैन। माथिल्लो उमेर समुहको विद्यार्थी  तल्लो कक्षामा अध्ययन गरिरहेको अवस्थाका कारण सहजै देखिने भर्नादर वढी छ । कक्षा छोड्ने दरमा छात्रा भन्दा छात्रको दर उच्च रहेको छ । तर कक्षा दोर्हाउने दरमा छात्राको भन्दा छात्रको उच्च रहेको छ । त्यसैले अवको योजनामा बालबालिकाहरुलाई कक्षा  छोड्ने र दोर्हाउने दरलाई पनि कम गर्नु पर्ने र प्रत्येक कक्षामा तोकिएको उमेर अनुसारको विद्यार्थी राख्ने क्रियाकलापहरुलाई प्राथमिकता दिनु पर्ने देखिन्छ । यस गाउँपालिकाको आन्तरिक सक्षमतालाई हेर्दा कक्षा ८ को टिकाउ दर ८६.५ र कक्षा १० को टिकाउ दर ५८.५ रहेको छ । यसरी हेर्दा बालबालिकाहरुको टिकाउदर ज्यादै कमजोर रहेको छ । लैगिङ्गरुपमा हेर्दा पनि छात्राको भन्दा छात्रको टिकाउदर कम रहेको छ ।  शैक्षिक सत्र २०८१ को कक्षा ८ को सिकाइ उपलब्धीको समग्र ग्रेडको अवस्था २.६ रहेको छ । त्यसमा पनि सामुदायिक विद्यालय भन्दा संस्थागत विद्यालयको सिकाइ उपलब्धी उच्च रहेको छ ।

## १.२ मुख्य समस्या तथा चुनौतीको विश्लेषण

यस शीर्षक अन्तर्गत प्रारम्भिक बालविकास र शिक्षा, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, पाठ्यक्रम र पाठ्यसामग्री, शिक्षक व्यवस्थापन र विकास, विद्यालय व्यवस्थापन, अनौपचारिक तथा समावेशी शिक्षा र शिक्षामा सूचना प्रविधि सम्बन्धी क्षेत्र/उपक्षेत्र समावेश गरी प्रत्येकको मुख्य समस्या एवं चुनौति र अवसरहरूका बारेमा उल्लेख गरिएको छ ।

### १.२.१.प्रारम्भिक बालविकास र शिक्षाः

विद्यालय जाने उमेरका बालबालिकाहरूको सर्वाङ्गिण विकास गरी आधारभूत शिक्षाका लागि तयार गराउने कार्यक्रम जुन कार्यक्रमले उनीहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा योगदान पुर्याउँछ । निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ र राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार ४ वर्ष उमेर पुगेका (४८-६० महिना) बालबालिकाहरूका लागि १ वर्ष अवधिको प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने छ । यस गाउँपालिकामा भएका बालविकास केन्द्रहरू अधिकांश विद्यालयमा आधारित छन्। सञ्चालित बालविकास केन्द्रहरूलाई विभिन्न सामाजिक संघ संस्था र समुदायले पनि सहयोग गर्दै आएका छन् ।

**क. समस्याः**

- बालविकास उमेर समूहका सबै बालवालिका भर्ना नहुनु र वढी उमेरका बालबालिका बालविकास केन्द्रमा हुनु ।
- बालविकास केन्द्रहरूमा तोकिएको न्युनतम मापदण्ड पूरा नहुनु ।
- पर्याप्त शैक्षिक तथा खेल सामग्री र बालमैत्री शिक्षण सिकाइ हुन नसक्नु ।
- सबै बालविकास शिक्षककहरु तालिम प्राप्त नहुनु ।

**ख. बालविकास केन्द्रको पुन संरचना/पुनरवितरण नहुनु ।**

**ग. चुनौतिः**

- सबै बालबालिकाहरूलाई बालविकास केन्द्रमा भर्ना गराउने।
- वढी उमेरका बालबालिकालाई कक्षा १ वा क्षमता अनुसारको अन्य कक्षामा राख्ने ।
- तोकिएको न्युनतम मापदण्ड अनुसारका भौतिक संरचनाहरू निर्माण गर्नु ।
- पर्याप्त शैक्षिक तथा खेल सामग्रीको व्यवस्था गरी बालमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गराउने ।
- सबै बालविकास शिक्षकलाई तालिमको अवसर दिनु ।
- बालबिकास केन्द्रको पुन संरचना/पर्नवितरण गर्नु ।
- दिवा स्याहार केन्द्रको अवधारण अनुरुप साझेदारीमा आधारित नमूना बा.वि.के संचालन गर्नु।

**घ. अवसर**

- बालविकास केन्द्रहरु पुग्दो मात्रमा स्थापना भएको ।
- सबै बालबिकास कक्षाको लागि बाल विकास शिक्षकको व्यवस्था भएको ।
- बालविकास शिक्षा कार्यक्रमलाई पालिका, वडास्तर र संस्थाको सहयोग प्राप्त भएको ।
- बालिवकास केन्द्र सञ्चालनको न्युनतम मापदण्ड तयार भएको ।
- ९८ प्रतिशत बालविकास शिक्षकहरुको कक्षा १२ उत्तीर्ण योग्यता भएको ।
- बालविकास केन्द्रहरूमा ५५% शैक्षिक तथा खेल सामग्री भएको।
- बालमैत्री शिक्षण सिकाइ सम्बन्धी तालिम प्राप्त बाल विकास शिक्षक रहेको ।
- बालविकास केन्द्रहरुको समायोजन/पुनर्वितरण गर्न सकिने अवस्था भएको ।

- रोजगारको कारणले दिवा समयमा बेफुर्सद अभिभावकका बालवालिकालाई लक्षित गरी बाल स्याहार केन्द्र सहितको बालविकास केन्द्र संचालनको गर्न सकिने अवस्था भएको ।

## १.२.२. आधारभूत शिक्षा

बालबालिकाको सर्वाङ्गिण विकास, गुणस्तरीय जीवन यापन र सामाजिक समायोजन सिप विकास जस्ता पक्षमा सहयोग पुर्याउने शिक्षा नै आधारभूत शिक्षा हो । जुन ८ वर्षको हुन्छ । अनिवार्य र निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ ले आधारभूत तहसम्मको शिक्षा प्रदान गर्ने दायित्व र तत्सम्बन्धी आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी सरकारको र बालबालिकालाई विद्यालय पठाउने प्रत्येक नागरिकको कर्तव्य हुने व्यहोरा उल्लेख छ ।

**क. समस्या**

- पर्याप्त मात्रामा भौतिक पूर्वाधारको व्यवस्था नहुँदा विद्यालयहरू बालमैत्री हुन नसक्नु ।
- तोकिएको उमेर समूहका सबै बालबालिकाहरू विद्यालयमा भर्ना नहुनु ।
- भर्ना भएको सबै बालबालिकाहरुले कक्षा तथा तह पूरा नगर्नु ।
- न्युन सिकाइ उपलब्धि हुनु र बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु ।
- आफूले पठनपाठन गरे/गराएको विषयको शैक्षिक उपलब्धीको जिम्मेवारी सम्बन्धित शिक्षक/प्र.अ.लाई जिम्मेवार बनाउन नसक्नु ।
- पाठ्यक्रमले तोके अनुरुपको मूल्याङकन प्रणाली पूर्ण रुपमा कार्यन्वयन नभएको ।
- पाठ्यक्रम कार्यन्वयमा सैद्धान्तिक पक्षलाई प्राथमिकता दिनु व्यहवहारिक पक्षमा महत्व दिन नसक्नु ।

**ख. चुनौतिः**

- भौतिक पूर्वाधारको व्यवस्था गरी सबै विद्यालयहरूलाई बालमैत्री विद्यालयको रुपमा विकास गर्न ।
- तोकिएको उमेर समूहका सबै बालबालिकाहरूलाई विद्यालयमा भर्ना गराउन ।
- सिकाइ उपलब्धि बृद्धि गर्न र भयरहित बालमैत्री वातावरणमा शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।
- प्रत्येक वडामा वहुसंख्यक विद्यार्थीको पहुँच र गुणस्तरको सुनिश्चितचा हुने गरी नमूना विद्यालयको विकास गर्ने ।
- कक्षा अनुसारको उमेरगत विद्यार्थी कायम गर्ने र सहजै देखिने भर्नादर घटाउने र खुद भर्ना दर बृद्धि गर्ने ।

**ग. अवसरः**

- विद्यालय भवन, आंशिकरुपमा भौतिक पूर्वाधार र तालिम प्राप्त शिक्षकहरू भएको ।
- आफ्ना बालबालिकाहरूलाई अनिवार्य रुपमा विद्यालयमा पठाउनु पर्छ भन्ने चेतना अभिभावकमा क्रमशः वृद्धि हुँदै गएको।
- पाठ्यक्रम कार्यन्वयन, पोटफोलियो व्यवस्थापन र मूल्याङ्कन कार्यका लाग वडागत रुपमा KEY Teacher क्षमता विकास र परिचालन गर्न सकिने अवस्था रहेको
- विद्यालयहरूमा आंशिकरुपमा बालमैत्री शिक्षण सम्बन्धी तालिम प्राप्त शिक्षकहरू रहेको

- आधारभूत तहमा योग्य शिक्षकको पर्याप्त व्यवस्था भएको ।
- अपाङतामैत्री बिद्यालय संरचाना विकास हुँदै गएको ।

### १.२.३. माध्यमिक शिक्षा

शिक्षाको संरचनामा कक्षा ९-१२ लाई माध्यमिक तहको रुपमा लिइएको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले माध्यमिक शिक्षामा सबैको निःशुल्क पहुँच सुनिश्चित गर्दै यसबाट सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिष्पर्धी एवं उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखिएको छ । यो तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सीप सहितको नागरिक विकास तथा उच्च शिक्षाका लागि तयारीको पनि हो । जहदा गाउँपालिका अन्ततर्गत ९ वटा सामुदायिक र १ वटा संस्थागत माध्यमिक विद्यालयहरूले माध्यमिक तहको शिक्षा प्रदान गरिरहेका छन् । ८ वटा सामुदायिक विद्यालयमा माध्यमिक तहको शिक्षक दरबन्दी नभएको र अधिकांस विद्यालयहरु तल्लो तहको शिक्षकहरुबाट संचालन हुदै आएको छ।

**क. समस्याः**

- भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, पुस्तकालय, प्रयोगशाला जस्ता भौतिक पूर्वाधार पर्याप्त नहुनु ।
- आधारभूत तह पूरा गरेका तोकिएको उमेर समूहका सबै विद्यार्थीहरू माध्यमिक तहमा भर्ना नहुनु र नियमितताको सुनिश्चितता नहुनु ।
- तहगत प्रधानाध्यापक र विषयगत शिक्षक दरबन्दीको व्यवस्था नभएकोले विद्यालय संचालन व्यवस्थापन र शिक्षण सिकाइ क्रियाकलाप प्रभाकारी हुन नसक्नु ।
- पुस्तकालय, प्रयोगशाला र शैक्षणिक सामग्रीहरूको अधिकतम प्रयोग गरी प्रविधि मैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन हुन नसक्नु ।
- प्राविधिक शिक्षाको पहुँचमा कमी र पढ्दै कमाउँदै कार्यक्रममा विद्यार्थीलाई सहभागी गराउन नसक्नु।

**ख. चुनौतिः**

- भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, पुस्तकालय, प्रयोगशाला जस्ता भौतिक पूर्वाधारको व्यवस्थापन गर्न ।
- आधारभूत तह पूरा गरेका तोकिएको उमेर समूहका सबै विद्यार्थीहरू माध्यमिक तहमा भर्ना गराउन ।
- तहगत प्रधानाध्यापक र विषयगत दरवन्दी तथा शिक्षकको व्यवस्था गरी प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको व्यवस्था गराउन ।
- प्रविधि मैत्री र प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापका लागि पुस्तकालय प्रयोगशाला शैक्षिक सामग्री स्थापना र  अधिकतम प्रयोग गर्न ।
- पढ्दै कमाउदै कार्यक्रममा वहुँसंख्यक विद्यार्थीको सहभागिता सुनिश्चित गर्न ।

**ग. अवसरः**

- विद्यालयहरूमा न्युनतम रुपमा भएपनि भवन, कक्षाकोठा, फर्निचर, खानेपानी, पुस्तकालय र प्रयोगशाला भएको ।
- अभिभावकहरूमा चेतनास्तरमा वृद्धि भैरहेको र आधारभूत तह पूरा गरेका अधिकांश विद्यार्थी माध्यमिक तहमा भर्ना भएका।

- तल्लो तहका तहगत र विषयगत योग्यता भएका शिक्षकहरूबाट माध्यमिक तहका कक्षाहरू सञ्चालन भएको ।
- ६०% विद्यालयहरूमा पुस्तकालय, प्रयोगशाला, शैक्षिक सामग्रीको व्यवस्था भई प्रविधिमैत्री र प्रभावकारी शिक्षण सिकाइ क्रियाकलापको शुरुवात भएको ।
- स्थानीय व्यवसाय, उत्पादन र बजारसँग स्थानीय अभिभावक पूर्ण रुपमा जानकार भएको ।

**१.२.४.पाठ्यक्रम र पाठ्य सामग्री**

जुनसुकै तह र कक्षा सञ्चालनका लागि सबैभन्दा पहिले पाठ्यक्रम निर्धारण गरिएको हुन्छ । सोही पाठ्यक्रमका आधारमा पाठ्यसामग्री, पाठ्यपुस्तक, शिक्षक निर्देशिका आदि तयार गरिएको हुन्छ । यसैको आधारमा कक्षा सञ्चालन हुने गर्दछन् ।

**क. समस्याः**

- समयमैं पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विद्यालयहरूमा उपलब्ध हुन नसक्नु ।
- तोकिएको मार्गदर्शनका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गराई कार्यान्वयनमा ल्याउन नसक्नु ।
- शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागी गराई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन हुन नसक्नु ।

**ख. चुनौतिः**

- समयमै पाठ्यक्रम, पाठ्यपुस्तक र पाठ्यसामग्री विद्यालयहरूमा उपलब्ध गराउन ।
- तोकिएको मार्गदर्शनका आधारमा स्थानीय पाठ्यक्रम निर्माण गराई कार्यान्वयन गर्न ।
- शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सहभागी गराई पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गराउन ।

**ग. अवसरः**

- आर्थिक वर्षको शुरुमा स्थानीय तहमा वजेट व्यवस्था हुने गरेको र पाठ्यक्रम, पाठ्यपुस्तक, पाठ्यसामग्री र शिक्षक निर्देशिका छपाइ गरी पुस्तक पसलमा उपलब्ध हुने व्यवस्था गरी वेवसाइटमा समेत राखिएको ।
- तोकिएको मार्गदर्शनका आधारमा स्थानीय पाठ्यक्रमको विषयवस्तुको छनौट निर्माण र कार्यान्वयन गर्ने एकल अधिकार स्थानीय तहमा रहेको र प्रदेश तहमा नमूना स्थानीय पाठ्यक्रम तयार भई सकेको ।
- समयसमयमा शिक्षकहरूलाई नयाँ पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अभिमुखिकरण कार्यक्रममा सञ्चालन गरी कार्यान्वयन गर्ने क्रमको शुरुवात भएको ।

### १.२.५.शिक्षक व्यवस्थापन र विकास

योग्य, पेशागतरुपमा दक्ष र उत्प्रेरित, समर्पित, प्रतिबद्ध र विद्यार्थीको सिकाइ प्रति जवाफदेही शिक्षकबाट मात्र गुणस्तरीय शिक्षाको अपेक्षा पुरा हुन सक्दछ । जसका लागि शिक्षा नीति नियम व्यवस्थापन र कार्य वातावरण पनि जिम्मेवार हुन्छन् । यस सन्दर्भमा शिक्षक तयारी, पेशाप्रति आकर्षण र नियुक्ति व्यवस्थापन, विद्यार्थी केन्द्रित, प्रविधि मैत्री, परियोजना, समूह कार्य र सामुदायिक क्रियाकलापमा आधारित शिक्षण सिकाइ क्रियाकलाप, पेशागत सहयोग पद्धति, क्षमता विकास कार्यक्रम, शिक्षक उत्तरदायित्व वहनको संयन्त्र तथा आपूर्ति र वितरण जस्ता पक्षलाई विशेष ध्यान दिन आवश्यक छ ।

**क. समस्याः**

- तहगत र विषयगत शिक्षक दरवन्दी कम भएको ।
- शिक्षकहरूलाई पेशागत सहयोग र सेवाप्रवेशका साथै पुनर्ताजगी तालिमको पर्याप्त व्यवस्था नभएको ।
- शिक्षकहरूको मनोबल र क्षमता बढाउन समय समयमा अवलोकन भ्रमण अनुभव आदानप्रदान शैक्षिक मेला, प्रदर्शनी आदि जस्ता कार्यक्रमहरू सञ्चालन हुन नसक्नु ।
- शैक्षिक जनशक्तिलाई शिक्षण पेशामा आकर्शित र प्रतिस्पर्धि बनाउन शिक्षक सेवा आयोगको तयारी कक्षा पर्याप्त नहुनु ।
- पाठ्यक्रम कार्यान्वयका लागि बिषयगत शिक्षक समूह निर्माण तथा परिचालन नहुनु ।
- सामावेशी शिक्षाको क्षेत्रमा बिज्ञ जनजनशक्ति अभाव ।
- शिक्षकलाई शिक्षण सिकाईमा व्यवसायिक सक्षमताको कमी ।
- कार्यसम्पादनका आधारमा प्रधानाध्यापकको नियुक्ति अनुमानित योग्य सरुवा प्रणालीको कमी ।

**ख. चुनौतिः**

- तहगत र विषयगत शिक्षक दरवन्दी व्यवस्थापन गर्न ।
- पर्याप्त मात्रामा शिक्षकहरूलाई पेशागत सहयोग, सेवाप्रवेश तालिम र पुनर्ताजगी तालिमको व्यवस्था गर्न ।
- शिक्षकहरूको मनोबल बढाउन समय समयमा अवलोकन भ्रमण, अनुभव आदानप्रदान, शैक्षिक मेला, प्रदर्शनी जस्ता कार्यक्रमहरू सञ्चालन गर्न ।
- सबै शैक्षिक जनशक्तिलाई सहभागी हुने गरी शिक्षण पेसामा आकर्षित र प्रतिष्पर्धी बनाउन शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गराउन ।

- मौजात शिक्षकहरुबाट बिषयगत समिति निर्माण र पाठ्यक्रम कार्यान्वयमा परिचालन गर्न ।
- मौजुदा शिक्षक दरबन्दीबाट बिज्ञताको विकास गराउनु
- शिक्षकहरुलाई व्यवसायिक सक्षमता विकासका लागि विभिन्न किसिमका तालिम सञ्चालन गर्न ।
- कार्यसम्पादनका आधारमा प्रधानाध्यापकको नियुक्ती अनुमानित योग्य सरुवा प्रणालीको सुधार गर्ने ।

**ग. अवसरः**

- माध्यमिक तहमा शिक्षक दरवन्दी नभए पनि आधारभूत तहमा माथिल्लो योग्यता भएका तहगत र विषयगत शिक्षकहरू कार्यरत रहेको ।
- शिक्षकहरूलाई पेशागत सहयोग गर्ने क्रममा सेवा प्रवेश र क्षमता विकास तालिकाको व्यवस्था भएको
- थोरै मात्रामा भए पनि अवलोकन भ्रमण र अनुभव आदानप्रदान कार्यक्रमको आयोजना गरी शिक्षकहरूको मनोबल बढाउने प्रयास भएको ।
- गाउँपालिका भित्रका शैक्षिक जनशक्तिलाई शिक्षण पेशामा आकर्षित र प्रतिस्पर्धी बनाउन प्रत्येक बर्ष शिक्षक सेवा आयोगको तयारी कक्षा सञ्चालन गर्ने गरिएको ।
- बिषयगत योग्य शिक्षकहरुको उपलब्धता भएको ।
- मौजुदा शिक्षक/जनशक्तिबाट थप अध्ययन तालिम र अनुसन्धानको अवसर गराउन सकिने ।

### १.२.६.विद्यालय व्यवस्थापन

मौजुदा शिक्षा ऐन तथा नियमावलीका आधारमा विद्यालयहरूको सञ्चालन, ब्यवस्थापन, रेखदेख, गुणस्तर अभिवृद्धि गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने प्रावधान रहेकोछ । सोही बमोजिम जहदा गाउँपालिका अन्तर्गतका सबै विद्यालयहरूमा विद्यालय व्यवस्थापन समिति गठन भएका छन् । सोही समितिले विद्यालय सञ्चालन र व्यवस्थापन गरिरहेको छ ।

**क. समस्याः**

- सबै विद्यालयहरूमा यथा समयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन हुन नसक्नु ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकार सम्बन्धी पर्याप्त जानकारी नहुनु ।

- भौतिक व्यवस्थापन, सामाजिक परीक्षण, विद्यालयको लेखा परीक्षण, विद्यालय निरीक्षण अनुगमन जस्ता कार्य गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ जिम्मेवार र उत्तरदायी हुन नसक्नु ।
- विव्यसले प्र अ शिक्षक र विद्यार्थीबाट भएको परिवर्तनलाई मापन गर्न नसक्नु ।

**ख. चुनौतिः**

- सबै विद्यालयहरूमा तोकिएको अवधिमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्न ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरूलाई आफ्नो काम, कर्तव्य र अधिकार सम्बन्धी जानकारी गराई क्रियाशिल गराउन ।
- प्र.अ.को कार्यसंम्पादनले विद्यालमा आएको परिवर्तन र शिक्षकको शिक्षण सिकाईले विद्यार्थीमा आएको सुधारप्रति विव्यसलाई जिम्मेवार र उत्तरदायी बनाउन ।
- भौतिक व्यवस्थापन, सामाजिक परीक्षण, विद्यालयको लेखा परीक्षण, विद्यालय निरीक्षण अनुगमन जस्ता कार्य गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवार र उत्तरदायी बनाउन ।

**ग. अवसरः**

- केही विद्यालयहरूमा यथा समयमा र अन्यमा ढिलै भए पनि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन भएको ।
- थोरै विद्यालयका विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघका पदाधिकारीहरू आफ्नो काम, कर्तव्य र अधिकार सम्बन्धी जानकार भै क्रियाशिल रहेको ।
- सामान्य रुपमा भौतिक व्यवस्थापन, सामाजिक परीक्षण, विद्यालयको लेखा परीक्षण, विद्यालय निरीक्षण अनुगमन जस्ता कार्य गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ जिम्मेवार र उत्तरदायी रहेका ।
- विव्यस/शिअसंलाई विद्यालयमा आएको परिवर्तनलाई मापनको लागि क्रियासिल रहेको ।

### १.२.७. अनौपचारिक शिक्षा तथा समावेशी शिक्षाः

औपचारिक शिक्षाबाट मात्र शिक्षाका सबै उद्देश्यहरू प्राप्त हुन कठिनाई परिरहेको अवस्थामा अनौपचारिक शिक्षाको माध्यमबाट पनि पूर्णता दिने प्रयास गरिएको छ । यस अन्तर्गत अनौपचारिक शिक्षा, जीवन पर्यन्त शिक्षा, परम्परागत र खुला शिक्षा, समावेशी शिक्षाका साथै डिजिटल साक्षरता,

कार्यमूलक सीप विकास, आयआर्जन सम्बन्धी कार्यक्रम र जीवनोपयोगी सीपमा आधारित शिक्षा जस्ता कार्यक्रमहरूलाई प्राथमिकता दिई सञ्चालन गरिनेछ। ।

**क. समस्याः**

- गाउँपालिका भित्र रहेका निरक्षर, विभिन्न प्रकारका अपाङ्गता भएका, विपन्न तथा पिछडिएका जनसङ्ख्याको पहिचान गरी अभिलेख व्यवस्थापन गर्न नसक्नु ।
- आवश्यकताका आधारमा डिजिटल साक्षरता, कार्यमूलक सीप विकास, आयआर्जन सम्बन्धी कार्यक्रम तथा जीवनोपयोगी सीपमा आधारित शिक्षा जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन हुन नसक्नु ।
- सामुदायिक सिकाइ केन्द्र र खुला विद्यालय कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन तथा व्यवस्थापन गर्न नसक्नु ।

**ख. चुनौतिः**

- गाउँपालिका भित्र रहेका निरक्षर, विभिन्न प्रकारका अपाङ्गता भएका, विपन्न तथा पिछडिएका जनसङ्ख्याको पहिचान गरी अभिलेख व्यवस्थापन गर्न ।
- आवश्यकताका आधारमा डिजिटल साक्षरता, कार्यमूलक सीप विकास, आयआर्जन सम्बन्धी कार्यक्रम तथा जीवनोपयोगी सीपमा आधारित शिक्षा जस्ता कार्यक्रमहरू प्रभावकारी रुपमा सञ्चालन गर्न ।
- सामुदायिक सिकाइ केन्द्र र खुला विद्यालयको व्यवस्थापनमा सुधार गर्न ।

**ग. अवसरः**

- गाउँपालिका भित्र रहेका निरक्षरहरु, विभिन्न प्रकारका अपाङ्गता भएका व्यक्तिहरु, विपन्न तथा पिछडिएका जनसङ्ख्याको आंशिकरुपमा पहिचान गरी अभिलेख व्यवस्थापन गर्ने प्रयास भएको ।
- डिजिटल साक्षरता, कार्यमूलक सीप विकास, आयआर्जन सम्बन्धी कार्यक्रम तथा सीपमा आधारित शिक्षा जस्ता कार्यक्रमहरू न्युन संख्यामा सञ्चालन भएका ।

### १.२.८. शिक्षामा सूचना प्रविधिः

परम्परागत शिक्षण तरिका र माध्यमबाट मात्र अहिलेको बदलिंदो परिस्थितिमा सबै शैक्षिक उद्देश्यहरू प्राप्त हुन नसक्ने भएकोले समय सापेक्ष शिक्षामा सूचना प्रविधिको विकास गरिएको छ । जस

अन्तर्गत शिक्षण सिकाइ क्रियाकलापमा गुगल,यु ट्युव, इ-लाइव्रेरी तथा अन्य शैक्षिक पोर्टलका माध्यमबाट खोज गरी शिक्षण गर्न शिक्षक र बालबालिकालाई अभिप्रेरित गरिनेछ ।

**क. समस्याः**

- विभिन्न प्राकृतिक प्रकोपबाट विद्यालय सञ्चालन हुन नसकेको अवस्थामा अनलाइन तथा अफलाइनको माध्यमबाट कक्षा सञ्चालन हुन नसक्नु ।
- गुगल, यु ट्युव, इ-लाइब्रेरी तथा अन्य शैक्षिक पोर्टलका माध्यमबाट खोज गरी शिक्षण गर्न र बालबालिकालाई खोज कार्यमा अभिप्रेरित गर्न नसक्नु ।
- एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थापन गरी शिक्षाका विभिन्न सेवा तथा सूचनालाई सञ्चार प्रविधिको प्रयोग गरी अध्यावधिक गर्न नसक्नु ।
- वहुसँख्यक शिक्षकहरु प्रविधिको माध्यमबाट शिक्षण सिकाई गर्नसक्ने अवस्थामा नहुनु ।

**ख. चुनौतिः**

- विभिन्न प्राकृतिक प्रकोपबाट विद्यालय सञ्चालन हुन नसकेको अवस्थामा अनलाइन तथा अफलाइनको माध्यमबाट कक्षा सञ्चालन गराउन।
- गुगल, यु ट्युव, इ-लाइब्रेरी तथा अन्य शैक्षिक पोर्टलका माध्यमबाट खोज गरी शिक्षण गर्न र बालबालिकालाई खोज कार्यमा अभिप्रेरित गर्न ।
- एकिकृत शैक्षिक सुचना व्यवस्थापन प्रणालीलाई थप व्यवस्थापन गरी शिक्षाका विभिन्न सेवा तथा सूचनालाई सञ्चार प्रविधिको प्रयोग गरी अध्यावधिक गर्न ।
- सबै शिक्षकलाई प्रविधिमैत्री शिक्षणको विषयमा प्रशिक्षण गर्न ।

**ग. अवसरः**

- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएका प्रविधिमैत्री शिक्षकहरू विद्यालयमा रहेकोले प्राकृतिक प्रकोपबाट विद्यालय सञ्चालन हुन नसकेमा अनलाइन तथा अफलाइनको माध्यमबाट पनि कक्षा सञ्चालन गर्न सकिने अवस्था रहेको ।
- हाल विद्यालयहरूमा प्रविधि मैत्री शिक्षकहरूको सङ्ख्या बृद्धि हुँदै गएकोले विद्यार्थीहरूलाई खोज कार्यमा अभिप्रेरित गरी गुगल युट्युव, इ-लाइव्रेरीको प्रयोग गराउन सक्ने अवस्था भएको।

- एकिकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम प्रत्येक विद्यालयका एक एक जना शिक्षक वा कर्मचारीलाई दिइएकोले शिक्षाका विभिन्न सेवा तथा सूचनालाई सञ्चार प्रविधिको प्रयोग गरी अध्यावधिक गर्न सकिने अवस्था रहेको ।

समग्र शैक्षिक अवस्थाको क्षेत्रगत विश्लेषण गर्दा सबैलाई समतामुलक गुणस्तरीय शिक्षाको प्रबन्ध गर्नु नै मुख्य समस्याका रुपमा रहेको छ ।

## १.३ शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण

यस गाउँपालिकाको शिक्षाको मुख्य चुनौतीहरुलाई को SWOT विश्लेषणलाई तल प्रस्तुत गरिन्छ ।

| **सवल पक्ष** | **अवसर** |
| --- | --- |
| -बालबालिकाहरुको पहुँचमा सुधार हुदै जानु ।<br>-विद्यालयको भौतिक सुविधा विस्तारको उपयुक्त व्यवस्था हुदै जानु ।<br>-विद्यालय शिक्षा प्रति अभिभावकहरुको चासो बढ्दै जानु।<br>-बालबालिकाहरुको सिकाइ उपलब्धीमा वृद्दि हुदै जानु ।<br>-सामुदायिक विद्यालय प्रति चासो र जनअपेक्षा वढ्दै जानु । | - स्थानीय तहले विद्यालय शिक्षा सुधारको लागि प्राथमिकता दिनु र लगानी वढाउनु<br>- स्थानीय तहबाट विद्यालयको अनुगमन निरीक्षण लगायत विद्यालय सुशासनको क्षेत्रमा विभिन्न कार्यहरु गर्नु ।<br>-विद्यालय शिक्षाको क्षेत्रमा काम गर्ने स्थानीय संघ संस्थाहरु आकर्षित हुनु। |
| **कमजोर पक्ष** | **चुनौती** |
| • शिक्षक विद्यार्थीको नियमितता सुनिश्चत गर्न नसक्नु ।<br>• विद्यालय व्यवस्थापन तथा सुशासन कायम गर्न नसक्नु ।<br>• विद्यार्थीको सिकाइ उपलब्धीमा उल्लेखनीय सुधार ल्याउन नसक्नु।<br>• खुद भर्नादरमा सुधार हुन नसक्नु । | • सबै बालबलिकाहरुलाई शिक्षाको अवसर प्रदान गर्नु ।<br>• सबै बालबालिकालाई गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्नु ।<br>• विषयगत र कक्षागत शिक्षक दरबन्दी उपलब्ध गराउनु ।<br>• उमेर अनुसारको कक्षागत विद्यार्थी व्यवस्थापन गराउनु |

## १.४ अवसरहरु

संविधानमै शिक्षालाई मौलिक हकको रूपमा स्थापित गर्दै आधारभूत तथा माध्यमिक शिक्षाको अधिकार र जिम्मेवारी स्थानीय तहलाई दिने व्यवस्थाले शिक्षामा सहभागिता र पहुँचमा वृद्धि गरी गुणस्तर सुधार गर्न सकिने अवसर सिर्जना हुनु, साक्षरता दरमा भएको वृद्धि, विद्यालय तहको खुद भर्नादर र लैङ्गिक समता सूचाङ्कमा प्रगति देखिनु, समावेशी सहभागिता बढ्दै जानु, सामुदायिक विद्यालयप्रतिको चासो र जनअपेक्षा बढ्दै जानु, प्राविधिक तथा व्यावसायिक शिक्षाको प्रारम्भ हुनु जस्ता विषयहरू शिक्षा क्षेत्रका अवसरहरू हुन । यसका साथै अन्य थप अवसरहरुलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ ।

- आधारभूत तहमा अनिवार्य तथा निःशुल्क शिक्षा र माध्यमिक तहमा निःशुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत प्रवन्ध भएको,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले विद्यालय शिक्षा सम्बन्धी २३ ओटा अधिकार प्रदान गरेको,
- संघ र प्रदेशका शिक्षा नीति कार्यक्रमहरुसँग तालमेल हुने गरी जहदा गाउँपालिका शिक्षा ऐन २०७७, शिक्षका दरबन्दी मिलान कार्यविधि, बालविकास शिक्षक मिलान कार्यविधि लगायत विभिन्न कानुनी र नीतिगत प्रबन्ध तयार भएको,
- विभिन्न गैर सरकारी संघ संस्थाहरूको क्रियाशीलता रहेको तथा स्थानीय शिक्षा क्षेत्रमा लगानी अभिवृद्धि गर्न तथा कार्य साझेदारी गर्ने वातावरण तयार भएको,
- गुणस्तरीय शिक्षाप्रति आम अभिभावक एवम् सरोकारवालाहरूको चासो चिन्ता एवम् मोहमा बढोत्तरी भएको,
- स्थानीय तहबाट विद्यालय शिक्षा सुधार कार्यक्रमलाई प्राथमिकता दिने कार्य भएको ।
- विद्यालय तहमा खुद भर्नादरमा सुधार भएको, विद्यालय बाहिर रहेका विद्यालय उमेर समूहका बालबालिकालाई अनिवार्य विद्यालयमा भित्र्याउने कार्य भैरहेको,
- लैङ्गिक समता सूचकाङ्क सकरात्मक रहेको
- शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता बृद्धि भइ रहेको
- शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता एवम् तीनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य भएको

### १.४.१ योजना निर्माण प्रकृया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुर्याउन गरिने कार्यहरुको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन र यो एउटा जटिल र

चुनौतिपूर्ण  र  भविश्य उन्मुख कार्य पनि हो । यस कार्यलाई ब्यवस्थित रुपमा अगाडि बढाउनको लागि तपसिलका चरण र प्रकृयाहरूलाई  अनुसरण गरिएको छ ।

- गाउँ शिक्षा समितिको मिति २०८१। १२।१५ गते बैठकले गाउँ शिक्षा योजना निर्माण गर्ने निर्णय भएको र उक्त बैठकले ५ सदस्य शिक्षा योजना निर्माण समिति गठन भएको ।
- उक्त समितिले शिक्षा योजना निर्माणको लागि आवश्यक दस्तावेज तथा तथ्यांकहरुको संकलन तथा विश्लेषण गर्ने कार्य भएको ।
- मिति २०८२।०१।२१ गते लेखन पूर्व सरोकारवालाहरुसँगको छलफल तथा मुख्य समस्या तथा चुनौतीहरुका बारेमा विस्तृत छलफल सम्मपन्न भएको ।
- योजना लेखन कार्यदलबाट शिक्षा योजनाको प्रारम्भिक मस्यौदा तयार भएको र प्राविधिक विज्ञ समुहबाट व लेखनदललाई विभिन्न प्राविधिक सल्लाह र सुझाव दिने कार्य भएको ।
- सबै योजनाको मस्यौदालाई सार्वजनिक गरी सरोकारवालाहरुसँग २०८२।०१।२२ बाट २०८२।०२।३० गते सम्म सुझाव माग गरिएको र लेखन कार्यदलबाटव समूहगत छलफल तथा सुझाब संकलन समेतका कार्यहरु भएको ।  ।
- पहिलो मस्यौदा माथि मिति २०८२।०२। ३१ गते पालिका स्तरीयमा जनप्रतिनिधि, विव्यस प्रअ/शिक्षक र अन्य शैक्षिक सरोकारवालाहरुसँग छलफल तथा सुझाब संकलन कार्यशाला सञचालन गरिएको ।
- विज्ञबाट मिति २०८२/१२/२१ मा शिक्षा योजनाको प्राविधिक लेखाजेखा गरी सुझाब संकलन गरिएको ।
- तयार भएको अन्तिम मस्यौदालाई कार्यपालिकाको मिति २०८३/०२/२१ बैठकमा स्वीकृत गरिएको ।
- मिति २०८३।०३।३० गते शिक्षा योजनालाई प्रमाणित गरिएको ।

# परिच्छेद २: दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार

राज्यको बदलिंदो शासकीय स्वरूपसँगै स्थानीय, राष्ट्रिय र विश्वव्यापी परिवेश, सामाजिक माग, आवश्यकता तथा सन्दर्भलाई सम्बोधन गर्न राष्ट्रले तय गरेका नीतिगत उद्देश्य, आधार, मापदण्ड र स्तर निर्धारणले योजना निर्माणमा मार्गदर्शन प्रदान गर्दछ। यस्तै, प्रदेशस्तरमा परिभाषित क्षेत्रगत उद्देश्य, रणनीति र मापदण्डहरू भित्र रही स्थानीय स्तरमा तयार पारिने योजनाले आफ्नो विशेषता प्रस्तुत गर्दछ। तीनै तहका योजनाहरूबीचको अन्तरसम्बन्धले योजना अपेक्षित उपलब्धिमूलक, व्यवहारिक तथा कार्यान्वयन योग्य बन्ने सुनिश्चितता प्रदान गर्दछ।

संविधानमा व्यवस्था गरिएका समन्वय, सहअस्तित्व, सहकार्य र सामञ्जस्यताका सिद्धान्तहरूले योजना निर्माण र कार्यान्वयन प्रक्रियामा मार्गदर्शनको भूमिका निर्वाह गर्दछ। समन्वयात्मक प्रयासले स्रोत साधनको उपलब्धता तथा प्रभावकारी प्रयोगलाई सम्भव बनाउँछन्।

नेपालको संविधानद्वारा प्रत्याभूत शिक्षा प्राप्त गर्ने मौलिक हकलाई व्यवहारमा उतार्न, सरल, सहज र समतामूलक पहुँच सुनिश्चित गर्न समयानुकूल स्थानीय शिक्षा योजना निर्माण गर्नु अपरिहार्य भएको छ। प्रस्तुत योजना निर्माणको सन्दर्भमा नेपालको संविधान, सोह्रो योजना, नेपालले अन्तर्राष्ट्रिय क्षेत्रमा गरेको प्रतिबद्धता, हाल संचालनमा रहेको विद्यालय शिक्षा क्षेत्र योजना, प्रचलित शिक्षा नीति तथा ऐनहरू, र स्थानीय सरकार सञ्चालन ऐन तथा नियमहरुलाई मुख्य आधारको रुपमा लिइएको छ।

### २.१.१ संबैधानिक प्रावधान

**१. नेपालको संविधानः**

नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्वन्धी हक अन्तर्गत प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइसम्बन्धी अपाङ्गता भएका नागरिकलाई साङ्केतिकभाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक हुने र नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुनबमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने व्यवस्था गरिएको छ।

त्यसैगरी धारा ५१ राज्यका नीति अन्तर्गत नागरिकका आधारभूत आवश्यकतासम्बन्धी नीति अन्तर्गत शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा

भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने र नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने नीति रहेको छ।

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५, धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २, ३, ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २, धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्षित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ ।

## २. अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७

दफा ६ मा स्थानीय तह मार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएको प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ। त्यसैगरी चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ। दफा १४अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने र दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने, दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने, दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था, दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा, दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने, पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने जस्ता प्रावधान उल्लेख गरेको छ।

त्यसैगरी स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार क) सामुदायिक सिकाई केन्द्र, ख) आधारभूत प्रौढ शिक्षा, ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम बाट साक्षरत कार्यक्रमहरु सञ्चालन गर्ने व्यवस्था गरेको छ। आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुबिधा सहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुने प्रावधान राखेको छ। छात्रवृत्ति तथा विशेष व्यवस्था : (ब्रेल पाठ्यपुस्तक, सांकेतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, स्रोतकक्षा, अशक्तका लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि।

जनआन्दोलन, सशस्त्र संघर्ष, क्रान्तिका क्रममा जीवन उत्सर्ग गर्ने शहीद, बेपत्ता पारिएका व्यक्ति, द्वन्द्व पीडित, घाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## ३. स्थानीय सरकार सञ्चालनसम्बन्धी ऐन, २०७४

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) ज मा आधारभुत तथा माध्यमिक शिक्षा अन्तर्गतका २३ वटा अधिकार स्थानीय तहलाई प्रदान गरेको छ।

१. प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन
२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन
३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,
४. मातृभाषामा शिक्षा दिने अनुमति, अनुगमन तथा नियमन
५. गाभिएका वा बन्द गरिएका विद्यालयको सम्पत्ति व्यवस्थापन
६. गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन
७. विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन
८. विद्यालयको नामकरण
९. सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन
१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण
११. सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान
१२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन
१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन
१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन
१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन
१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन
१७. ट्युसन, कोचिङजस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन
१८. स्थानीयस्तरको शैक्षिक ज्ञान, सिप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण
१९. स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन
२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन
२१. सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन
२२. शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास
२३. अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन

**त्यसै गरी दफा २४ योजना बनाई कार्यान्वयन गर्ने सम्वन्धी प्रावधान राखेको छ।** जस अन्तर्गतः

क) गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई लागु गर्नुपर्ने छ ।

ख) योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूल हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ ।

ग) योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः

- आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने
- उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
- जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने
- स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
- स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने
- महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
- लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
- दिगो विकास, वातावरणीय संरक्षण तथा संवर्धन गर्न सघाउ पऱ्याउने
- भाषिक तथा सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

घ) योजना तर्जुमा र कार्यान्वयन गर्दा अधिकतम जनसहभागिता गर्नुपर्ने छ ।

ङ) अनुगमन तथा मूल्याङ्कन योजना तयार गर्नुपर्छ ।

**४. सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७ (योजना निर्माणसम्बन्धी):**

क) आयोजना तर्जुमा र कार्यान्वयनः (दफा १३ मा भएको योजना तर्जुमासम्बन्धी व्यवस्था)

- स्थानीय तहभित्र पर्ने र स्थानीय तहबाट कार्यान्वयन हुने स्थानीयस्तरीय आयोजनाको तर्जुमा स्थानीय तहले गर्ने छ ।
- प्रदेश र स्थानीय तहले आयोजना तर्जुमा, बजेट व्यवस्था तथा कार्यान्वयन गर्दा सङ्घीय कानुनले निर्धारण गरेको मापदण्डको आधारमा गर्नुपर्ने छ ।
- सङ्घले आयोजना तर्जुमा गर्दा प्रदेश वा स्थानीय तह मार्फत कार्यान्वयन हुने गरी गर्ने सक्ने छ र त्यस्तो आयोजना सम्बन्धित प्रदेश वा स्थानीय तहले कार्यान्वयन गर्नुपर्ने छ ।

**५. सोह्रौं योजना (स्वस्थ, शिक्षित र सीपयुक्त मानव पुँजी निर्माण)**

| शिक्षा र सीप विकास (रुपान्तरणकारी रणनीतिहरु) | प्रमुख कार्यक्रमहरुः |
|---|---|
| • नीतिगत र संस्थागत सुधारलाई निरन्तरता प्रदान गर्ने।<br>• भौतिक तथा अन्य शैक्षिक पूर्वाधारको व्यवस्था गर्ने।<br>• सवै तहको शिक्षाको पाठ्यक्रम र शैक्षिक कार्यक्रम समसामयिक र व्यवहारिक बनाउने।<br>• शैक्षिक प्रणालीको सुदृढीकरण गरी कार्यान्वयन गर्ने।<br>• राष्ट्रिय जनशक्ति विकास योजना तर्जुमा गर्ने।<br>• शिक्षा र सीपलाई उत्पादन र बजारसँग | • बजारको माग अनुसार सीपयुक्त जनशक्ती उत्पादन गर्नेगरी शिक्षाको गुणस्तर अभिभवृद्धि कार्यक्रम<br>• मानवस्रोतको आवश्यकता प्रक्षेपण र दक्ष जनशक्ति उत्पादन कार्यक्रम<br>• प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रम<br>• विद्यालय शिक्षा सुधार कार्यक्रम<br>• कक्षा १० पछिको दुई महिने जीवन उपयोगी शिक्षा सञ्चालन कार्यक्रम<br>• उच्च शिक्षा सुधार कार्यक्रम<br>• प्राविधिक तथा व्यावसायिक शिक्षा कार्यक्रम |

| | |
|---|---|
| जोड्ने।<br>• गुणस्तरीय र समावेशी शिक्षाका लागि लगानी विस्तार गर्ने।<br>• शैक्षिक सुशासन सुनिश्चित गर्ने। | • शैक्षिक संस्थाहरुको भौतिक पूर्वाधार सुधार कार्यक्रम<br>• सामाजिक पूर्वाधार<br>• राष्ट्रिय सीप विकास कार्यक्रम<br>• विदेशी विद्यार्थीलाई आकर्षण गर्न कार्यक्रम<br>• विश्वविद्यालय पुनर्संरचना कार्यक्रम<br>• अपाङगता भएका विद्यार्थी सहयोग कार्यक्रम<br>• विश्वविद्यालय अनुदान आयोगको संरचनात्मक रुपान्तरण |

**६. विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan)**

**दूरदृष्टिः**

सक्षम, सिर्जनशील, संस्कारयुक्त नागरिक तयार गरी देशको आर्थिक-सामाजिक रूपान्तरणमार्फत ‚समृद्ध नेपाल, सुखी नेपाली‛ को राष्ट्रिय आकांक्षा पुरा गर्नु।

**ध्येयः**

क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरसँग तुलनायोग्य गुणस्तर सहितको सान्दर्भिक शिक्षा प्राप्त गर्ने नागरिकको हक सुनिश्चित गर्न सक्षम, सुशासित, उत्तरदायी र प्रतिस्पर्धी सार्वजनिक विद्यालय शिक्षा प्रणालीको विकास गर्नु।

**उद्देश्य तथा रणनीतिहरु**

| उद्देश्य | रणनीतिहरु |
|---|---|
| १. विद्यालय शिक्षामा सबै बालबालिका विशेषतः आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु | १. निर्धारित मापदण्डका आधारमा विद्यालय नक्साङ्कन तथा अवस्थिति योजना तयार गरी प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र र विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरणका साथै दुर्गम तथा साना बस्तीहरू, मौसमी बसाइँ सराइलगायत अन्य कठिन परिस्थितिका बालबालिकाका लागि आवश्यकतानुसार वैकल्पिक सिकाइको प्रबन्ध गर्ने ।<br>२. सबैका लागि निःशुल्क विद्यालय शिक्षाका साथै विपन्न, सुविधाविहीन, विभिन्न कठिन परिस्थितिमा रहेका, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकालाई विद्यालयमा भर्ना, निरन्तरता दिन र सिकाइमा सहभागी हुन सहयोग हुने गरी छात्रवृत्ति प्रणालीलाई आकर्षक, सहज र सुदृढ बनाउने र विभिन्न किसिमका अपाङ्गताको पहिचान गरी आवश्यकतानुसार |

| | |
|---|---|
| | समावेशी वा आवासीय तथा गैरआवासीय शिक्षाको विशेष प्रबन्ध गर्ने<br>३. आधारभूत तहका बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सहयोग पुग्ने गरी विद्यालयमा दिवा खाजाको प्रबन्धका साथै स्थानीय स्वास्थ्य तथा अन्य सम्बन्धित सरकारी तथा गैरसरकारी संस्थाहरूसँग सहकार्य गरी सुरक्षित पानी, सरसफाइ तथा स्वच्छतासहित आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा प्रदान गर्ने ।<br>४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त तथा विविधताअनुकूल बनाई बालबालिकालाई बालमैत्री वातावरणमा सिकाइ क्रियाकलापमा सहभागी हुनसक्ने गरी भौतिक तथा शैक्षिक वातावरण सुधार गर्ने ।<br>५. विद्यालय तथा समग्र शिक्षा प्रणालीलाई कोभिडलगायत विभिन्न किसिमका महामारी, प्राकृतिक प्रकोप तथा अन्य आपत्कालीन तथा सङ्कटापन्न परिस्थितिप्रति उत्थानशील बनाई बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गर्नुका साथै कोभिड१९ को प्रभावबाट विद्यार्थीको सिकाइमा भएको क्षति आकलन गरी सबै तह तथा विद्यालयले पुनरुत्थानको योजना निर्माण तथा कार्यान्वयन गर्ने<br>६. भूकम्पलगायतका प्राकृतिक प्रकोप जोखिम न्यूनीकरणका लागि प्रतिरोधी भौतिक संरचना निर्माण तथा प्रवलीकरण गर्ने |
| २. प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्नु | १. प्रत्येक विद्यालयमा गुणस्तरीय शिक्षाका लागि आवश्यक पर्ने आधारभूत भौतिक तथा शैक्षणिक स्रोत तथा साधनहरू पूरा गरी स्वस्थ, सुरक्षित, समावेशी र विविधताअनुकूल शिक्षण सिकाइ वातावरण तयार गर्ने।<br>२. विद्यालय तहका पाठ्यक्रम तथा पाठ्यपुस्तकमा आवश्यक सुधार, परिमार्जन तथा संशोधन गरी थप स्तरीय, सान्दर्भिक, गुणस्तरयुक्त, समावेशी, नविनतम ज्ञान तथा सिपअनुकुल र समय |

| | |
|---|---|
| | सापेक्ष तुल्याउने।<br>३. शिक्षण प्रक्रियामा आधुनिक तथा प्रभावकारी विधिको प्रयोगलाई जोड दिँदै सबै विद्यार्थीको सिकाइको गुणस्तर वृद्धि गर्ने।<br>४. प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत साधन र डिजिटल सिकाइ स्रोतहरूको उचित व्यवस्था र शिक्षक तथा विद्यार्थीसमेतको सिप विकास गरी प्रविधिको प्रयोगलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा विकास गर्ने ।<br>५. विद्यार्थी उपलब्धिको परीक्षण तथा मूल्याङ्कनको परिपाटीमा आवश्यक सुधार गरी बढी वस्तुगत, नियमित, विश्वसनीय एवम् स्तरीकृत बनाउने ।<br>६. शिक्षक सक्षमताको ढाँचा अध्यावधिक गरी सोहीअनुसार शिक्षक तयारीको कार्यक्रम विकास तथा कार्यान्वयनका लागि विश्वविद्यालयहरूसँग समन्वय गर्ने।<br>७. शिक्षकको पेसागत विकास प्रणालीमा सुधार, शिक्षक सहायता प्रणाली स्थापना तथा शिक्षकको उत्प्रेरणा तथा जवाफदेहीमा सुधार गर्ने प्रणाली व्यवस्थित गर्ने। |
| ३. सबै नागरिकलाई आधारभूत कार्यमूलक तथा जीवनोपयोगी सिपसहित साक्षर बनाउनु र निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइको अवसर विस्तार गर्नु | १. सबै युवा तथा प्रौढहरूलाई विभिन्न माध्यमद्वारा आधारभूत तथा कार्यमूलक साक्षरताको सिप प्राप्त गर्ने अवसर प्रदान गर्ने।<br>२. अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको अवसर सर्वसुलभ गर्न सामुदायिक सिकाइ केन्द्रहरूको पुनर्वितरण तथा कार्यक्षमतामा सुधार गरी स्थानीय समुदायको आय आर्जन, सामाजिक रुपान्तरण तथा दिगो विकास प्रवर्द्धन गर्ने।<br>३. नेपाल सरकारले तयार गरेको राष्ट्रिय योग्यता प्रारूपअनुसार सिकाइका विभिन्न माध्यम औपचारिक, अनौपचारिक तथा अरीतिक, बाट प्राप्त ज्ञान तथा सिपको परीक्षण, प्रमाणीकरण, समकक्षता निर्धारण गर्ने परिपाटी कार्यान्वयन गर्न आवश्यक |

| | |
|---|---|
| | संस्थागत तथा कानुनी संरचना स्थापना गर्ने |
| ४. विद्यालय तथा शिक्षाका सबै तह तथा निकायमा सुशासन प्रवर्द्धन गर्नु र सङ्घ, प्रदेश तथा स्थानीय तहका सरकारबिच समन्वय र सहकार्य सुदृढ बनाई शैक्षिक सेवा प्रवाह सहज र प्रभावकारी बनाउनु। | १. अनिवार्य तथा निशुल्क आधारभूतः शिक्षा र निशुल्क माध्यमिक : शिक्षाको कार्यान्वयन गर्न तीन तहका सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई सुदृढ गर्ने।<br>२. विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्न विद्यालयको नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन संयन्त्रको विकास गर्ने।<br>३. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धतिलाई सुदृढ गरी यसका नतिजाहरूका आधारमा विद्यालय शिक्षामा गुणात्मक सुधार गर्ने पद्धित विकास गर्ने ।<br>४. सङ्घ, प्रदेश तथा स्थानीय तहका शैक्षिक निकायहरूमा शैक्षिक योजना निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन पद्धतिलाई सुदृढ गर्न क्षमता विकास गर्ने ।<br>५. शैक्षिक सूचना तथा तथ्याङ्क प्रणालीमा सुधार गरी प्रमाणमा आधारित शैक्षिक व्यवस्थापन, योजना निर्माण र मूल्याङ्कन परिपाटीको विकास गर्ने । |

## २.२ दूरदृष्टि

"जहदा गाउँपालिकाको समृद्धिको इच्छा, सबैलाई प्रविधिमैत्री, स्वावलम्वी तथा गुणस्तरीय शिक्षा" ।

## २.३ लक्ष्यः

विद्यालय उमेर समुहका सबै बालबालिकाहरुको विद्यालय शिक्षाको पहुँचमा बुद्धि गर्दै गुणस्तरीय सिकाइमा सुधार ल्याउने ।

## २.४ उद्देश्य

- प्रारम्भिक बालविकासको कक्षाहरुलाई स्तरोउन्नती गरी न्यूनतम मापदण्ड पूरा गर्नु ।
- समुदायमा रहेका विद्यालय उमेर समूहका सबै बालबालिकाहरुलाई विद्यालय शिक्षाको पहुँचमा ल्याउनु ।

- विद्यालय शिक्षाको  सबै कक्षाको सिकाइ उपलब्धीमा वृद्दि गर्नु।
- विद्यालयको भौतिक पुर्वाधारलाई सबै प्रकृतिका बालबालिकाको पहुँचयुक्त बनाई सिकाइ वातावरणमा सुधार गर्न ।
- विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु ।
- प्रभावकारी र  दीगो सिकाईका लागि शिक्षण सिकाईमा प्रविधिको प्रयोगमा विस्तार गर्नु ।
- अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु ।
- साक्षर जहदा कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्नु ।

## २.५ रणनीतिहरु

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| प्रारम्भिक बालविकास देखि माध्यमिक शिक्षाको पहुँचमा वृद्दि गर्नु । | • विद्यालय तहको भर्ना अभियानलाई थप प्रभावकारी बनाइ पुहँचमा सुधार गर्ने ।<br>• बालबालिकाहरुको पुहँचमा सुधार ल्याउन अभिभाबक शिक्षा बालबालिका सहयोग कार्यक्रम लागु गर्ने । | • समुदायको आवश्यकताको आधारमा प्रारम्भिक बालविकास केन्द्र तथा विद्यालयहरूको नक्साङ्कन, समायोजन र पुनर्वितरण गरिनेछ ।<br>• कम्तिमा एक विद्यालय एक प्रारम्भिक बालविकास शिक्षा कक्षाको अवधारणा कार्यन्वयन गरिनेछ ।<br>• प्रारम्भिक बालविकास उमेर समूहका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास तथा तथा शिक्षाको अनुभव लिएर मात्र कक्षा एकमा भर्ना हुने व्यवस्था मिलाइनेछ ।<br>• आवश्यक सुविधा सामग्री  सहितको न्यूनतम सिकाई वातावरण  सुनिश्चित गरी वडा तथा टोलहरुमा नमूना बालविकास केन्द्र  स्थापना तथा संचालनको  लागि विभिन्न संघ संस्था तथा दाताहरुसँग सहजिकरण र सहकार्य गरिनेछ ।<br>• बालविकास  शिक्षकमा कक्षा १२ उत्तीर्ण र तालिम प्राप्त व्यक्तिले मात्र प्रवेश नीति कार्यन्वयमा ल्याइनेछ ।<br>• बालविकास  शिक्षकलाई तोकिएको पाठ्यक्रम अनुसारको खेल्दै सिक्दै तथा प्रविधिमा आधारित सिकाई सहजिकरण सम्बन्धी तालिमको व्यवस्था |

| | | |
|---|---|---|
| | | गरिनेछ।<br>• यथोचित पहिचानको आधारमा "बालबालिका शैक्षिक सहयोग कार्यक्रम" लागू गरिनेछ, जसले सिमान्तकृत तथा पछाडि पारिएका वर्गका बालबालिकाको शिक्षामा समावेशी सहभागिता सुनिश्चित गर्नेछ।<br>• बार्षिक रुपमा विद्यार्थी संख्याको आधारमा विद्यालय समायोजन कक्षा कटौती गर्न प्रबन्ध गरिनेछ ।<br>• हरेक शैक्षिक सत्रको पहिलो महिनाभित्र विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र शिक्षक अभिभावक संघ (शि.अ.स.) को नेतृत्वमा कार्यदल गठन गरी भर्ना अभियानलाई प्रभावकारी बनाइनेछ ।<br>• विद्यालय जान नसक्ने वा भर्ना हुन नसकेका बालबालिकाको तथ्यांकको आधारमा पालिकास्तरमा सघन भर्ना सहयोग कार्यक्रम सञ्चालन गरिनेछ।<br>• अनिवार्य आधाभूत शिक्षा कार्यक्रम कार्यन्वयन गर्न सकारात्मक विभेदको नीति लागु गरिनेछ।<br>• बालबालिका विद्यालयमा भर्ना नगराउने नियमित विद्यालय नपठाउने अभिभावकहरुको पहिचान गरी वडा तथा पालिका स्तरबाट प्रवाह हुने सेवा सुविधाबाट वँचित गर्ने गरी नीति क्रमशःलागु गरिनेछ ।<br>• वडा तथा पालिका तहमा शतप्रतिशत विद्यालय पहुँच सुनिश्चित गर्न लक्षित घोषणा कार्यक्रम सञ्चालन गरिनेछ।<br>• शैक्षिक सत्रको प्रारम्भमै भर्ना अभियानसँगै विद्यालय वा समुदायमा निश्चित तालिम प्याकेजअनुसार अभिभावक शिक्षाका कार्यक्रमहरू |

| | | |
|---|---|---|
| | | सञ्चालन गरिनेछ। |
| विद्यालयलाई आवश्यक पर्ने न्यूनतम भौतिक पुर्वाधारको विकास र सिकाइ वातावरणमा सुधार ल्याउनु । | • सिकाइ वातावरण सुनिश्चित गरी विद्यालय सुधार योजना कार्यान्वयन गर्ने ।<br>• न्युनतम सिकाइ मापदण्डलाई चरणबद्ध कार्यान्वयन गर्ने ।<br>• सिकाइ वातावरण सुधारको लागि बहुपक्षीय साझेदारीमा आधारित शैक्षिक सुधार कार्यक्रम लागु गर्ने । | • आवश्यकताको मूल्याङ्कन तथा विद्यालय सुधार योजनाको प्रस्तावनामा आधारित रही "गाउँपालिका शैक्षिक गुणस्तर सुधार कार्यक्रम" सञ्चालन गरिनेछ।<br>• विद्यालय शिक्षण सिकाइ क्रियाकलापलाई सशक्त बनाउनका लागि बालमैत्री, सुरक्षित, समावेशी र सृजनात्मक सिकाइका लागि उपयुक्त कक्षा कोठा निर्माणमा सरकारी एवं अन्य निकायको सहयोग नीति लिइनेछ ।<br>• हरेक विद्यालयले वर्षको सुरुमा आफ्नो भौतिक, शैक्षिक, व्यवस्थापन पक्षको आन्तरिक मूल्याङ्कन गरी सुधारका प्राथमिकता तय गरी विद्यालय शिक्षा क्षेत्र योजना (SESP)ले तोकेका न्यूनतम मापदण्डहरू क्रमशः ५ वर्षभित्र पुरा गर्ने लक्ष्यसहित विद्यालय सुधार योजना तयार गरिनेछ।<br>• कक्षा १-३ का बालबालिकाहरुको लागि भाषा र गणित सिकाइ सिपको दक्षता प्राप्तिको सुनिश्चितताका लागि मापदण्ड निर्माण गरी लागु गरिनेछ ।<br>• हरेक शैक्षिक वर्षको प्रारम्भमा विद्यालयहरूको न्युनतम मापदण्ड (शिक्षक संख्या, कक्षा कोठा, पिउने पानी, शौचालय, शैक्षिक सामग्री आदि) को अवस्थाको पहिचान गरि विद्यालयको अवस्थाअनुसार प्राथमिकतामा आधारित वार्षिक सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सिकाइ वातावरणको गुणस्तर सुधारका लागि अभिभावक, समुदाय, स्थानीय सरकार, NGO/INGO लगायत सरोकारवालासँग समन्वय एवं साझेदारी गरिनेछ ।<br>• विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक |

| | | |
|---|---|---|
| | | संघ र समुदायबीचको सहकार्यमा स्थानीय स्रोतको परिचालन गरी सिकाइ सुधार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• सामुदायिक विद्यालय सुधारमा निजी क्षेत्रको सहभागिता अभिवृद्धि गर्ने उद्देश्यले साझेदारीका मोडेलहरू तयार गरिनेछ। |
| विद्यालय शिक्षाको सबै कक्षाको सिकाइ उपलब्धीमा वृद्दि गर्नु । | • शिक्षकको पेशागत विकास मार्फत विद्यार्थीको सिकाइमा उत्तरदायी सिकाइ सहजीकरणमा सुधार ल्याउने । | • प्रारम्भिक बालविकास केन्द्रमा पाठ्यक्रम २०७७ को पूर्ण कार्यान्वयन गरिनेछ।<br>• कक्षा१-३ मा पढ्नको लागि सिक्ने ” अवधारणामा आधारित क्रमिक सिकाइ सहजीकरण रणनीतिलागु गरिने छ ।<br>• क्रियाकलापमा आधारित सिकाइ (ABL) र प्रविधिमैत्री शिक्षण विधिहरूलाई क्रमशः समावेश गरिनेछ।<br>• शिक्षण सुधार योजना (TIP) पूर्ण कार्यान्वयनमा ल्याइनेछ।<br>• Low cost–no cost शिक्षण सामग्रीको प्रयोग गरी प्रविधिमैत्री शिक्षणलाई अनिवार्य गरिनेछ।<br>• प्रत्येक शिक्षकले आफ्ना विषयका पाठ्यपुस्तक, पाठ्यक्रम र निर्देशिका प्रयोग गरेर नवीनतम विधि र प्रविधिमा आधारित शिक्षण गर्ने व्यवस्था गरिनेछ।<br>• विद्यार्थीको सिकाइ उपलब्धि सुधारको लागि अनिवार्य रुपमा विद्यालयले विद्यालयमा शिक्षण नभएको समयमा विद्यालयमा वा समुदाय स्तरमा नै मूख्य विषयहरुको वा सुधारको क्षेत्रहरु आधारमा उपचारात्मक वा सुधारात्मक कक्षा सञ्चालन गरिनेछ । उक्त कार्यको लागि सम्बन्धित विद्यालयले विद्यार्थीका अभिभाबकहरु तथा पालिकाबाट आर्थिक स्रोत ब्यवस्थापन हुने व्यवस्था मिलाइने छ । |

| | | |
|---|---|---|
| | | • पालिकाले हरेक वर्ष शिक्षकलाई पाठ्यक्रमअनुसार छोटो तालिम उपलब्ध गराइनेछ । तालिम प्राप्त शिक्षकले विद्यालयमा पुनः तालिम (cascade training) दिने व्यवस्था अनिवार्य गरिनेछ।<br>• महिनामा कम्तिमा एक दिन विद्यालयमा नै शिक्षकको आवश्यकता आधारित क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विद्यालय सुपरीवेक्षण तथा शिक्षक पेशागत सहायताको लागि विषयगत समिति तथा शिक्षक सहयोगको लागि विज्ञ सेवा परिचालन गरिनेछ ।<br>• कक्षा १—३ मा थिमगत मूल्यांकन र कक्षा ४—१२ मा पाठ्यक्रमले तोके अनुसारको परियोजना तथा प्रयोगात्मक मूल्यांकनलाई पुर्ण रुपमा लागू गरिनेछ।<br>• कक्षा ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गरिनेछ।<br>• विद्यालय र पालिका स्तरमा सिकाइ उपलब्धि विश्लेषण र वार्षिक अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।<br>• आफूले पठनपाठन गरेको विषयको सिकाइ उपलब्धीको जिम्मेवारी सम्बन्धित शिक्षकलाई बनाइनेछ । विद्यार्थीले प्राप्त सिकाइ उपलब्धीको आधारमा शिक्षकलाई प्रोत्साहन पुरस्काररर अन्य बृत्ति विकासको अवसर उपलब्ध गराइनेछ ।<br>• हरेक शुक्रबार बुक फ्री दिवस वा परियोजना/प्रयोगात्मक कार्य गरिनेछ।<br>• विद्यालय स्तरमा कक्षागत तथा चौमासिक अभिभावक अन्तरक्रिया गरिनेछ।<br>• महिनाको अन्तिम शुक्रबार सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गरिनेछ। |

| | | |
|---|---|---|
| | | • हरेक दुई महिनामा क्लस्टर स्तरीय घुम्ती शिक्षक बैठक आयोजना गरिनेछ।<br>• शिक्षक तथा विद्यार्थीका लागि शैक्षिक भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ। |
| स्थानीय पाठ्यक्रमको विकास गरी कार्यन्वयन गर्नु । | स्थानीय आवश्यकता सहभागीता र सीपमा आधारित पाठ्यक्रमको विकास गरी कार्यान्वयन गर्ने । | • विद्यालय र समुदायको सन्दर्भ बुझ्न प्रारम्भिक अध्ययन (सर्वेक्षण, अन्तरक्रिया, FGD आदि) गरिनेछ।<br>• स्थानीय विषयवस्तु, भाषा, सीप र संस्कृति समेटिने गरी स्थानीय पाठ्यक्रम विकास समिति गठन गरिनेछ।<br>• स्थानीय पाठ्यक्रमको रुपरेखा, शैक्षिक उद्देश्य, विषयवस्तु, मूल्यांकन पद्धति तय गरी पाठ्यक्रम मस्यौदा तयार गरिनेछ।<br>• मस्यौदा पाठ्यक्रममा सरोकारवालाहरू (शिक्षक, पालिक, समुदाय, विषय विशेषज्ञ) सँग परामर्श/अन्तरक्रिया गरी अन्तिम रूप दिनेछ।<br>• विकास गरिएको पाठ्यक्रमका आधारमा पाठ्यपुस्तक वा सहायक शिक्षण सामग्री उत्पादन गरिनेछ।<br>• शिक्षकहरूलाई स्थानीय पाठ्यक्रम कार्यान्वयन सम्बन्धी विशेष तालिम प्रदान गरिनेछ।<br>• विद्यालय तहमा पाठ योजनाको विकास, कक्षा सञ्चालन र समुचित अभिलेख राख्ने कार्य प्रणाली अपनाइनेछ।<br>• स्थानीय पाठ्यक्रम लागू गरिएका कक्षाहरूको सुपरीवेक्षण र सहजिकरण पालिका शिक्षा शाखाको समन्वयमा गरिनेछ।<br>• हरेक शैक्षिक वर्षको अन्त्यमा स्थानीय पाठ्यक्रमको कार्यान्वयनको प्रभाव मूल्याङ्कन गरिनेछ।<br>• प्राप्त नतिजा र सुझावका आधारमा पाठ्यक्रममा |

| | | |
|---|---|---|
| | | आवश्यक परिमार्जन/सुधार गरिनेछ। |
| विद्यालय व्यवस्थापनमा सुशासन कायम गर्न नेतृत्व व्यवस्थापन, जवाफदेहिता र उत्तरदायित्वमा सुधार गर्नु । | • विद्यालय व्यवस्थापन समिति र (.स.व्य.वि) नेतृत्व संरचनाको संस्थागत सुधार गर्ने ।<br>• विद्यालयहरूको अनुगमन, मूल्यांकन र जवाफदेहिता प्रणाली सुदृढ पार्ने ।<br>• विद्यालय नेतृत्व र शिक्षक क्षमताको विकास गर्ने ।<br>• स्रोत व्यवस्थापन र प्रोत्साहन प्रणाली सुधार गर्ने । | • वि.व्य.स. गठन प्रक्रिया सुधार गर्न गाउँपालिकाको शिक्षा ऐन २०७७ संशोधन गरिनेछ र विद्यालय सुधारप्रति जवाफदेही बनाइनेछ।<br>• ऐन बनाइ सामुदायिक विद्यालयका पालिका स्तरमा प्र.अ. को खुला प्रतिस्पर्धाबाट नियुक्ति प्रणाली कार्यान्वयन गरिनेछ।<br>• प्र.अ. नियुक्तिसँगै ५ वर्षे कार्यसम्पादन मूल्यांकन र करार सम्झौता व्यवस्था गरिनेछ।<br>• हरेक शैक्षिक वर्ष प्रारम्भमा प्र.अ.सँग कार्यसम्पादन करार गरिनेछ र मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता दिइनेछ।<br>• वडास्तरीय अनुगमन समितिले विद्यालयको बजेट, कार्यान्वयन र प्रगति स्थलगत रूपमा मूल्यांकन गरिनेछ ।<br>• विद्यालयले कार्यसम्पादन मूल्यांकन, सामाजिक परीक्षण, लेखा परीक्षण समयमै पूर्णरूपमा कार्यान्वयन गरिनेछन् र यी मूल्यांकनहरूलाई विद्यालयमा जाने निकासासँग जोडिने गरी कार्यान्वयन गरिनेछ।<br>• तथ्यांक समयमा अद्यावधिक नगर्ने र अभिलेख नराख्ने विद्यालयहरुलाई विद्यालयमा जाने निकासा वा प्रोत्साहनका कार्यमा कटौती गरिनेछ ।<br>• विद्यालयको नेतृत्व क्षमताको अभिवृद्धि गर्न विशेष प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ।<br>• विद्यालयमा आचारसंहिता निर्माण र कार्यान्वयन अनिवार्य गरिनेछ।<br>• वार्षिक रूपमा प्रअसँग शिक्षकसँग कार्यसम्पादन मूल्यांकन गरिनेछ र सुधारका योजना बनाइनेछ। |

| | | |
|---|---|---|
| | | • विद्यालयले "एक विद्यालय एक अक्षयकोष" नीति अनुसार कोष स्थापना गरिनेछ ।<br>• पूर्व विद्यार्थी सञ्जाल निर्माण गरी शैक्षिक सुधारका लागि स्रोत परिचालन गरिनेछ।<br>• गाउँ शिक्षा समितिले मापदण्ड अनुसार उत्कृष्ट विद्यालय, शिक्षक, प्र.अ., विब्यस शिअसं विद्यार्थीलाई वार्षिक रूपमा छनोट गरी पुरस्कार कार्यक्रम सञ्चालन गरिनेछ।<br>• बार्षिक रुपमा पालिका भित्र दरबन्दी मिलान र शिक्षक सरुवाको व्यवस्था गरिनेछ ।<br>• शिक्षक अभाव भएका विद्यालयमा स्वयंसेवक शिक्षकको व्यवस्था गरिनेछ।<br>• बार्षिक रुपमा विद्यालयगत भम्रण गरी असोज महिनामा विद्यार्थी भरिफिकेशन प्रणाली लागु गरिनेछ ।<br>• शिक्षकले कक्षाकोठामा बिताएको समय कार्यविधि २०७४ लाई पूर्ण रुपमा कार्यान्वयन गरी शिक्षक उपस्थिति बढाइनेछ ।<br>• विद्यालयको नियमति अनुगमनलाई व्यवस्थित गर्न वडा स्तरीय शिक्षा समितिलाई परिचालन गरिनेछ । |
| अनौपचारिक शिक्षा तथा जीवनपर्यन्त सिकाइका अवसरहरुलाई विस्तार गर्नु । | • सामुदायिक सिकाइ केन्द्रहरूलाई जीवनपर्यन्त सिकाइको थलोको रूपमा संस्थागत र सुदृढ बनाउने ।<br>• औपचारिक र अनौपचारिक शिक्षाबीचको सहकार्य बढाउने। | • सामुदायिक सिकाइ केन्द्रहरूलाई स्थायी संरचना, मानवसंसाधन र कार्यक्रमसहित स्थानीय सरकारमार्फत पुनः सशक्तिकरण गरिनेछ।<br>• सामुदायिक सिकाइ केन्द्रमा साक्षरता, वित्तीय साक्षरता, प्राविधिक सीप, स्वास्थ्य, लैङ्गिक समानता, कृषि, वातावरण जस्ता विषयमा छोटो तालिमहरू सञ्चालन गरिनेछ।<br>• विद्यमान स्रोत र समुदायको विशेषज्ञता प्रयोग गर्दै विविध उमेर र पृष्ठभूमिका व्यक्तिका लागि उपयुक्त सिकाइ कार्यक्रमहरू तयार गरिनेछ। |

| | | |
|---|---|---|
| | • सीप र रोजगारीमुखी शिक्षामा जोड दिने ।<br>• जीवनपर्यन्त सिकाइको मूल्यांकन, अभिलेख र प्रवर्द्धन प्रणाली विकास गर्ने । | • सिकाइ केन्द्रहरूमार्फत ICT (सूचना प्रविधि) आधारित सिकाइ कार्यक्रम सुरु गरिनेछ।<br>• माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई एक विषयको प्रयोगात्मक सिकाइका लागि सामुदायिक केन्द्रहरूमा सहभागिता अनिवार्य गरिनेछ।<br>• विद्यालय र सामुदायिक केन्द्रहरूबीच शिक्षक, प्रशिक्षक र स्रोतको साझेदारी गर्न सहकार्य गरिनेछ।<br>• सीप आधारित तालिमहरूलाई औपचारिक शिक्षासँग समन्वय गरेर मान्यता प्राप्त सर्टिफिकेट प्रणाली लागू गरिनेछ।<br>• विशेष गरी युवा, महिला, सिमान्तकृत समुदायका लागि उद्यमशीलता, प्राविधिक शिक्षा र व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ।<br>• जीवन उपयोगी सीप (life skills), स्वरोजगार र व्यवसाय सञ्चालन विषयमा तालिम दिने व्यवस्था मिलाइनेछ। तालिमपछिको सहजीकरण र अनुगमन प्रणाली तयार गरिनेछ ।<br>• सामुदायिक सिकाइ केन्द्रमा सहभागीको सहभागिता र उपलब्धिको अभिलेख राख्ने व्यवस्था मिलाइनेछ ।<br>• वार्षिक रूपमा सिकाइ मेला वा प्रदर्शनी आयोजना गरी अनौपचारिक सिकाइको उपलब्धि सार्वजनिक गरिनेछ। |

## २.६ मुख्य कार्यसम्पादन सुचकहरुः

| मुख्य कार्यसम्पादन सुचक | | | | | |
|---|---|---|---|---|---|
| क्रस | तह | सुचांक | २०८१ | २०८३ | २०९२ |
| १.१ | **प्रारम्भिक बाल विकास** | प्रारम्भिक बालविकास र शिक्षामा कूल भर्ना दर (%) | ८४.२ | ९४. | १०० |
| १.२ | | प्रारम्भिक बालविकास र शिक्षामा खुद भर्ना दर (%) | ४९.६ | १०० | १०० |
| १.३ | | न्युनतम योग्यता पुरा भएका शिक्षकको प्रतिशत | ९८ | १०० | १०० |
| १.४ | | आधारभूत तालिम प्राप्त शिक्षकको प्रतिशत | ४० | १०० | १०० |
| १.५ | | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्नाभएका बालबालिक (%) | ८८.० | ९८ | १०० |
| २.१ | **आधारभुत तह** | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | ९६.३ | ९८ | १०० |
| २.२ | | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कूल प्रवेश दर (%) | १०१.१ | १०० | १०० |
| २.३ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर (%) | ९५.२ | १०० | १०० |
| २.४ | | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कूल भर्ना दर (%) | ११२.७ | १०६ | १०० |
| २.५ | | आधारभूत तह (कक्षा ६-८) मा खुद भर्ना दर (%) | ९३.२ | १०० | १०० |
| २.६ | | आधारभूत तह (कक्षा ६-८) मा कूल भर्ना दर (%) | १०६.१ | १०३ | १०० |
| २.७ | | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर (%) | ९४.६ | १०० | १०० |
| २.८ | | आधारभूत तह (कक्षा १-८) मा कूल भर्ना दर (%) | ११०.८ | १०५ | १०० |
| २.९ | | आधारभूततह(कक्षा १-८) खुद भर्ना दरमा | १.०१ | १ | १ |

| | | | | | |
|---|---|---|---|---|---|
| | | लैङ्गिक समता सूचक | | | |
| २.१० | | आधारभूततहको कक्षा ८ सम्मको टिकाउ दर (%) | ८६.५ | ८४ | ९७ |
| २.११ | | विद्यालयवाहिर रहेका बालबालिका (%) कक्षा १-८ | ५.४ | ० | ० |
| ३.१ | | माध्यमिक तह (कक्षा ९-१०) मा खुद भर्ना दर (%) | ७६.३ | ८४ | ८९ |
| ३.२ | | माध्यमिक तह (कक्षा ९-१०) मा कूल भर्ना दर (%) | ८७.३ | ९२ | ९८ |
| ३.३ | | माध्यमिक तह (कक्षा ११-१२) मा खुद भर्ना दर (%) | १९.६ | ३० | ४० |
| ३.४ | **माध्यमिक तह** | माध्यमिक तह (कक्षा ११-१२) मा कूल भर्ना दर (%) | ३७.४ | ४७ | ५७ |
| ३.५ | | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर (%) | ६४.९ | ७४ | ८४ |
| ३.६ | | माध्यमिक तह (कक्षा ९-१२) मा कूल भर्ना दर (%) | ५०.६ | ६० | ७० |
| ३.७ | | कक्षा १-१२को खुद भर्ना दरमा लैङ्गिक समता सूचक | १.०१ | १ | १ |
| ४ | **साक्षरता** | ५ बर्षमाथिको साक्षरता दर | ६२.४ | ६९ | ७५ |
| ५.१ | **महिला शिक्षक प्रतिशत** | आधारभूत तह (कक्षा१-८) | ३५ | ४५ | ५० |
| ५.२ | | माध्यमिकतह (कक्षा९-१२) | ५ | १५ | २५ |
| ६.१ | **PMEC पुरा गरेका विद्यालयको प्रतिशत** | बालविकास | २० | ६० | १०० |
| ६.२ | | आधारभुत | ४५ | ६० | ९० |
| ६.३ | | माध्यमिक | ५० | ६५ | ९० |
| ७. | **बजेट प्रतिशत** | कूल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट(%) | | | |
| ८.१ | | आधारभूत तह (कक्षा१-५) | १८.० | १० | ५ |
| ८.२ | **छोड्नेदर** | आधारभूततह (कक्षा ६-८) | ५.६ | ३ | १ |
| ८.३ | | माध्यमिकतह (कक्षा ९-१०) | २.० | १ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ९.१ | दोर्याउनेदर | आधारभूत तह (कक्षा१-५) | ५.० | ३ | ० |
| ९.२ | | आधारभूततह (कक्षा ६-८) | २.९ | १ | ० |
| ९.३ | | माध्यमिकतह (कक्षा ९-१०) | १.६ | १ | ० |
| १०.१ | सिकाइ उपलब्धि दर | कक्षा ८ मा समग्र ग्रेड | २.६ | ३.२ | ३.६ |
| **Socure: Census 2078, Flash Report 2081, CEHRD and IEMIS 2081** | | | | | |

# परिच्छेद-३: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ३.१. प्रारम्भिक बाल विकास तथा शिक्षा

### ३.१.१. परिचय

प्रारम्भिक बाल विकास तथा शिक्षा (ईसीडी) विद्यालय शिक्षाको आधारभूत तहको महत्वपूर्ण उपक्षेत्र हो, जुन चार वर्ष उमेर पुगेका (४८-६० महिना) बालबालिकालाई लक्षित गरिएको छ। यसको उद्देश्य बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक तथा भाषिक सिपको समग्र विकास गर्दै कक्षा १ मा प्रवेशका लागि तयारी गराउनु हो। हाल नेपालमा विद्यालयमा आधारित र समुदायमा आधारित गरी दुई प्रकारका बालविकास केन्द्र सञ्चालनमा छन्।

पाठ्यक्रम प्रारुप २०७६ अनुसार चार वर्ष पुगेका बालबालिकालाई एक वर्षको प्रारम्भिक बालविकासको अवसर दिइन्छ। संविधानको धारा ३९(३) र शिक्षा ऐन २०२८ को संशोधनले बालविकासलाई बालबालिकाको हक र विद्यालय शिक्षाको भागका रूपमा सुनिश्चित गरेको छ। शिक्षा नीति २०७६ १५औं योजना र विद्यालय क्षेत्र विकास कार्यक्रमले गुणस्तरीय र पहुँचयुक्त प्रारम्भिक शिक्षाको विस्तारमा जोड दिएका छन्। बालबालिकामा संलग्नता, पोषणयुक्त खाना, स्वास्थ्य बानी, व्यक्तिगत सुरक्षा, सरसफाइ, सिर्जनात्मक सोच र भाषिक-सञ्चार सिपको विकासमा ध्यान केन्द्रित गरिन्छ। सरकारका तीनै तह, विद्यालय र अभिभावकबीचको सहकार्यमा बालमैत्री पूर्वाधारसहितको वातावरण सिर्जना गर्दै सबै बालबालिकालाई कम्तीमा एक वर्षको प्रारम्भिक शिक्षा सुनिश्चित गर्नु आजको आवश्यकता हो।

### ३.१.२ वर्तमान अवस्था

जहदा गाउँपालिकामा हाल ६७ वटा प्रारम्भिक बाल विकास केन्द्र (ईसीडी) सञ्चालनमा छन् । ती केन्द्रहरूमा १२९४ जना बालबालिका र ६७ जना सहजकर्ता संलग्न छन्। यद्यपि, धेरैजसो केन्द्रहरू सरकारले तोकेको न्यूनतम मापदण्ड पूरा गर्न नसकेको, र सबै बालबालिकाको पहुँच सुनिश्चित नभएको पाइएको छ।

जहदा गाउँपालिकामा प्रारम्भिक बालविकासको क्षेत्रमा सुधारका केही सकारात्मक संकेतहरू देखिएका छन्। प्रत्येक वर्ष प्रति विद्यार्थी रु ५०० का दरले विद्यालयले अनुदान प्राप्त गर्नु, खाजा कार्यक्रमको सञ्चालन, अभिभावकहरूमा बालबालिकालाई चार वर्ष पुगेपछि बालविकास केन्द्रमा भर्ना गरिनुपर्छ भन्ने चेतना बढ्नु, स्थानीय सरकारद्वारा स्थानीय शिक्षा ऐन जारी गरी व्यवस्थापन प्रक्रिया सुरु गर्नु, र संघसंस्था तथा स्थानीय तहको सहकार्यमा केन्द्रहरूको व्यवस्थापनमा सहयोग हुँदै जानुजस्ता

गतिविधिले बालविकास क्षेत्रमा सुधारको अवसर विस्तार भएको देखिन्छ।साहस नेपाल र गाउँपालिकाको संयुक्त लगानीमा बालकक्षाको कक्षाकोठा बालमैत्री र मापदण्ड अनुसार ब्यवस्थापन गर्दै लगिएको छ ।

यद्यपि, यस क्षेत्रमा केही प्रमुख चुनौतीहरू पनि विद्यमान छन्। जस्तैः विद्यालयमा शिक्षकको अभावका कारण सहजकर्ताले अन्य कक्षाहरू पनि सहजीकरण गर्नुपर्ने बाध्यता, न्यून पारिश्रमिक, केन्द्रहरूको वर्गीकरणको अभाव, र अधिकांश केन्द्रहरूले सरकारद्वारा तोकिएका न्यूनतम मापदण्डहरू पूरा नगर्नु जस्ता समस्या उल्लेखनीय छन्। यी समस्याहरूको समाधान नगरेसम्म बालविकास कार्यक्रमको गुणस्तरमा सुधार ल्याउन कठिन हुने देखिन्छ।

केन्द्रहरू बालबालिकाको घरदेखि १०—१५ मिनेटको दूरीमा हुनुपर्ने कानुनी ब्यवस्था रहेको र यस पालिकामा सबै बालवालिकाहरु केन्द्रको पहुँचमा रहेका छन ।जहदा ४ नं वडामा रहेको नवदुर्गा बालविकास केन्द्रलाई ४ नं वडाको सिसौघारी टोलमा सरस्वती आधारभूत विद्यालय जहदा-४ को मातहतमा सञ्चालन गरिएको छ । त्यस्तै गरी गाउँपालिकाबाट आन्तरिक स्रोतमा जहदा २ मोहनपुरमा सागेन बालविकास केन्द्र सञ्चालमा ल्याएको छ । जहदा -२ अवस्थित राजभर टोलमा लक्ष्मी बालविकास केन्द्र सञ्चालनमा रहेको छ ।जहदा -१ नं वडाको सुकुम्वासी टोलमा पालिकाबाट एकिकृत बालविकास केन्द्र रहेको छ । यसरी हाल पनि ४ वटा बालविकास केन्द्र बालवालिकाको र विद्यालयको दुरी हेरी समुदायमा सञ्चालनमा रहेका छन्। भूगोल, जनघनत्व र बसोबासको अवस्थालाई आधार बनाई बालविकास केन्द्रहरूको स्थान, समायोजन तथा नयाँ स्थापना आवश्यक छ। त्यस्तै, हालका केन्द्रहरूको संस्थागत विकास, व्यवस्थापन सुधार, र नयाँ केन्द्र स्थापनाको क्रममा क्षमता अभिवृद्धि तथा न्यूनतम मापदण्ड पालना अनिवार्य बनाइनु आवश्यक देखिन्छ।

### ३.१.३ उद्देश्यहरु

गाउँपालिकाको प्रारम्भिक बालविकास तथा शिक्षाको मुख्य उदेश्यहरुः

- ४-५बर्षका सबै बालबालिकाहरुलाई प्रारम्भिक बालविकास शिक्षाको पहुँचमा सुनिश्चित गर्नु ।
- बालविकास केन्द्रहरूलाई प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड आधारमा गुणस्तरीय बनाउनु ।
- सबै बालबालिकाहरुलाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गराउनु ।

### ३.१.४ रणनीति

यस गाउँपालिकाले सबै बालविकास केन्द्र तथा शिक्षालाई गुणस्तरीय बनाउदै सबैको पहुँचलाई विस्तार गर्ने रणनीति लिनेछ । जसको लागि तलका कार्यनीतिहरु कार्यान्वयनमा ल्याइनेछ ।

- भर्ना अभियान सशक्त बनाउने र एक विद्यालयमा मात्र विद्यार्थी भर्ना एवं IEMIS अद्यावधिक गर्ने
- बालबालिकाहरुको लागि सहयोगको वातावरण तयार गर्ने ।
- अभिभावक सचेतनाको लागि अभिभावक शिक्षालाई अभियानको रुपमा संचालन गर्ने
- सीमान्तकृत बालबालिकाका लागि लक्षित कार्यक्रम संचालन गर्ने
- वडा र पालिकास्तरमा सतप्रतिशत बालविकास तथा शिक्षामा पहुँच सुनिश्चित गर्ने घोषणा कार्यक्रम सञ्चालन गर्ने
- पाठ्यक्रम अनुरूपको प्रभावकारी सिकाईको वातावरण तयार गर्ने ।
- बालमैत्री र पूर्ण सिकाइ वातावरण निर्माण गर्ने
- न्यूनतम मापदण्ड सुनिश्चितता गर्ने तथा सिकाइ वातावरण सुदृढीकरण गर्ने
- शिक्षक क्षमता अभिवृद्धि गर्ने
- सहजकर्ताको सेवा सुविधा समयानुकुल बनाउने ।
- वडागत रुपमा कम्तिमा एउटा बालविकास केन्द्रलाई पूर्वाधारयुक्त नमूना बालविकास केन्द्रको रुपमा विकास गर्ने ।

### ३.१.५ उपलव्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलव्धि

सबै बालबालिकाहरुलाई गुणस्तरीय प्रारम्भिक वालविकास तथा शिक्षाको अवसरमा सुधार भएको हुने।

#### प्रमुख नतिजाहरु

यस क्षेत्रका मुख्य उपलव्धि तथा प्रमूख नतिजाहरु यस प्रकार रहेका छन्

- बालविकास केन्द्रको स्थापना वा पुर्नवितरण भएको हुने ।
- बालविकास उमेर समुह (४८-६० महिना)का सबै बालबालिका बालविकास केन्द्रमा भर्ना भएका हुने ।
- प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकाहरूलाई प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ भा प्रवेश गर्ने अवसरमा वृद्दि भएको हुने ।
- सरकारले तोकेको न्युनत्तम मापदण्ड सबै प्रारम्भिक बाल कक्षा केन्द्रहरुमा पुरा भएको हुने ।
- बालविकासका सबै सहजकर्ताहरुले आधारभुत तालिम प्राप्त गरेको हुने ।
- कम्तिमा एक वडा एक नमुना बालविकास केन्द्रको स्थापना भएको हुने ।
- बालविकास केन्द्रको सहजकर्ता प्रोत्साहित भएको हुने ।
- बालबालिकाहरुको अपाङ्गता तथा कार्यरत सिमितता पहिचान भएको हुने ।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| ३ | अति विपन्न तथा पछाडिएका वर्गका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | प्रस्ताबनाको आधारमा न्यूनतम मापदण्ड सहितको बालविकासको सुनिश्चतको लागि सहयोग कार्यक्रम सञ्चालन | विद्यालय | १३ | १३ | १३ | ७ | ७ | ५४ | १०८ | |
| ५ | बालविकासको सहजकर्ताको पारिश्रमिकमा थप प्रोत्साहन भत्ताको ब्यवस्था | जना | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| ६ | योग्यता नपुगेका सहजकर्ताहरुको ९० घण्टा बराबरको सहजकर्ता तालिम सञ्चालन | जना | ३३ | ३३ | ० | ० | ० | ६६ | १३२ | |
| ७ | बालविकास सहजकर्ताको क्षमता विकासको लागि बार्षिक रुपमा क्षमताविकास तालिम कार्यक्रम सञ्चालन | जना | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| ८ | बर्षको कम्तिमा १ पटक सहजकर्ताहरुसँग पालिका स्तरीय समीक्षा बैठक सञ्चालन | जना | ३३ | ३३ | ३ | ३ | ३३ | ६६ | १३२ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | सिकाइका छ कुनाको स्थापना र सहयोग | विद्यालय | १३ | १३ | १३ | ७ | ७ | ५४ | १०८ | |
| १० | बाल विकास तथा शिक्षाको पाठ्यक्रमको पुर्ण कार्यान्वयन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ११ | वडागत नमुना बालविकास केन्द्रको स्थापना कार्यक्रम | वडा | १ | १ | १ | १ | १ | ५ | ७ | |
| १२ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | जना | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| १३ | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोशाक भत्ता | जना | ६७ | ६७ | ६७ | ६७ | ६७ | ३३५ | ६७० | |
| १४ | प्रति विद्यार्थी अनुदान सहयोग | जना | ११५० | ११५० | ११५० | ११५० | ११५० | ११५० | २३०० | |

## ३.२ आधारभुत शिक्षा

### ३.२.१ परिचय

विद्यालय क्षेत्र सुधार योजना २०६६—२०७२ ले कक्षा १ देखि ८ सम्मलाई आधारभूत शिक्षा भनेर पुनः संरचना गरेको छ, जसले पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई समेट्छ। आधारभूत शिक्षा व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्त्वपूर्ण योगदान दिने भएकाले नेपालको संविधानको धारा ३१(१) मा यसलाई नागरिकको मौलिक हकको रूपमा उल्लेख गरिएको छ। विभिन्न अध्ययनहरूले देखाएको छ कि गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन, जीवनस्तर उकास्न र समग्र समाज तथा राष्ट्रको विकासमा सहयोग पुऱ्याउँछ।

यही महत्वलाई मध्यनजर गर्दै जहदा गाउँपालिकाले आधारभूत शिक्षा सुदृढीकरणका कार्यक्रमहरू यस योजनामा समावेश गरेको छ। अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ अनुसार संघीय, प्रदेश र स्थानीय सरकार सबैले आधारभूत शिक्षा प्रदान गर्ने दायित्व राख्छन् भने प्रत्येक नागरिकले बालबालिकालाई विद्यालय पठाउने कर्तव्य पुरा गर्नु पर्ने हुन्छ। त्यस्तै, स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(ज) अनुसार आधारभूत तथा माध्यमिक तहका २३ वटा अधिकार स्थानीय सरकारको क्षेत्राधिकारमा पर्ने भएकाले आधारभूत शिक्षाको पहुँच र गुणस्तर सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख जिम्मेवारी हो।

### ३.२.२ वर्तमान अवस्था

जहदा गाउँपालिकामा विगतका प्रयासहरूका कारण आधारभूत शिक्षामा बालबालिकाको भर्ना दरमा उल्लेखनीय वृद्धि भएको छ। तर, आर्थिक, सामाजिक र भौगोलिक असमानताका कारण दलित, जनजाति, सीमान्तकृत र कठिन परिस्थितिमा रहेका बालबालिकाको पहुँच अझै पनि कमजोर छ। जनसांख्यिक तथा बसोबासको स्वरूपमा आएको परिवर्तनअनुसार विद्यालयको पुनः वितरण र समायोजन आवश्यक देखिएको छ। कतिपय क्षेत्रमा वैकल्पिक प्रबन्ध गरिनु जरुरी छ।

आधारभूत शिक्षामा निःशुल्क तथा अनिवार्य शिक्षाको पूर्ण कार्यान्वयन, स्थानीय शिक्षा ऐनसहित आवश्यक कानुनी संरचना निर्माण, विद्यालयको बालमैत्री र समावेशी वातावरण सृजना, पोषण, स्वास्थ्य, सरसफाइ र दिवा खाजाजस्ता सेवाको विस्तार अपरिहार्य छन्। यस्तै, योग्य शिक्षकको अभाव, कमजोर शैक्षिक नेतृत्व, शिक्षकहरूको तयारी र तालिमको प्रभावहीनता, तथा विद्यालय छोड्ने र कक्षा दोहोर्याउने दर उच्च हुँदा शिक्षाको आन्तरिक सक्षमता प्रभावित भएको छ।

कोभिड-१९ महामारीले सिकाइलाई थप अवरुद्ध बनाएको छ, र आपतकालीन अवस्थामा निरन्तर सिकाइको व्यवस्था अझै विकास हुन सकेको छैन। पाठ्यक्रमको सान्दर्भिकता, शिक्षक विकास, अनुगमन र जवाफदेही प्रणालीको सुधार आवश्यक छ। विद्यालयहरूको व्यवस्थापनमा प्रधानाध्यापकको नेतृत्व क्षमता अभाव र कानुनी स्पष्टताका कमीहरू पनि चुनौती बनेका छन्।

जहदा गाउँपालिकामा हाल ३६ विद्यालय रहेका छन् । ८५८५ बालबालिका अध्ययनरत छन्। शिक्षालाई मौलिक हकका रूपमा स्थापित गर्दै स्थानीय तहलाई जिम्मेवार बनाउने संवैधानिक व्यवस्था तथा नीतिगत अभियानले पहुँच र गुणस्तर सुधारको अवसर सिर्जना गरेको छ। मुख्य समस्याहरू र चुनौतीहरूः

- विषयगत योग्ता प्राप्त शिक्षकको कमी ।
- विद्यार्थी नियमितता सुनिश्चित गर्न कठिनाई ।
- उमेरअनुसार भर्ना र समतामूलक पहुँच सुनिश्चित गर्न चुनौती ।
- सिकाइका लागि आवश्यक न्यूनतम भौतिक पूर्वाधारको अभाव ।
- पाठ्यक्रम र मूल्यांकन प्रणालीको प्रभावकारी कार्यान्वयनमा कमी ।
- पठन तथा गणितीय सीपको विकास अपर्याप्तता ।
- प्रविधिमैत्री शिक्षण सिकाईको कमी ।
- विद्यालय शिक्षाको विकासमा अभिभावकको न्यून सहभागिता हुनु ।
- विद्यालय समायोजन र प्रोत्साहन प्रणाली प्रभावकामरी नहुनु ।

### ३.२.३ उद्देश्यहरु

- ९-१२ वर्ष उमेर समूहका सबै बालबालिकाहरुलाई आधारभूत शिक्षमा समतामूलक पहुँच र सहभागीतामा वृद्दि गर्नु ।
- आधारभूत तहका बालबालिकाहरुमा न्युनतम सिकाइ उपलव्धि सुनिश्चित गर्नु ।
- उपयुक्त भौतिक सुविधा सहितको सिकाई वातावरणको सुनिश्चितता गर्नु । ।
- विद्यार्थी सिकाइ प्रति उत्तरदायी विद्यालयको व्यवस्थापन तथा प्रबन्धमा उल्लेखनीय सुधार ल्याउनु ।

### ३.२.४ रणनीतिहरु

- सबै बालबालिकाहरुको लागि आधारभूत तहको विद्यालय शिक्षाको पहुँचको सुनिश्चित गर्नको लागि मुख्यः विद्यालय नक्साङ्कन, पुनर्वितरण, बहुकक्षा शिक्षण र विद्यार्थी प्रोत्साहन कार्यक्रमलाई प्राथमिकता दिने ।
- सिकाइ सुधार र शिक्षण विधिमा रूपान्तरण गर्दै एकीकृत पाठ्यक्रम, बालमैत्री शिक्षण, न्यूनतम सिकाइ उपलब्धि, नियमित मूल्याङ्कन, भाषिक र सांस्कृतिक विविधतालाई समेट्ने शिक्षण विधिमा जोड दिने ।
- बहुसँख्यक अभिभावकहरुको मागको आधारमा नैतिक शिक्षा र संस्कृतिको ज्ञानको लागि अभिभावक एवं विभिन्न संघ संस्था र सरकारी सहयोमा कुरुकुल शिक्षा पद्धिको सुरुवात गर्ने ।
- शिक्षक व्यवस्थापन र क्षमता विकास गर्न तालिम, तयारी, प्रोत्साहन, आवश्यक शिक्षक दरबन्दी व्यवस्थापन र सिकाइ सुधारका लागि सहजीकरण क्षमता विकासका कार्यक्रममा जोड दिने
- विद्यालय वातावरण र स्वास्थ्य पोषणमा जोड दिन खानेपानी, शौचालय, सरसफाइ, पोषण, स्वास्थ्य, बालमैत्री पूर्वाधार, बालउद्यान र हरियाली कार्यक्रम कार्यान्वयन गर्ने ।

- विपद् प्रतिकार्य र शिक्षा निरन्तरताका लागि सूचना प्रविधिको प्रयोग, जलवायु संकट तथा महामारी प्रति संवेदनशील योजना, जीवन उपयोगी सिपको एकीकरण, समग्र शिक्षालाई व्यवहारिक बनाउने।
- विद्याय सुशासन, प्लास्टिकजन्य फोरमैला मुक्त सफा विद्यालय, जिम्मेवार उत्तरदायी शिक्षक, सचेत अभिभावक र अनुशासित विद्यार्थीको अवधारणा कार्यन्वयन गर्ने ।

### ३.२.५ उपलव्धि, नतिजाहरु, प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

#### उपलव्धि

- अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

#### प्रमुख नतिजाहरु

- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकाहरुको भर्ना दरमा वृद्दि हुने ।
- सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालय दरबन्दीलाई पुनर्वितरण तथा विद्यालय समायोजन भएको हुने ।
- सिकाइका लागि न्युनत्तम भौतिक संरचनामा सुधार भएको हुने ।
- बालबालिकाहरुको न्युनत्तम सिकाइ उपलब्धीमा सुधार भएको हुने ।
- तोकिएको पाठ्यक्रम तथा मूल्यांकन प्रणाली पुर्ण रुपमा कार्यान्वयन भएको हुने ।
- स्थानीय पाठ्यक्रमको विकास तथा कार्यान्वयन भएको हुने ।

#### प्रमूख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | समुदाय भम्रण र विद्यार्थी विवरण संकलनमा आधारित सघन भर्ना अभियान सञ्चालन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| २ | विद्यालय मार्फत अभिभाबक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| ३ | विपन्न तथा पिछडिएका समुदायका बालबालिकाहरुको लागि शैक्षिक सहयोग/सहुलियत कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान तथा पुनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकासका लागि मर्मत तथा पुनस्थापना (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | ५ | ५ | ६ | ६ | ५ | २७ | ५४ | |
| ८ | शिक्षण सिकाई वातावरण सुधार योजनामामा आधारित कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २७ | ५४ | |
| ९ | शैक्षिक सामग्रीको विकास वितरण तथा ब्यवस्थापन | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | २७ | ५४ | |
| १० | शिक्षण सिकाइ सुधारका लागि पेशागत क्षमता विकास कार्यक्रम | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| ११ | मौजात संरचना अन्तर्गत गुरुकुल पद्धतिबाट कक्षा सञ्चालन/ व्यवस्थापन | | ० | ० | १ | ० | ० | ० | १ | |
| १२ | नयाँ पाठ्यक्रम कार्यन्वयका लागि प्रविधीकरण कार्यक्रम। | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| १३ | अभिभाबक र विज्ञको सहयोगमा उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| १४ | विद्यालय, वडा र पालिकास्तरमा पठन संस्कृतिको विकास र शैक्षिक प्रदशनीको आयोजना | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| १५ | एक वडा एक नमुना आधारभुत विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | विद्यालय सुशासन तथा सिकाइ उपलब्धी वृद्दिका लागि अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १७ | सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गमभत्ता सहित) | जना | १४२ | १४२ | १४२ | १४२ | १४२ | ७१० | १४२० | |
| १८ | आधारभूत तह (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गमभत्ता सहित) | जना | १८ | १८ | १८ | १८ | १८ | ९० | १८० | |
| १९ | आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | २१ | २१ | २१ | २१ | २१ | १०५ | २१० | |
| २० | आधारभुत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | ६०४२ | ६०४२ | ६०४२ | ६०४२ | ६०४२ | ३०२१० | ६०४२० | |
| २१ | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | जना | २२ | २२ | २२ | २२ | २२ | २२ | ४४ | |
| २२ | आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | २७ | ५४ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | | | | | | | | |
| २३ | Early Grade Learning (EGL) program को न्युनतम package कार्यक्रम व्यवस्थापन र संचालनका लागि बिद्यालयहरुलाई बजेट अनुदान | विद्यालय | २७ | २७ | २७ | २७ | २७ | १३५ | २७० | |
| २४ | आधारभूत तह (कक्षा १-८) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यार्थी | ६०४२ | ६०४२ | ६०४२ | ६०४२ | ६०४२ | ३०२१० | ६०४२० | |
| २५ | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | विद्यार्थी | ४२८५ | ४२८५ | ४२८५ | ४२८५ | ४२८५ | २१४२५ | ४२८५० | |
| २८ | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ९१२ | ९१२ | ९१२ | ९१२ | ९१२ | ४५६० | ९१२० | |
| २९ | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन | विद्यार्थी | ५६३ | ५६३ | ५६३ | ५६३ | ५६३ | २८१५ | ५६३० | |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकलाई माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्राप्त गर्ने हक सुनिश्चित गरेको छ। यसलाई कार्यान्वयन गर्न बनेको अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ले समेत राज्यलाई सबै नागरिकलाई माध्यमिक तहको शिक्षा उपलब्ध गराउने दायित्व दिएको छ। संविधानले विद्यालय तहको शिक्षा स्थानीय सरकारको अधिकारक्षेत्र भित्र राख्ने साथै संघ, प्रदेश र स्थानीय तीनवटै तहको साझा जिम्मेवारी पनि निर्धारण गरेको छ।

यी संवैधानिक र कानुनी प्रावधानहरूले शिक्षा सेवामा नागरिकका लागि गुणस्तरीय, पहुँचयुक्त र उत्तरदायी व्यवस्था विकास गर्न तीन तहका सरकारहरूलाई स्पष्ट रूपमा उत्तरदायी बनाएका छन्। हाल विद्यमान शिक्षा ऐन, २०२८ अनुसार कक्षा ९ देखि १२ सम्मको शिक्षा माध्यमिक तह अन्तर्गत पर्छ। आधारभूत तह (कक्षा १—८) सकिएपछि सबै बालबालिकालाई रुचि र क्षमता अनुसार माध्यमिक तहमा साधारण, प्राविधिक वा व्यावसायिक धारको शिक्षा छनोट गर्ने अवसर दिनुपर्ने आवश्यकता छ। यस तहको शिक्षा जीवनोपयोगी, सीपमूलक, प्रविधियुक्त, उत्पादनमूलक तथा व्यावहारिक हुनुपर्छ।

कक्षा ११ र १२ मा हाल वैकल्पिक धारको एकलपथीय पाठ्यक्रम लागू गरिएको छ, जसले विद्यार्थीलाई उच्च शिक्षामा जान वा श्रम बजारमा प्रवेश गर्ने बाटो खोल्दछ। यसैगरी, श्रम बजारको मागअनुसार आधारभूत तथा मध्यमस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने व्यवस्था पनि माध्यमिक तहमा समावेश गरिएको छ। शिक्षा नीति, २०७६ले माध्यमिक तहमा प्राविधिक धारको विस्तार र प्रवर्द्धनलाई प्राथमिकता दिँदै आएको छ, जसले रोजगारमुखी शिक्षालाई प्रवर्द्धन गर्ने स्पष्ट मार्गनिर्देशन दिएको छ।

## ३.३.२ वर्तमान अवस्था

नेपालको संविधान २०७२ र अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ ले माध्यमिक तहको शिक्षा सबैका लागि निःशुल्क हुने प्रावधान गरेको भए तापनि, व्यवहारमा यसलाई पूर्ण रूपमा निःशुल्क बनाउने कार्य अझै अधुरो रहेको छ। अझै पनि विपन्न, सीमान्तकृत र विशेष आवश्यकताका बालबालिकाहरू माध्यमिक शिक्षाबाट बञ्चित हुने अवस्था विद्यमान छ। जहदा गाउँपालिकामा हाल कक्षा १—१० र १वटा सामुदयिक ९२ वटा र संस्थागत १ वटा विद्यालय गरी जम्मा २ गरी कुल ९ वटा माध्यमिक विद्यालयहरू छन्, जसमा कक्षा ९—१२ सम्मका १२४९ जना विद्यार्थी अध्ययनरत छन् (शैक्षिक सत्र २०८२)। यद्यपि, माध्यमिक तहसम्म सही उमेरमा भर्ना नियमित उपस्थिति, सिकाइ टिकाउपन र विद्यालय नछाड्ने दरचुनौतीका रूपमा देखिएको छ।

एस.ई. तथा कक्षा ११—१२ को परीक्षामा न्यूनतम सिकाइ उपलब्धि हासिल गर्न नसक्ने विद्यार्थीको संख्या उल्लेखनीय रहेको पाइएको छ, जसका कारण उनीहरू उच्च शिक्षाबाट पनि बञ्चित हुने सम्भावना उच्च छ। यसले माध्यमिक तहको शिक्षाको गुणस्तरप्रति गम्भीर चिन्ता उत्पन्न गराएको छ। शिक्षा उपयोगी र जीवनोपयोगी हुनुपर्नेमा जोड दिइए तापनि, सीपमूलक, व्यवहारिक तथा प्रविधियुक्त शिक्षणमा सुधारको खाँचो छ। यद्यपि गा.पा.ले शिक्षक अभाव हटाउन संघीय सरकारबाट अनुदान शिक्षक (अंग्रेजी, गणित, विज्ञान) व्यवस्थापन गर्ने, ICT ल्याब, विज्ञान प्रयोगशाला र पुस्तकालय स्थापना गर्ने कार्यमा पहल गरे पनि ती स्रोतहरूको प्रभावकारी प्रयोग र व्यवस्थापन कमजोर देखिएको छ।

साथै, शिक्षकहरूलाई समयसापेक्ष तालिम तथा पेसागत सहयोगको अभाव, विद्यार्थीहरूको नियमित उपस्थिति सुनिश्चित नगर्नु शिक्षण—सहजीकरणमा पाठ्यक्रमको सही कार्यान्वयन नहुनु, र न्यूनतम भौतिक तथा सिकाइ पूर्वाधारको असमान उपलब्धता जस्ता समस्या विद्यमान छन्। यसैगरी, विद्यालयमा अभिभावक सहभागिता कमजोर रहेको, प्रोत्साहन प्रणाली संस्थागत नभएको र शिक्षा क्षेत्रका सेवा प्रदायकहरूबीच समन्वय कमजोर रहेको पाइएको छ।

### ३.३.३ उद्धेश्यहरु

- माध्यमिक शिक्षालाई सर्वसुलभ, समतामुलक पहुँच तथा सहभागिता सुनिश्चित गर्न लागि माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा सुधार गर्नु
- माध्यमिक तहको भौतिक पक्षमा सुधार गरी प्रविधियुक्त शिक्षण सिकाईको वातावरण विकास गर्नु ।
- विद्यालय छोड्ने दर शुन्य बनाई विद्यार्थी नियमितता एवं उच्च उपलब्धीस्तर कायम गर्नु ।

### ३.३.४ रणनीतिहरु:

- माध्यमिक तहमा सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न आवश्यकताअनुसार विद्यालय पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- विद्यालय बाहिर रहेका बालबालिकाका लागि वैकल्पिक माध्यमका शैक्षिक कार्यक्रमहरू सञ्चालन गर्ने ।
- विद्यार्थीलाई विद्यालयमा पहुँच अभिवृद्धि गर्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने ।
- माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने।
- शिक्षकहरूको पेसागत विकास र सहयोगका लागि तालिम, प्रशिक्षणको व्यवस्था गर्ने ।
- शिक्षकहरूको अभिप्रेरणाका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने ।
- शिक्षणबाहेकको समयमा मुख्य विषयमा उपचारात्मक कक्षा सञ्चालन गर्ने ।
- प्राविधिक धारका विद्यार्थीहरूलाई छात्रवृत्ति तथा रोजगारीमा प्राथमिकता दिने ।
- प्रयोगात्मक सिकाइ, परियोजना कार्यलाई अनिवार्य बनाइ व्यवहारिक बनाउने ।
- वालक्लवको नेतृत्व विकास गरी अभिभावक सचेतना प्रवर्द्धन गर्ने ।
- सबै विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने ।
- शिक्षण सिकाइ पद्धतिमा सुधार ल्याउने, बालमैत्री र प्रविधिमैत्री शिक्षण विधिबाट शिक्षण हुने व्यवस्था मिलाउने ।
- हरेक विद्यालयमा सूचना र सञ्चार प्रविधिको विस्तार र प्रयोगको सुनिश्चित गर्ने ।

### ३.३.५ उपलव्धि तथा प्रमूख नतिजाहरु

#### उपलव्धि

- माध्यमिक शिक्षाको पहुँच, सहभागिता र गुणस्तरमा सुधार हुने ।

#### नतिजा

- माध्यमिक तहको शिक्षामा पहुँचमा वृद्दि भई खुद भर्ना, टिकाउ दर तथा सिकाइ उपलब्धीदरमा बृद्धि हुने तथा कक्षा छाड्ने र दोहोर्याउनेदरमा कमी आउने ।
- सबै माध्यमिक विद्यालयले न्यूनत्तम आधारभूत मापदण्ड पूरा भएको हुने ।
- प्राविधिक धारतर्फको शिक्षामा पहुँचमा वृद्दि भएको हुने ।
- सबै माध्यमिक विद्यालयहरुलाई नमुना विद्यालयका रुपमा विकास गरि अन्य फिडर विद्यालयहरुलाई सहयोग गर्ने अभ्यासको लागु हुने ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्र.स. | प्रमूख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अविभावक सम्पर्क तथा विद्यार्थी विवरण संकलन र विद्यार्थी भर्ना कार्यक्रम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २ | विद्यालय मार्फत अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ३ | विपन्न तथा पिछडिएका समुदायका बालबालिकाहरुको लागि शैक्षिक सहयोग कार्यक्रम सञ्चालन | समय | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय नक्शाङ्कन, पुनर्वितरण र समायोजन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | शिक्षक दरबन्दी मिलान तथा पुर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विषयगत शिक्षकको ब्यवस्था | जना | ५ | ५ | ५ | ५ | ५ | २५ | ५० | |
| ७ | विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार विकास (भवन तथा कक्षाकोठा, फर्निचर, शौचालय, खानेपानी, खेलमैदान, घेराबारा, खाजा घर) | विद्यालय | २ | २ | २ | २ | १ | ९ | १८ | |
| ८ | सिकाइका लागि न्युनत्तम वातावरणको लागि विद्यालय सुधार योजनामा आधारित विद्यालय | विद्यालय | २ | २ | २ | २ | १ | ९ | १८ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सहयोग कार्यक्रम | | | | | | | | | |
| १० | पुस्तकालय विज्ञान प्रयोगशाला तथा आइसीटी ल्याबको थप व्यवस्थापन तथा सहयोग | विद्यालय | २ | २ | २ | २ | १ | ९ | १८ | |
| ११ | शिक्षण सिकाइ सुधारका लागि पेशगत क्षमता विकास कार्यक्रम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १२ | परिवर्तित पाठ्यक्रम प्रवोधिकरण कार्यक्रम | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १३ | अभिभावक तथा विज्ञको सहयोगमा उपचारात्मक तथा सुधारात्मक कक्षा सञ्चालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १४ | वडा तथा पालिकास्तरमा पठन संस्कृतिको विकास तथा शैक्षिक मेला आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १५ | नमुना माध्यमिक विद्यालय निर्माण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | ७ | |
| १६ | विद्यालय सुशासन तथा सिकाइ उपलब्धी वृद्दिसँग सम्बन्धित अन्तरक्रिया कार्यमा संचालन | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १७ | घुम्ति प्रअ/शिक्षक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १८ | पढ्दै कमाउदै कार्यक्रमको विविध पक्षमा छलफल र सहयोग। | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| १९ | सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१०) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २० | सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ११-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | जना | २ | २ | २ | २ | २ | १० | २० | |
| २१ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | जना | १८ | १८ | १८ | १८ | १८ | ९० | १८० | |
| २२ | सामुदायिक माध्यमिक तह (कक्षा ९-१२) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | जना | १२४९ | १२४९ | १२४९ | १२४९ | १२४९ | १२४९ | ६२४५ | १२४९० |
| २३ | माध्यमिक तह (कक्षा १-१२) का लागि प्र.अ.भत्ता | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| २४ | माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २५ | माध्यमिक तह (कक्षा ९-१२) का लागि पाठ्यपुस्तक खरिद र बितरण अनुदान | विद्यार्थी | ११७४ | ११७४ | ११<br>७४ | ११<br>७४ | ११<br>७४ | ५८<br>७० | ११<br>७४<br>० | |
| २७ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | विदयार्थी | ६७६ | ६७६ | ६७<br>६ | ६७<br>६ | ६७<br>६ | २५<br>०० | ५०<br>०० | |

## ३.४ प्राविधिक तथा व्यवसायिक शिक्षा

### ३.४.१ परिचय

नेपालको सन्दर्भमा प्राविधिक तथा व्यवसायिक शिक्षा अपरिहार्य विषयको रुपमा रहेको छ । यसलाई वर्तमान मागको रुपमा नलिई आवश्यकताको रुपमा लिईएको छ । आमजनमानसमा प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनुपर्छ भन्ने अवधारणाको विकास भइसकेको छ । प्राविधिक तथा व्यवसायिक शिक्षा सरकारले नै सञ्चालन गर्नुपर्ने र उत्पादित जनशक्तिलाई सरकारले नै रोजगारी दिनुपर्ने मान्यता पनि अघि सारिएको छ । विद्यालय शिक्षा कक्षा १ देखि १० सम्म प्राविधिक शिक्षा र व्यवसायिक शिक्षामा जोड दिनु बढि उपयुक्त र सान्दर्भिक देखिन्छ । नेपाल सरकारको निर्णय र स्वीकृत ऐन , नियम तथा निर्देशिका बमोजिम प्राविधिक तथा व्यवसायिक शिक्षा सामुदायिक विद्यालयहरुमा पनि सञ्चालन गर्ने अवधारणा अगाडि सारियो । शिक्षा मन्त्रालय तथा शिक्षा तथा मानव स्रोत विकास केन्द्र मार्फत सामुदायिक विधालयमा कक्षा ९ बाट प्राविधिक शिक्षा सञ्चलन गर्ने निर्णय वि.सं.२०६८ सालमा गरेको थियो सोहि निर्णयानुसार २०७० सालदेखि कक्षा कक्षा ९ मा प्राविधिक शिक्षाको ९९ वटा विद्यालयहरुमा पठनपाठन प्रारम्भ भयो तत्पश्चात २०७२ सालदेखि ९३ वटा सामुदायिक विद्यालयहरुमा कक्षा ११ मा प्राविधिक शिक्षाको पठनपाठन शुरु भयो । यस अन्तगत ईन्जिनियरिङ्ग तर्फ सिभिल, इलेक्ट्रिकल कम्प्युटर र कृषि तथा पशु विज्ञान तर्फ व्यवसायिक र पशुविज्ञान कार्यक्रम सञ्चालनमा छन् । विद्यालय शिक्षामा प्राविधिक तथा व्यवसायिक शिक्षाको व्यवस्थावाट कार्यमूलक ,व्यवहारिक, प्राविधिक तथा व्यवसायिक सिपयुक्त दक्ष जनशक्ति उत्पादन गरि विश्व श्रम वजारमा सहज प्रवेशको सम्भावना बढाउन तथा रोजगारीको सुनिश्चितता प्रदान गर्न शैक्षिक उत्पादनको गुणात्मकता वृद्धिका लागि सामुदायिक विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक शिक्षा सञ्चालन गर्नु नितान्त जरुरी रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

दक्ष जनशक्तिको आवश्यकता हरेक मुलुकको विकासको आधारशिला हो । राष्ट्रको भौतिक, शैक्षिक, सामाजिक, आर्थिक, सांस्कृतिक तथा औद्योगिक विकासका लागि दक्ष र योग्य जनशक्ति अपरिहार्य मानिन्छ । यही आवश्यकता बोध गर्दै, यस गाउँपालिकाभित्र सिटिभिटिबाट सञ्चालित शैलजा आचार्य पोलिटेक्निक इन्स्टिच्युट संस्था रहेको छ जसले प्राविधिक तथा व्यावसायिक शिक्षा दिइरहेको छ । त्यस संस्थामा अध्ययनरत जहदा गाउँपालिका भित्रका विद्यार्थीहरुलाई गाउँपालिकाले प्रत्येक वर्ष छात्रबृत्ति प्रदान गर्दै आइरहेको छ ।यद्यपि, हालसम्म यस गाउपालिकाभित्र अन्य विद्यालयहरूमा प्राविधिक तथा व्यावसायिक धार सञ्चालन गर्न सकिएको छैन । यसको प्रमुख कारणहरूमा नीति अनुसार 'एक पालिका, एक प्राविधिक विद्यालय भन्ने व्यवस्था नभएको, दक्ष प्राविधिक जनशक्तिको अभाव, तथा पर्याप्त भौतिक संरचना तथा सुविधा व्यवस्थापनको चुनौती रहेको देखिन्छ ।गाउँपालिकामा आफ्नै आन्तरिक स्रोतले प्राविधिकधारको विद्यालयमा सञ्चालन गर्न बजेट अभाव रहेकोले संघिय सरकारको लगानी भयो भने मात्र प्राविधिक धारको विद्यालय सञ्चालन गर्न सकिन्छ ।

विद्यालयहरूमा विद्यार्थीहरूमा व्यवसाय, पेसा तथा प्रविधिप्रतिको रुचि विकास गर्ने र व्यवहारिक सिप प्रदान गर्नेतर्फ अपेक्षित ध्यान नपुगेको देखिन्छ । फलस्वरूप, कक्षा १२ सम्म प्राविधिक शिक्षा हासिल गरेका विद्यार्थीहरू मध्ये केही आर्थिक वा बौद्धिक कारणले उच्च शिक्षा हासिल गर्न नसक्दा अलमलमा पर्ने अवस्था देखिएको छ । यस्तो अवस्थामा, स्थानीय तहले रोजगारमुखी सिप विकास गर्ने तालिम र अवसरहरू प्रदान गर्नु अत्यन्त आवश्यक भएको छ ।

अन्ततः, विश्व बजारको प्रतिस्पर्धात्मक प्रकृति हेर्दा प्रत्येक माध्यमिक विद्यालयमा प्राविधिक तथा व्यावसायिक शिक्षा उपलब्ध गराउनु अपरिहार्य भइसकेको छ । यसले मात्र स्थानीय स्तरमा रोजगारी सिर्जना गर्न, दक्ष जनशक्ति उत्पादन गर्न र समग्र विकासको गति तिव्र बनाउन सकिनेछ ।

### ३.४.३ उद्देश्यः

- सबै नागरिकका लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमका अवसर सुनिश्चित गर्ने
- प्राविधिक तथा व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा उत्पादन हुने जनशक्तिका लागि स्थानीय स्तरमा रोजगारी तथा स्वरोजगारीका उपलब्ध अवसर गराउने

### ३.४.४ रणनीतिहरु

- यस पालिकामा भित्र स्नातक तहसम्मको प्राविधिक तथा व्यावसायिक धारको अध्ययनको व्यवस्था मिलाउन सम्बन्धित निकायहरूसँग आवश्यक समन्वय र पहल गर्ने ।
- प्राविधिक धार सञ्चालन गर्न इच्छुक अन्य माध्यमिक विद्यालयहरूलाई सम्बन्धन प्राप्त गराउनका लागि सम्बन्धित निकायमा आवश्यक प्रक्रिया अघि बढाइने।
- स्थानीय तहको समन्वयमा प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालनका लागि सुझाव संकलन गरी आवश्यक आर्थिक स्रोतको व्यवस्थापनका लागि पहल गर्ने ।
- प्राविधिक धारतर्फ विद्यार्थीहरूलाई अभिप्रेरित गर्न "पढ्दै कमाउँदै" कार्यक्रमलाई थप सुदृढ बनाउँदै प्रभावकारी रूपमा सञ्चालन गर्ने।
- स्थानीय जनशक्ति विकास गर्ने उद्देश्यले गाउँपालिकाले आवश्यकता आधारित, रोजगारमुखी छोटो अवधिका सीपमूलक तालिमहरू सञ्चालन गर्ने ।
- प्राविधिक धार सञ्चालित विद्यालयहरूमा प्रयोगात्मक कार्यका लागि आवश्यक प्रयोगशाला र फिल्डको दीर्घकालीन एवं दिगो व्यवस्थापन सुनिश्चित गर्ने ।

### ३.४.५ प्रमुख उपलव्धि तथा नतिजा

- प्राविधिक धारमा अध्ययनरत विद्यार्थीको संख्यामा वृद्दि भएको हुने ।
- प्राविधिक धारको सिकाइ वातावरणमा सुधार भएको हुने ।

### ३.४.६ प्रमुख क्रियाकलाप तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | ० | ० | ० | ० | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २ | प्राविधिक धार कम्तिमा एक माध्यमिक विद्यालया स्थापना गर्ने। | वडागत | ० | ० | ० | १ | ० | १ | १ | |
| ३ | जहदा गाउँपालिकाबाट एस इ इ उत्तिर्ण भई शैलजा प्राविधिक शिक्षालयमा अध्ययनत विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रम। | जना | ३० | ३० | ३० | ३० | ३० | १८० | ३६० | |
| ४ | जहदा गाउँपालिकामा स्थायी बसोबास भई अन्य पालिकामा माध्यमिक तहमा विज्ञान र प्राविधिकधार अध्ययन गर्ने विद्यार्थीका लागि छात्रबृत्ति/प्रोत्साहन कार्यक्रम | जना | ३० | ३० | ३० | ३० | ३० | ३० | ३६० | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

मानव जीवनका लागि आवश्यक ज्ञान, सीप र व्यवहारको विकास केवल औपचारिक शिक्षा प्रणालीमार्फत सीमित हुँदैन । औपचारिक शिक्षा प्रणालीबाहिर प्राप्त हुने अनुभव, ज्ञान र सीपलाई समेट्ने शिक्षा प्रणाली नै आजीवन तथा निरन्तर सिकाइ हो, जसलाई अनौपचारिक शिक्षाको रूपमा चिनिन्छ ।

अनौपचारिक र आजीवन शिक्षाले समाजमा रहेका विभिन्न वर्ग, उमेर, सीपस्तर तथा आवश्यकता भएका व्यक्तिहरूलाई लक्षित गरी शिक्षा, सिप र जीवनोपयोगी ज्ञान उपलब्ध गराउने कार्य गर्छ। यस प्रणालीले निरक्षरलाई साक्षर बनाउने, साक्षरलाई साक्षरोत्तर शिक्षामा लैजाने, शिक्षालाई सिप र आम्दानीसँग जोड्ने, र समग्र रूपमा शिक्षित, आत्मनिर्भर र समावेशी समाजको निर्माणमा योगदान पुऱ्याउने उद्देश्य राख्दछ। स्थानीय सरकारहरूसँग सहकार्यमा साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रमहरू समन्वयात्मक रूपमा योजना, विकास र सञ्चालन गर्ने नीति लिइएको छ । यसका साथै, अनौपचारिक र औपचारिक शिक्षाबीचको दोहोरो प्रवेशको अवसर सुनिश्चित गरी व्यक्तिले प्राप्त गरेको ज्ञान, सीप र अनुभवको समकक्षता निर्धारण तथा प्रमाणीकरण गर्ने व्यवस्था पनि विकास हुँदैछ ।

सामुदायिक सिकाइ केन्द्रमार्फत साक्षरता कार्यक्रमलाई प्रवर्द्धन गर्दै, साक्षरता स्वयंसेवकहरूको परिचालनमार्फत निरक्षर तथा नवसाक्षर वर्गलाई शिक्षामा समावेश गराउने प्रयास भइरहेको छ। यद्यपि, यस्ता केन्द्रहरूको व्यवस्थापन अझै प्रभावकारी हुन नसकेको, तथा साक्षर भइसकेका व्यक्तिहरू निरन्तर सिकाइको अवसरबाट वञ्चित हुँदा पुनः निरक्षर बन्ने जोखिम देखिएको छ ।

राज्यले शिक्षा मात्र होइन, शिक्षासँग जोडिएको रोजगारी र सीप विकासमा पनि ध्यान दिनुपर्ने आवश्यकता छ । तर राज्यले उपयुक्त रोजगारीको अवसर दिन नसक्दा, र सामुदायिक सिकाइ केन्द्रहरूले पनि दक्षता विकासका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्न नसक्दा केही सिकाइ केन्द्रहरू बन्द हुने अवस्थामा पुगेका छन् ।

नेपालले दक्षिण कोरियाको इन्चोनमा सम्पन्न विश्व शिक्षा मञ्चमा जीवनपर्यन्त सिकाइ प्रवर्द्धन गर्ने प्रतिबद्धता जनाइसकेको सन्दर्भमा, साक्षर, नवसाक्षर तथा कक्षा ८ सम्म नपढेका नागरिकहरूका लागि निरन्तर सिकाइ र जीवनोपयोगी सिप विकासका अवसरहरू सुनिश्चित गर्नु राज्यको प्रमुख दायित्व हो। यसबाट मात्र समावेशी, सक्षम र आत्मनिर्भर नागरिक निर्माण सम्भव हुनेछ, जसले समाजको समग्र रूपान्तरणमा टेवा पुऱ्याउनेछ।

## ३.५.२ वर्तमान अवस्था

अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले शैक्षिक क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ। औपचारिक शिक्षा प्रणालीले नछोएका समुदाय, उमेर समूह र व्यक्तिहरूलाई लक्षित गर्दै अनौपचारिक शिक्षा प्रणालीले निरन्तर सिकाइको अवसर प्रदान गर्दै आएको छ। नेपालमा विशेषतः विद्यालय क्षेत्र विकास योजना (SESP) को कार्यान्वयन सन्दर्भमा साक्षरता तथा आजीवन सिकाइका कार्यक्रमहरूमार्फत पहुँचको वृद्धि भएको र गुणस्तरीय सुधारको अपेक्षा गरिएको छ। राष्ट्रिय शिक्षा नीति, २०७६ ले अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने र जीवनपर्यन्त सिकाइ संस्कृतिको विकास गर्ने लक्ष्य राखेको छ। उक्त नीतिले अपाङ्गता भएका व्यक्तिहरूलाई पनि गुणस्तरीय शिक्षामा पहुँच पुर्याई जीवनयापनका लागि सक्षम र प्रतिस्पर्धी नागरिक बनाउने उद्देश्य राखेको छ।

जहदा गाउँपालिकाको सन्दर्भमा हेर्दा, राष्ट्रिय जनगणना २०७८ अनुसार कुल साक्षरता दर ६२.२ प्रतिशत रहेको छ। त्यसमा महिलाको प्रतिशत ५८.२ मात्र रहेको छ जसले लिङ्गीय असमानताको अवस्थालाई पनि उजागर गर्दछ। साक्षर जनसंख्यामा धेरैजसोले प्राथमिक तहसम्म मात्र अध्ययन गरेका छन्, जसले साक्षरता कायम राख्न र जीवनोपयोगी ज्ञानको विकास गर्न निरन्तर सिकाइको आवश्यकता देखाउँछ।

गाउँपालिकामा केन्द्रको तथ्याङ्क अनुसार १ वटा वटा सामुदायिक सिकाइ केन्द्र रहेको भए पनि त्यस सिकाइ केन्द्र यस पालिकामा हाल सञ्चालनमा नरहेकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्रको सहयोगमा त्यस सिकाई केन्द्रलाई पुनःस्थापना गरी साक्षरताका कार्यक्रमहरु सञ्चालन गर्न सकिन्छ। यसले शिक्षा नपाएका वा विद्यालय छाडेका बालबालिका, किशोर–किशोरी र वयस्कहरूका लागि पुनः सिकाइमा फर्किने अवसर न्यून भएको देखिन्छ। साक्षरता तथा निरन्तर सिकाइमा लागेका विभिन्न परियोजनाहरूको सहयोग, संघीय सरकारको साक्षर पालिका घोषणा अभियान, र स्थानीय स्तरमा रहेका सिकाइ केन्द्रहरू यस क्षेत्रका अवसर हुन्।

यद्यपि, अझै पनि विभिन्न समस्या तथा चुनौतीहरू विद्यमान छन्। सामुदायिक सिकाइ केन्द्रहरूको संख्या सीमित हुनु, रहेका केन्द्रहरूको संस्थागत क्षमता विकास नहुनु, साक्षरता अभावमा पुनः निरक्षर हुने जोखिम, सबै निरक्षरहरूको तथ्याङ्क अभाव, वैकल्पिक शिक्षाका कार्यक्रम सञ्चालनमा नहुनु, र जीवनपर्यन्त सिकाइको अवसरको प्रबन्ध गर्न नसकिनु प्रमुख चुनौतीहरू हुन्। यस सन्दर्भमा निम्न कार्यहरू प्राथमिकताका साथ अगाडि बढाउनु आवश्यक देखिन्छः

- सामुदायिक सिकाइ केन्द्रको पुनः स्थापना गरी प्रभावकारी रुपमा सञ्चालन गर्ने।
- गाउँपालिकामा रहेका सबै निरक्षरहरूको पहिचान गरी लक्षित कार्यक्रममार्फत साक्षर बनाई "पुर्ण साक्षर पालिका" घोषणा गर्ने।

- अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयनका लागि सामुदायिक सिकाई केन्द्रलाई प्रभावकारी रुपमा परिचालन गर्ने ।

यसरी अनौपचारिक तथा आजीवन सिकाइ प्रणालीलाई मजबुत बनाइ शिक्षामा समावेशिता, पहुँच र गुणस्तर वृद्धि गर्न सकिनेछ, जसले दीर्घकालीन सामाजिक रूपान्तरणमा योगदान दिनेछ ।

### ३.५.३ उद्धेश्य

यस योजनाले अनौपचारिक शिक्षा तथा आजिवन सिकाइ सम्बन्धि निम्नलिखित उद्धेश्यहरु राखेको छः

- गाउँपलिकालाई पुर्ण साक्षर गाउँपलिका घोषणा गर्नु ।
- सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित गरी निरन्तर सिकाइ तथा आयआर्जनमा परिचालन गर्नु ।
- निरन्तर सिकाइका अवसरहरुको विस्तार गर्नु ।
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन कार्यान्वयन गर्न आवश्यक कार्यहरु गर्नु।

### ३.५.४ रणनीतिहरु

यस योजनाका उद्धेश्यहरु हासिल गर्न निम्नलिखित रणनीतिहरु अवलम्बन गरिने छः

- साक्षर पालिका घोषणाका लागि समन्वित अभियान सञ्चालन गर्ने ।जस्तै पालिका स्तरमा साक्षरता कार्यदल गठन गरिनेछ जसले साक्षरता वृद्धिका लागि दीर्घकालीन कार्ययोजना तयार गर्ने । विद्यालय, नागरिक समाज, सञ्चार माध्यम, राजनीतिक दल, टोल विकास संस्था, अभिभावक, तथा विकास साझेदारहरूलाई अभियानमा समावेश गर्ने । सामुदायिक सिकाइ केन्द्रहरू स्थापना गरी प्रत्येक वडामा पुर्ण साक्षरता कार्यक्रम गर्ने ।कम्तीमा पनि सबै नागरिकलाई कक्षा ८ सम्मको शिक्षा उत्तीर्ण गर्न विभिन्न अनौपचारिक शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ।
- शैक्षिक संस्था र युवा शक्तिको परिचालन गर्ने । जस्तै माध्यमिक विद्यालयका विद्यार्थीहरूलाई साक्षरता तथा निरन्तर सिकाइसँग सम्बन्धित प्रयोगात्मक कार्यमा सञ्चालन गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रको पुनःस्थापना गरी सुदृढीकरण गर्ने । सामुदायिक सिकाइ केन्द्रलाई सरकारी मापदण्ड अनुसार व्यवस्थित गर्न अनुगमन तथा प्राविधिक निर्देशन प्रदान गर्ने । केन्द्रहरूलाई निरन्तर साक्षरता, सिप विकास तथा आयआर्जन कार्यक्रम गर्न व्यवस्था मिलाउने ।
- सूचना प्रविधिको प्रयोग र अध्ययन केन्द्रको विकास गर्ने । सूचना प्रविधिसहितको अध्ययन केन्द्र स्थापना गर्ने । जसले डिजिटल माध्यमबाट निरन्तर सिकाइमा पहुँच पुऱ्याउनेछ। केन्द्रहरूलाई साक्षरता, वैकल्पिक शिक्षा, तथा जीवनोपयोगी सीप प्रशिक्षण दिने स्थलका रूपमा विकास गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रहरूलाई सरकारी तथा गैरसरकारी निकायसँग समन्वय गरेर थप क्रियाशील बनाउने।
- विकास साझेदारसँग सहकार्य गरी आर्थिक, प्राविधिक, र मानव स्रोत जुटाउने ।
- कार्यक्रम विकास र पहुँच विस्तार गर्ने । जस्तै साक्षरता कक्षा, वैकल्पिक शिक्षाका कार्यक्रम, तथा आजीवन सिकाइका अवसरहरू विस्तार गर्ने । निरक्षरको विवरण संकलन गरी लक्षित कक्षा सञ्चालन गर्ने।
- संस्थागत सुदृढीकरण र दीर्घकालीन योजना गर्ने । सामुदायिक पुस्तकालय र सूचना केन्द्रको व्यवस्थापन सिकाइ केन्द्रमार्फत गरिनेछ।

- सीप प्रमाणीकरण र रोजगारमुखी कार्यक्रम सञ्चालन गर्ने । अनौपचारिक रूपमा सिकिएका सीपहरूको प्रमाणीकरण प्रक्रिया सञ्चालन गर्ने। (जस्तैः वैदेशिक रोजगार र पारिवारिक व्यवसायबाट सिकिएका सीप)। आयआर्जन समूह गठन गरी सीपमूलक तालिम र स्वरोजगार कार्यक्रम सञ्चालन गर्ने ।

## ३.५.५ उपलब्धि, नतिजा, प्रमूख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- सिकाइ केन्द्र पुनः स्थापना भई सञ्चालनमा रहेको हुने
- सिकाइ केन्द्रहरु थप व्यवस्थित भइ साक्षरता, निरन्तर सिकाइ तथा आयआर्जनका गतिविधिहरुमा क्रियाशिल भएको हुने ।
- अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनका लागि अनौपचारिक कक्षाहरु सञ्चालन भएको हुने।

## प्रमूख क्रियाकलापहरू तथा लक्ष्य

| क्रस | प्रमूख क्रियाकलापहरू | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडागत रुपमा निरक्षर व्यक्ति पहिचानको कार्यक्रम | पटक | १ | ० | ० | ० | ० | ० | १ | |
| २ | सामुदायिक सिकाइ केन्द्र मार्फत पुर्ण साक्षरता कार्यक्रमहरु सञ्चालन | वडागत | १ | २ | २ | १ | १ | ७ | १४ | |
| | पूर्ण साक्षरता घोषणाको लागि कार्यदल गठन तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | पुर्ण साक्षरता घोषणा कार्यक्रम तथा अनिवार्य तथा निशुल्क कार्यक्रम | पटक | ० | | ० | १ | ० | १ | २ | |
| ४ | सामुदायिक सिकाइ केन्द्रको बार्षिक परीक्षण र समीक्षा कार्यक्रम | केन्द्र | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन तथा व्यवस्थापन सहयोग | जना | ० | १ | ० | ० | १ | २ | ४ | |
| ६ | सामुदायिक सिकाइ केन्द्र परिचालकको क्षमता विकास तालिम | जना | ७ | ७ | ७ | ७ | १४ | ४२ | ८२ | |
| ७ | मा.वि. तहका विद्यार्थी तथा युवालाई निरन्तर सिकाइका लागि परिचालन गर्ने | विद्यार्थी | ९ | ९ | ९ | ९ | ९ | ४५ | ९० | |
| ८ | प्रस्तावनाको आधारमा सामुदायिक सिकाइ केन्द्रलाई साक्षरता र आयआर्जन कार्यक्रम | संख्या | १ | १ | १ | १ | २ | ६ | १२ | |
| ९ | एक निरन्तर सिकाइका लागि सूचना प्रविधि सहितको अध्ययन केन्द्रको स्थापना | वडागत | १ | १ | १ | १ | २ | ६ | १२ | |

# परिच्छेद-४: विद्यालय शिक्षाका मुख्य उपक्षेत्रहरु

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

### ४.१.१ परिचय

पाठ्यक्रम शिक्षाको मेरुदण्ड हो, जसले मानव जीवनमा आइपर्ने विविध समस्याको समाधान गर्न आवश्यक पर्ने ज्ञान, सीप, तथा दृष्टिकोण आर्जन गर्न मार्गदर्शन प्रदान गर्छ। पाठ्यक्रम केवल कुनै कक्षा वा तहमा सिकाइने विषयवस्तुको सूची मात्र नभई, शिक्षार्थीले के सिक्नुपर्छ, किन सिक्नुपर्छ, कसरी सिकाउने र कसरी मूल्याङ्कन गर्ने भन्ने समग्र शिक्षण सिकाइ प्रक्रियाको स्पष्ट खाका हो। पाठ्यक्रम शिक्षाको योजना मात्र नभई समाज र राष्ट्रको आवश्यकताको दर्पण पनि हो। यसको विकास निरन्तर प्रक्रिया हो, जुन समयमा समय, स्थान, समाज र व्यक्तिका आवश्यकताअनुसार परिमार्जन हुँदै जान्छ। स्थानीय तहमा पाठ्यक्रम विकास गर्दा मातृभाषा, स्थानीय ज्ञान, सीप र प्रविधिमा आधारित विषयवस्तु छनोट गर्नु आवश्यक हुन्छ। यसले स्थानीय सन्दर्भलाई सम्बोधन गर्ने मात्र नभई सिकाइलाई अझ सान्दर्भिक, उपयोगी र प्रभावकारी बनाउँछ।

पाठ्यपुस्तक पाठ्यक्रमको आधिकारिक अभिव्यक्ति हो। यसले शिक्षक र विद्यार्थीलाई सिकाइ प्रक्रियामा मार्गनिर्देशन गर्छ। यद्यपि, पाठ्यपुस्तक मात्र पर्याप्त हुँदैन; यसको साथमा सहायक सिकाइ सामग्रीहरू (जस्तै चार्ट, मोडेल, डिजिटल सामग्री, अभ्यासपुस्तिका आदि) को प्रयोगले सिकाइ अझ प्रभावकारी बनाउँछ। स्थानीय सन्दर्भमा आधारित सन्दर्भ सामग्री र स्थानीय स्रोत प्रयोग गर्दा शिक्षार्थीमा आत्मीयता र सीप विकास सहज हुन्छ। त्यसैले सिकाइ सामग्री विकास गर्दा स्थानीय स्रोत साधनको उपयोग, बालबालिकाको सामाजिक-सांस्कृतिक परिवेश, भाषा, र व्यवहार जन्य आवश्यकता समावेश गर्नु आवश्यक हुन्छ।

सकारात्मक सिकाइ सुनिश्चित गर्न मूल्याङ्कन महत्वपूर्ण अवयव हो। मूल्याङ्कनले केवल विद्यार्थीले सिकेको नाप्ने मात्र होइन, शिक्षक र प्रणालीले कस्तो काम गरिरहेको छ भन्ने पनि बताउँछ। मूल्याङ्कनले सिकाइका उद्देश्य प्राप्त भए/नभएको जानकारी दिने हुँदा यसलाई निर्माणात्मक र निर्णयात्मक रूपमा प्रयोग गर्नुपर्छ। पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री र मूल्याङ्कन परस्पर पूरक अंगहरू हुन्, जसले शिक्षण—सिकाइ प्रक्रिया पूर्णता दिन्छन्। विशेषतः स्थानीय आवश्यकतामा आधारित शिक्षा विकास गर्न यी सबै पक्षमा स्थानीय तहको नेतृत्व, शिक्षकको स-शक्तिकरण, अभिभावक तथा समुदायको सहभागिता, र समसामयिक सन्दर्भलाई समेट्ने दृष्टिकोण आवश्यक छ। यिनको समुचित व्यवस्थापनले मात्र समावेशी, गुणस्तरीय र सान्दर्भिक शिक्षा प्रवाह सम्भव हुन्छ।

### ४.१.२ वर्तमान अवस्था

यस गाउँपालिकाले नेपाल सरकारद्वारा स्वीकृत पाठ्यक्रम अनुसार शिक्षा सञ्चालन गर्दै आएको छ। पाठ्यक्रम विकास केन्द्रले तयार पारेको विद्यालय तहको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०७६ अनुसार २०७७ देखि क्रमशः सबै कक्षामा नयाँ पाठ्यक्रम कार्यान्वयन भई २०८० सम्ममा कक्षा १ देखि १२ सम्म लागू भइसकेको छ। हाल कक्षा १—३ मा एकीकृत पाठ्यक्रम, कक्षा ४—१० मा सक्षमतामा आधारित पाठ्यक्रम, र कक्षा ११—१२ मा एकलपथीय पाठ्यक्रम लागू छन्। सिकाइ सुनिश्चित गर्न कक्षा १—३ मा थिमगत मूल्याङ्कन, कक्षा ४—५ मा

५०% आन्तरिक र ५०% बाह्य मूल्याङ्कन, र कक्षा ९—१२ मा २५% आन्तरिक र ७५% बाह्य मूल्याङ्कन प्रणाली अपनाइएको छ।

गाउँपालिकाले कक्षा १—५ का लागि स्थानीय विज्ञहरूको सहकार्यमा स्थानीय पाठ्यक्रम निर्माणगरी विद्यालयमार्फत कार्यान्वयन गरिरहेको छ। सामुदायिक विद्यालयहरूले पाठ्यक्रम विकास केन्द्रद्वारा निर्मित पाठ्यपुस्तक प्रयोग गर्छन् भने संस्थागत विद्यालयहरूले केन्द्रबाट स्वीकृत पाठ्यपुस्तक प्रयोग गर्छन्। शैक्षिक सत्रको सुरुवातमै विद्यार्थी भर्ना र पाठ्यपुस्तक वितरण गरिन्छ। शिक्षक निर्देशिका पनि शिक्षणको तयारीमा सहयोगी हुने महत्त्वपूर्ण साधन हो, जसको प्रयोग यहाँका विद्यालयहरूले गर्दै आएका छन्। तर, अपेक्षित रुपमा पाठ्यक्रम र मूल्याङ्कन प्रणालीको प्रभावकारी कार्यान्वयन अझै चुनौतीपूर्ण रहेको देखिन्छ।

### ४.१.३ उद्धेश्य

योजनामा पाठयक्रम तथा मूयाङ्कन सम्बन्धी निम्नलिखित उद्देस्यहरु रहेका छन । :

- विद्यालय तहमा तोकिएको पाठ्यक्रमलाई पुर्ण रुपमा कार्यान्वयन गर्नु ।
- स्थानीय परिवेश बमोजिम तोकिएका तहमा स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास तथा कार्यान्वयन गर्नु ।
- सिकाइका लागि मूल्याङ्कन प्रणालीका रुपमा रहेको तोकेको विद्यालय तहको मूल्याङ्कन प्रणाली लागु गर्नु ।
- सिकाइ उपलब्धीको विश्लेषण तथा छलफल गरी शिक्षण सुधार योजना बनाउने अभ्यास लागू गर्नु ।
- विद्यार्थीको शैक्षिक उपलब्धी प्रति सम्बन्धित विषय शिक्षकलाई जिम्मेवार बनाउनु ।
- विद्यालय तहको मूल्याङन प्रणालीलाई थप प्रभावकारी बनाउनु ।
- पाठ्यक्रम तथा शैक्षिक सामाग्रीहरुको शिक्षक तथा विद्यार्थीको पहुँचमा वृद्दि गर्नु ।

### ४.१.४ रणनीतिहरु

- प्रत्येक शिक्षकलाई आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको उपलब्धतता सहित प्रयोगको अनिवार्यता गर्ने ।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु गर्ने ।
- आधारभूतह कक्षा १-५ को पाठ्यकुम कार्यन्वयको लागि पाठ्यक्रम सम्बन्धी दक्षता भएको रोष्टर/स्मार्ट/ KEY Teacher उत्पादन गरी वडागत रुपमा परिचालन गर्ने ।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा थप व्यवस्थित गर्दै सञ्चालन गर्ने ।
- स्थानीय तथा विज्ञको परिचालन गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयन गर्ने ।
- बार्षिक रुपमा विद्यालय स्तरमा विद्यालयले र पालिका स्तरमा शिक्षा शाखाले विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धी सम्बन्धी एक प्रतिवेदन तयारी गरी सबै सरोकारवालाहरु समक्ष बर्षेको कम्तिमा १ दिन बार्षिक रुपमा छलफल अन्तरक्रिया गर्ने अभ्यासको शुरुवात गर्ने ।
- सिकाइ उपलब्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई अनिवार्य गर्ने ।
- विद्यार्थीले प्राप्त गरेको सिकाई उपलब्धी प्रति विषयगत शिक्षकलाई जिम्मेवार बनाउने नीति लागु गर्ने ।

- परीक्षा सहित त्यसको अभिलेखिकरणको अनुगमन गर्ने ।
- नयाँ पाठ्यक्रम तथा मूल्यांकन प्रणालीको प्रवोधिकरण कार्यक्रम सहित पाठ्यक्रम सम्बन्धि नियमित घुम्ति शिक्षक बैठक तथा शिक्षक क्षमता विकासका कार्यक्रम सञ्चालन गर्ने ।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्दि गर्न विभिन्न संघसस्थासँग समन्वय गरी soft and hard copies विद्यालय सम्म पुर्याउने ।

### ४.१.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलव्धि

- स्थानीय पाठ्यक्रम आधारमा पाठ्य सामग्रीको विकास भइ विद्यालय तहको पाठ्यक्रम प्रभाबकारी रुपमा कार्यान्वयन हुने ।
- एक शिक्षक, आफ्नो विषयको पाठ्यपुस्तक, पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको प्रयोग हुने ।
- सिकाइको लागि मूल्यांकनको अवधारणा अवलम्बन गर्दै कक्षा १ बाट ३ सम्म थिमगत मूल्यांकन र ४ बाट १२ सम्म परियोजना तथा प्रयोगात्मक सहितको आन्तरिक मूल्यांकनलाई पुर्ण रुपमा लागु हुने ।
- कक्षा ५ र ८ को पालिका स्तरीय परीक्षा हुने ।
- स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकको विकास गरी कार्यान्वयनमा हुने ।
- विद्यार्थीको सिकाइ उपलब्धीको विभिन्न सुचकका आधारमा विश्लेषण गरी सिकाइ उपलब्धीको विश्लेषण गर्ने अभ्यासको शुरुवाता हुने ।
- सिकाइ उपलब्धी विश्लेषणको आधारमा शिक्षण सुधार योजनालाई तयार भई कार्यान्वयन हुने ।
- पाठ्यक्रम तथा शिक्षण तथा सन्दर्भ सामग्रीमा विद्यार्थी तथा शिक्षकको पहुँचमा वृद्दि हुने ।

## प्रमूख क्रियाकलापहरू तथा लक्ष्य

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | स्थानीय पाठ्यक्रमको पुनरालोकन विकास र कार्यान्वयन | पटक | ० | ० | ० | ० | १ | १ | २ | |
| २ | स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक विकास र वितरण | कक्षा | २ | २ | २ | १ | १ | ८ | १६ | |
| ३ | पाठ्यक्रम सम्बन्धी प्रवोधिकरणमा आधारित क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | विद्यालय तहको मूल्याङ्कन सम्बन्धी क्षमता विकास तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | वडागत रुपमा कक्षा-१-५ पाठ्यक्रम कार्यन्वयको लागि रोष्टर/स्मार्ट/ KEY Teacher) उत्पादन र परिचालन | पटक | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| ५ | पाठ्यक्रम तथा शिक्षक निर्देशिकाको वितरण | विद्यालय | ३६ | ० | ० | ० | ० | ३६ | ७२ | |
| ६ | बार्षिक रुपमा सिकाइ उपलब्धी विश्लेषणको प्रतिवेदन तयार र छलफल अन्तरक्रिया कार्यक्रम (विद्यालय तथा पालिका स्तरीय) | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | शिक्षण सुधार योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पाठ्यक्रम कार्यान्वयनको लागि घुम्ति प्रअ/ विषयगत शिक्षक बैठक सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | पालिकास्तरीय कक्षा ५ र ८ को परीक्षा सञ्चालन | जना | ९०० | ९०० | ९०० | ९०० | ९०० | ४५०० | ९००० | |
| १० | कक्षाकोठामा आधारित कक्षा पढाइ तथा गणितीय सीप परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | विद्यालय तह कक्षा १ बाट १२ सम्मको मूल्यांकन सहयोगी पुस्तिका तयार र वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालय तहको मूल्याङ्कन प्रक्रियाको अनुगमन तथा सहजीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

### ४.२.१ परिचय

सिकाइको गुणस्तर सिकारु (विद्यार्थी) र शिक्षकबीचको अन्तरक्रियाको प्रकृतिमा निर्भर रहन्छ। त्यसैले शिक्षकले अध्यापन गराउने विषयवस्तुप्रति गहिरो ज्ञान राख्नुपर्छ। शिक्षक पेशाप्रति प्रतिबद्ध भई समावेशी कक्षा व्यवस्थापन गर्न सक्नुपर्छ जसमा विद्यार्थी, अभिभावक र सहकर्मी शिक्षकहरूसँग प्रभावकारी सञ्चार र सहकार्य आवश्यक हुन्छ। शिक्षकमा आवश्यक सक्षमताहरू सुनिश्चित हुनु अनिवार्य छ। यिनमा शैक्षिक योजना निर्माण, शिक्षणका लागि सामग्री संकलन तथा निर्माण, र प्रभावकारी मूल्याङ्कनको सहज कार्यान्वयन समावेश हुन्छ। योग्य, व्यावसायिक रूपमा दक्ष, उत्प्रेरित, समर्पित र विद्यार्थीको सिकाइप्रति जवाफदेही शिक्षक नै गुणस्तरीय शिक्षाको मेरुदण्ड हुन्।

शिक्षकको विषयवस्तुमा प्रभुत्व, शिक्षण प्रक्रियाको दक्षता, र सकारात्मक व्यक्तित्वले विद्यार्थीको सिकाइमा सकारात्मक प्रभाव पार्दछ। त्यसैले सबै तहमा यस्तो गुणयुक्त शिक्षकको व्यवस्थापन जरुरी छ, जसका लागि शिक्षक व्यवस्थापन र पेशागत विकास प्रणाली सुदृढ हुनु आवश्यक छ। नेपालमा विद्यालय शिक्षामा पहुँच, समता, गुणस्तर र सुशासन प्रवर्द्धनका लागि सञ्चालन गरिएका विभिन्न योजना र परियोजनाहरूले शिक्षक व्यवस्थापन र उनीहरूको पेशागत विकासलाई उच्च प्राथमिकता दिएका छन्। यी योजनाहरूले शिक्षकको व्यवस्थापन, पेशागत सहयोग र निरन्तर सिप विकासमा जोड दिएका छन्।

शिक्षक बालबालिकाको जीवन निर्माण र मुलुकको मानवीय पूँजी विकासमा केन्द्रीय भूमिका निर्वाह गर्छन्। उनीहरू सभ्य, शिक्षित र सुसंस्कृत समाजको निर्माणका संवाहक हुन्। त्यसैले क्षमतावान शिक्षक र गुणस्तरीय शिक्षा एक-अर्काका पर्याय मानिन्छन्। नेपालमा मुख्यतः विश्वविद्यालयहरूले शिक्षक तयारी कार्यक्रम सञ्चालन गर्छन् । शिक्षक सेवा आयोगले अध्यापन अनुमति पत्र परीक्षा, पदपूर्ति परीक्षा, र बढुवा प्रक्रिया सञ्चालन गर्छ, भने स्थानीय तहले पदस्थापनको कार्य गर्छ। प्रदेशस्तरमा शिक्षा तालिम केन्द्रहरूले शिक्षकका लागि विभिन्न पेशागत विकास (TPD) तालिमहरू सञ्चालन गर्छन्।

### ४.२.२ वर्तमान अवस्था

शिक्षक सेवा आयोग नियमावली २०५७ अनुसार शिक्षक हुनको लागि अध्यापनअनुमति पत्र अनिवार्य हुनु पर्ने, स्थायी शिक्षकहरूका लागि शिक्षक सेवा आयोगले लिने परीक्षा उतीर्ण भएको हुनु पर्ने, वढुवाको निश्चित मापदण्ड पूरा गर्नु पर्ने व्यवस्था छ । पेशाको सुरक्षाको कारणले शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रुपमा लिन

थालिएकोछ । नियमित रुपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनीले शिक्षण पेशामा थप आकर्षण बढेको छ । वर्तमान अवस्थामा देशमा स्थायी, अस्थायी, राहत अनुदान, स्वयसेवक तथा निजी शिक्षकहरू छन् । अस्थायी, राहत, स्वयम्सेवक तथा निजी शिक्षकहरूको व्यवस्थापनको लागि उपयुक्त मापदण्ड तथा निर्देशिका बनाई प्रयोगमा ल्याउनु आवश्यक देखिन्छ ।

जहदा गाउँपालिकाको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा ६७ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी शिक्षकहरू ९०, राहत ५१ समेत १८ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी शिक्षकहरू ८, राहत १० समेत १४१ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी शिक्षकहरू ६, राहत १ समेत गरी ७ जना मात्र रहेका छन् । कक्षा ११ र १२ मा मात्र २ जना शिक्षकहरु रहेका छन् । ५ जना निम्नमाध्यमिक तहको २१ मावि तहको समेतगरी जम्मा २६ जना सघीय अनुदान शिक्षक व्यवस्थापन भएको देखिन्छ ।

यस गाउँपालिकामा शिक्षक अभाव एक गम्भीर समस्या रूपमा देखा परेको छ। अपुग शिक्षकहरूको पूर्तिका लागि शिक्षण अनुदामा शिक्षकहरूको व्यवस्था गरिएको छ र दरबन्दी मिलानको कार्यसमेत अगाडि बढाइएको छ। साथै, शिक्षकहरूको क्षमता अभिवृद्धिका लागि समीक्षा बैठक तथा तालिम कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। तर, शिक्षकको पेशागत विकासमा सहजीकरण गर्ने कुनै संस्थागत प्रणाली हालसम्म लागू गर्न सकिएको छैन।

शिक्षकहरूलाई सिकाइप्रति उत्तरदायी बनाउनु अझै चुनौतीपूर्ण रहेको छ। उनीहरूका बढुवा प्रयोजनका लागि कार्यसम्पादन मूल्याङ्कनमा गाउँपालिका संलग्न रहने अभ्यास रहे पनि, बढुवाको औपचारिक प्रक्रिया भने शिक्षक सेवा आयोगले नै गर्दै आएको छ। हाल पनि शिक्षण पेशा धेरै शिक्षकहरूको प्रथम रोजाइ बन्न सकेको छैन। अधिकांश शिक्षकको शिक्षण सिकाइ क्रियाकलाप अपेक्षित रूपमा प्रभावकारी छैनन् । शिक्षण कार्यबाट शिक्षकहरू आफैं सन्तुष्ट नरहेको अवस्था देखिन्छ, जसका कारण धेरै शिक्षकले आफ्ना छोराछोरीलाई स्वयम् अध्यापन गर्ने विद्यालयमा भर्ना गराउन नचाहने प्रवृत्ति देखिन्छ। सुपरीवेक्षण र अनुगमन प्रणालीलाई पनि पर्याप्त प्रभावकारी बनाउन सकिएको छैन, जसले शिक्षक उत्तरदायित्व र शिक्षण गुणस्तरमा प्रभाव पारिरहेको छ।

### ३.२.३ उद्देश्य

शिक्षा क्षेत्रको योजनामा शिक्षक व्यवस्थापन र विकासका देहाय बमोजिमका उद्देश्यहरू निर्धारण गरिएका छ।

- विद्यालयहरुको लागि आवश्यकता अनुसारको तहगत, कक्षागत, विषयगत शिक्षक क्रमश ब्यवस्थापन गर्नु ।
- शिक्षकले गर्ने शिक्षण पुर्वको तयारी दरलाई वृद्दि गर्नु ।
- पेशागत विकासका कार्यक्रमहरुमा शिक्षकको सहभागिता बृद्धि गर्नु ।
- विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोग प्रणालीको कार्यान्वयन गर्नु ।

### ४.२.४ रणनीतिहरू

- बार्षिक रुपमा विद्यार्थी संख्याको आधारमा र आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक सरुवाको नियमितता गर्ने ।

- माध्यमिक तथा निम्नमाध्यमिक तहमा विषयगत शिक्षकको दरबन्दी नभएकोले दरबन्दी व्यवस्थापनका लागि प्रदेश सरकार र संघिय सरकारसँग माग गर्ने ।
- पालिकाले बार्षिक रुपमा सबै तहका शिक्षकलाई छोटो अवधिका सरकारले तय गरेको पाठ्यक्रम र दक्ष प्रशिक्षकबाट तालिम प्रदान गर्ने । उक्त तालिममा सहभागी भएका शिक्षकले आफ्नो विद्यालयमा गई सोही तालिमको बारे विद्यालयका अन्य शिक्षकहरुलाई अनिवार्य रुपमा तालिम प्रदान गर्नु पर्नेछ व्यवस्थालाई पूर्ण रुपमा कार्यान्वयनमा लाने ।
- हरेक विद्यालयमा महिनाको कम्तिमा १ दिन सम्बन्धित विद्यालयले शिक्षण कार्यलाई बाधा नपर्ने गरी आफ्नो विद्यालयको जनशक्ति वा नजिकको विद्यालय वा स्थानीय जनशक्तिको सहयोगमा शिक्षकको आवश्यकताको विषयवस्तुमा क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि पालिकास्तरमा विद्यालय सुपरीवेक्षण तथा शिक्षकको पेशागत सहायता कार्यविधि २०८० अनुसारको शिक्षकको पेशागत सहयोग प्रणालीलाई तत्काल कार्यान्वयनमा गर्ने ।
- कक्षाकोठामा शिक्षक र विद्यार्थीको कक्षाकोठाको शैक्षिक अन्तरक्रिया बढाउनको लागि अनिवार्य रुपमा शिक्षकले कक्षाकोठामा विताउने समय कार्यविधि २०७४ वा लगबुकलाई तत्काल कार्यान्वयन गर्ने ।
- महिनाको १ पटक अन्तिम शुक्रबार तोकिएको ढाँचामा सिकाइ केन्द्रित शिक्षक/स्टाफ बैठक सञ्चालन गर्ने ।
- सिकाइ सुधारका लागि हरेक २ महिनामा क्लस्टर स्तरीय घुम्ति शिक्षक बैठक सञ्चालन गर्ने ।
- शिक्षण सुधार योजनालाई अनिवार्य गर्ने ।
- शिक्षकबाट पाठयोजना वा शिक्षक डायरी, शैक्षिक सामग्री संकलन निर्माण तथा विकास कार्यलाई अनिवार्य गर्ने ।
- निश्चत सुचकको आधारमा विद्यालय तथा पालिका स्तरीय शिक्षकलाई पुरस्कृत गर्ने ।
- बार्षिक रुपमा एक शिक्षक एक कार्यमूलक अनुसन्धान गर्ने र त्यसको नतिजाहरु प्रस्तुत गर्ने अभ्यासको थालनी गरिने गर्ने ।
- शिक्षा सिकाइ र अनुभवका लागि शैक्षिक अध्ययन तथा भ्रमणको अभ्यासलाई कार्यान्वयन गर्ने ।
- शिक्षक सरुवालाई ५ बर्ष अनुमान योग्य हुने गरी न्यूनतम अवधि तोकेर सरुवा तथा व्यवस्थापन गर्ने ।
- कार्यसम्पादनमा आधारितथ प्रधानाध्यापक नियुक्ति गर्ने ।
- माथिल्लो तहको शैक्षिक योग्यता भएको शिक्षकलाई (नि मा र मा वि) कामकाज गर्न खटाइने छ ।
- कार्यसम्पादनको आधारमा अपेक्षित उपलब्धी शिक्षक कर्मचारी र उत्कृस्ट कार्यसम्पादनको आधारमा प्रधानाध्यापकहरु नियुक्ति गरिन्छ ।

### ४.२.५ उपलव्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

#### उपलव्धि

- पेशागत विकास सक्रिय रहेका तालिमप्राप्त शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइमा सुधार भएको हुने ।

- शिक्षकबाट दैनिक पाठयोजना तयार, शैक्षिक सामग्रीको निर्माण, कार्यमूलक अनुसन्धान भएको हुने ।
- स्थानीय तहबाट शिक्षक पेशागत सहयोग प्रणाली मार्फत शिक्षकलाई निरन्तर पेशागत सहयोग प्राप्त हुने ।
- शिक्षकले कक्षाकोठामा विताउने समयको लेखाजोखाका लागि लगबुक लागू हुने ।
- मासिक सिकाइ केन्द्रित स्टाफ बैठक हुने ।
- घुम्ति बैठक नियमित बस्ने ।
- शिक्षक पुरस्कृत हुने ।

## प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र. सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बार्षिक रुपमा आवश्यकताको आधारमा दरबन्दी मिलान तथा शिक्षक पूनर्वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | पालिका स्तरीय शिक्षक पेशागत विकास तालिम | जना | ३० | ३० | ३० | ३० | ३० | १५० | ३०० | |
| ३ | पालिका स्तरीय शिक्षकको मागमा आधारित छोटो अवधिका तालिम | इभेन्ट | २ | २ | २ | २ | २ | १० | २० | |
| ४ | मासिक सिकाइ केन्द्रित स्टाफ बैठक | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ६ | चौमासिक घुम्ति प्रअ/विषयगत शिक्षक बैठक | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | ३० | |
| ७ | शिक्षकले कक्षाकोठामा विताउने समयको लागि लकबुक सञ्चालन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ८ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको पेशागत सहयोगको लागि विज्ञ/रोष्टर परिचालन | जना | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | शिक्षण सुधार योजनाको निर्माण तथा कार्यान्वयन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १० | शैक्षिक सामग्रीको निर्माण (एक शिक्षकले एक महिनामा १५ | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | वटा) | | | | | | | | | |
| ११ | दैनिक पाठयोजना वा पाठनोट को निर्माण | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १३ | पालिका स्तरीय कार्यमूलक अनुसन्धानको नतिजा प्रस्तुत गर्न शिक्षक सम्मेलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १४ | निश्चत सूचकको आधारमा शिक्षक सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १६ | राम्रा अभ्यासहरुको लागि शिक्षक अध्ययन भ्रमण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

सबै बालबालिकाका लागि विभेद रहित वातावरणमा क्षेत्रिय, धार्मिक, भाषिक, जातिय, लैङ्गिक, अपाङ्गता भएका, आर्थिक रुपमा विपन्न लगायतका भिन्नतालाई सम्मान गर्दै आफ्नो समुदायमा शिक्षा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्ने शैक्षिक प्रक्रियालाई समावेशी शिक्षा भनिन्छ । बालबालिकाका सिकाइ आवश्यकता र क्षमता फरकफरक हुनु प्राकृतिक यथार्थ हो । फरकपनलाई स्वभाविक रुपमा स्वीकार गर्नु सबैका लागि अनुकुल हुने सिकाइ पद्दति विकास गर्नु र सबैबालबालिकालाई सम्मान पूर्वक सिकाइको व्यवस्थापन गर्नु समावेशी शिक्षाको अनिवार्य आवश्यकता हो । समावेशी शिक्षामा बालबालिकालाई उनीहरुको आवश्यकता र चाहना अनुसारको गुणस्तरीय शिक्षा प्रदान गरी सहजतापूर्वक जीवनयापन गर्ने अवस्थाको सिर्जना गर्ने ध्येय राखिएको हुन्छ । शिक्षाको माध्यमबाट उनीहरुलाई राज्यको मुल प्रवाहमा समाहित गर्ने प्रयत्न गरिन्छ । बालबालिकालाई उनीहरुको क्षमता र चाहनाअनुसारको शिक्षा प्रदान गर्ने प्रयास हुन्छ । सिकाइलाई सार्थक बनाउन समय सापेक्ष शिक्षणविधि र शैक्षणिक सामग्री प्रयोग गरिन्छ । उनीहरुलाई आत्मनिर्भर, स्वाबलम्बी, विवेकशील बनाउनु र देश तथा समाज प्रतिअपनत्व महसुस गराउनु समावेशी शिक्षाको उद्देश्य हो । यसले सबै बालबालिकाहरु सिक्न सक्छन् भन्ने मान्यतालाई आत्मसाथ गर्दछ ।

नेपाल सामाजिक, सांस्कृतिक रुपमा विविधता भएको मुलुक हो । यहाँ विभिन्न भाषिक र सांस्कृतिक तथा जातजातिगत समुदायहरुको वसोवास छ ।नेपाली समाजको यो विविधतालाई एकातिर पहिचान तथा समस्याका रुपमा लिने गरिन्छ भने अर्को तिर ऐतिहासिक रुपमा यहि भिन्नताका आधारमा सामाजिक विभेद र बञ्चितिकरणमा परेका समुदायहरु पनि छन् । उदहारणका लागि दलित तथा सीमान्तकृत समुदाय, नेपाली बाहेक अन्य मातृभाषी समुदाय, अल्पसंख्यक सांस्कृतिक समुदायहरु ऐतिहासिक रुपमा सामाजिक, आर्थिक तथा शैक्षिक वञ्चितीकरणमा पर्न गई अहिले सम्म पनि यस्तो वञ्चितीकरणको असर कुनै न कुनै रुपमा देखिनेगरेको छ । भौगोलिक क्षेत्रगत आर्थिक स्तरगत तथा लैङ्गिक भिन्नताको प्रभाव पनि शैक्षिक पहुँच, सहभागिता र नतिजामा परिरहेको देखिन्छ । त्यसै गरी विभिन्न किसिमका अपाङ्गता भएका बालबालिकाहरु कठिन परिस्थितिमा रहेका बालबालिकाहरुमा शिक्षाको पहुँच पुर्याई सहभागी बनाउन थप प्रयास आवश्यक छ ।

विविधताको सम्मान र समता तथा समावेशिता अभिबृद्धि गरी शिक्षामा सबैको सहज पहुँच पुर्याई अर्थपूर्ण सहभागिता कायम गर्ने र सिकाई सुनिश्चित गर्नका लागि यसका कारण तथा वाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पर्दछ । यस्ता बाधाहरुमा समुदाय तथा परिवेश अनसार भिन्नता हुन सक्ने कुरालाई पनि ध्यान दिनु पर्दछ । कुनै बाधाहरु भौतिका तथा स्रोत—सामग्रीसँग सम्बन्धित हुन सक्दछन भन्ने कुनै सांस्कृतिक, सामाजिक, मनोवैज्ञानिक हुन सक्दछन् । कतिपय वाधाहरु संरचनागत पनि हुन सक्दछन् ।

नेपालको संविधान र अन्तर्राष्ट्रिय स्तरमा नेपालले गरेको प्रतिवद्धताले शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरेको छ । साथै गाउँपालिकाको वर्तमान जनप्रतिनिधिहरू र अन्य राजनैतिक दलहरूले पनि शिक्षालाई प्राथमिकतामा राखेको अवस्था छ । त्यसैले आधारभूत तहसम्मको शिक्षा सबै बालबालिकाका लागि निःशुल्क र अनिवार्य तथा माध्यमिक तहको शिक्षा निःशुल्क रूपमा प्राप्त गर्ने अवस्था ल्याउनका लागि कुनै पनि कारणले एउटा बालबालिका पनि शिक्षा प्राप्त गर्ने अवसरबाट छुट्नु हुँदैन। विद्यालय तहसम्मको शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहको भएकोले सङ्घीय र प्रादेशिक सरकारको समन्वय तथा सहयोगमा यो कार्य गर्नुपर्ने हुन्छ ।

### ४.३.२ वर्तमान अवस्था

नेपालले अपाङ्गता भएका बालबालिकाको शिक्षालाई प्रवर्द्धन गर्न विभिन्न कानुनी, नीतिगत र कार्यक्रमगत व्यवस्था कार्यान्वयनमा ल्याएको छ। शिक्षा ऐन २०२८, शिक्षा नियमावली २०५९, विशेष शिक्षा नीति २०५३ र विशेष शिक्षा सञ्चालन निर्देशिका २०६० मार्फत विशेष शिक्षाका संरचनात्मक आधारहरू तय गरिएको छ। अपाङ्गता भएका बालबालिकालाई निःशुल्क शिक्षा, छात्रवृत्ति, शिक्षण सामग्री, आवास सुविधा, र स्रोत शिक्षकको व्यवस्था गरिएको छ। अन्तर्राष्ट्रिय स्तरमा, संयुक्त राष्ट्रसंघका विभिन्न घोषणापत्र (१९४८, १९८९, १९९३, २००६) तथा इन्चोन घोषणा २०१५ ले पनि समावेशी र समान शिक्षाको सुनिश्चिततामा जोड दिएका छन्।

गाउँपालिकाको सन्दर्भमा, २०७८ को जनगणना अनुसार अपाङ्गता भएका व्यक्तिहरूको संख्या कुल जनसंख्याको १.८% छ, जसमा महिलाको प्रतिशत पुरुषको भन्दा बढी छ। विद्यालयमा १० जना अपाङ्गता भएका विद्यार्थी छन्, तर केही अझै विद्यालय बाहिर छन्। साथै, दलित र जनजातिका मुस्लिम तथा मधेसी समूहका बालबालिका पनि अध्ययनरत छन्। यसका अवसरका रुपमा संघीय र स्थानीय सरकारका नीतिगत प्राथमिकता, शिक्षा नीति २०७६, गैरसरकारी संस्थाहरूको सहयोग रहेकाछन् भने चुनौतिहरू अपाङ्गता सम्बन्धी विश्वसनीय तथ्यांकको अभाव, कार्यरत सिमितता भएका बालबालिकाको पहिचान र सहजीकरणको कठिनाइ, सबैको पहुँचमा हुने भौतिक संरचना र बालमैत्री वातावरणको कमी, छात्राको शिक्षामा निरन्तरता र बालविवाह नियन्त्रणमा चुनौती समावेशी शिक्षण सम्बन्धी तालिम प्रदान र त्यसको कक्षाकोठामा कार्यान्वयन रहेका छन् । समग्रमा यस गाउँपालिकामा समावेशी शिक्षाको प्रवर्द्धनका लागि कानुनी व्यवस्था भए पनि तथ्याङ्क व्यवस्थापन, पहुँच, सिकाइ वातावरण र सामाजिक चुनौतीहरू समाधान गर्नु आवश्यक रहेको छ।

### ४.३.३ उद्धेश्यहरु

समावेशी र समता सम्बन्धि उद्धेश्यहरुः

- विद्यालयमा बालमैत्री वातावरणको अवस्थामा सुधार ल्याउनु ।
- पहुँचयुक्तता भएका भौतिक संरचनाको निर्माणमा वृद्दि गर्नु ।
- बालबालिकाहरुको प्रारम्भिक पहिचान प्रणालीको शूरुवात गर्नु ।
- समावेशी शिक्षण सम्बन्धी शिक्षकको पेशागत विकास गर्नु ।
- लक्षित समुदाय एवम् अपाङ्गता तथा कार्यगत सिमितता भएका बालबालिकाहरुलाई शिक्षाको पहुँचमा ल्याउनु ।

### ४.३.४ रणनीतिहरु

समावेशीता र समता सम्बन्धि रणनीतिहरुः

- विद्यालयमा बालमैत्री वातावरणमा सुधार ल्याउन बालमैत्री प्रारुपलाई पुर्ण कार्यान्वयन गर्ने ।
- भौतिक संरचनाहरुलाई क्रमश पहुँचयुक्तता भएको बनाइदै लैजाने। त्यसको लागि डिजाइन तथा अनुगमनमा जोड दिने ।
- बार्षिक रुपमा सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान वा Early Screening Program लाई कार्यान्वयन गरी सहयोगी सामग्री उपलब्ध गराउने ।
- समावेशी शिक्षण सम्बन्धी शिक्षकको पेशागत विकास गर्ने ।
- अपाङ्गता भएका तथा अन्य लक्षित समूहका बालबालिकाका लागि समतामूलक कार्यक्रमका माध्यमबाट उनीहरूको पहुँचको सुनिश्चितता गर्ने।
- दिवा खाजा, छात्रवृत्ति कार्यक्रमलाई व्यवस्थित गर्ने र किशोरी लक्षित सेवा तथा तालिमको व्यवस्था गर्ने कार्यविधि तयार गरी थप छात्रवृत्ति तथा विद्यार्थी लक्षित सहयोग कार्यक्रम सञ्चालन गर्ने ।
- भाषाका कारणले सिकाइ समस्या भएका वर्ग र कक्षाका लागि बहुभाषिक शिक्षण पद्धतिको अबलम्बन गरी सिकाइमा सुधार गर्ने ।
- चरम आर्थिक कारणले विद्यालयको पहुँच नपुगेका तथा निरन्तरता दिन नसकेका बालबालिकाहरूलाई आवश्कता अनुसार झोला, पोशाक तथा सिकाइ सामग्री उपलब्ध गराउने ।
- विद्यालयमा कुनैपनि प्रकारको विभेद, दुर्व्यवहार, हेपाइरहित बालमैत्री वातावरण सिर्जना गर्ने । विद्यालयका हरेक क्रियाकलापहरूमा समावेशी सहभागिताको प्रबन्ध गर्ने ।
- आवश्यकताअनुसार केही विद्यालयहरूमा स्रोतकक्षाको व्यवस्था गर्ने।
- विद्यालयहरूमा बालमैत्रीपन बढाउन बालक्लब गठन गरी क्रियाशील बनाउने ।

- गाउँपालिकाले बालबालिकाका लागि विनियोजित रकम सरोकारवालहरूसँगको छलफलका आधारमा बालबालिकाको हितमा उपयोग गर्ने ।

## ४.३.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

### उपलब्धि

- समतामूलक सिकाइ वातावरणमा सुधार हुदै सबै प्रकारका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दि हुने ।
- बालमैत्री प्रारुपको कार्यान्वयन भएको हुने ।
- सबै बालबालिकाहरुको प्रारम्भिक पहिचान गर्ने अभ्यासको शुरुवात भएको हुने ।
- भौतिक संरचनाहरुमा पहुँचतता भएको अवस्थामा सुधार भएको हुने ।
- लक्षित समुदायका बालबालिकाहरुको शिक्षामा हुने सहभागितामा वृद्दि भएको हुने ।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | बालमैत्री प्रारुप सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | प्रस्तावनाको आधारमा अन्य संघ संस्थाहरु समेतको सहयोगमा बालमैत्री प्रारुप कार्यान्वयन | पटक | ७ | ७ | ७ | ८ | ८ | ३७ | ७४ | |
| ३ | लैङ्गिक सम्पर्क व्यक्ति/शिक्षक छनोट र क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | किशोरी शिक्षा संजाल निर्माण र परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | मनोपरामर्श, करियर तथा उत्प्रेरणा सम्बन्धि तालिम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | अपाङ्ता भएका बालबालिकाहरुको विद्यालयमा सहभागिताको अवस्था पहिचान/ लेखाजोखा | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ७ | लेखाजोखाको आधारमा भौतिक संरचनालाई पहुँचयुक्त बनाउन विद्यालय सहयोग कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ८ | प्रारम्भिक पहिचान र आवश्यक सहयोग कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १० | समावेशी शिक्षक शिक्षा तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यालय जान नसक्ने बालबालिकाहरुको लागि गृह परामर्श कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ११ | पिछडिएका समुदायकाम वालवालिका लक्षित प्रोत्साहन तथा छात्रवृति कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाई सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु बितरणका लागि बजेट अनुदान वा समावेशी सिकाइ सामग्री | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| १३ | अपाङ्गता भएका बालबालिकाहरुको लागि प्रारम्भिक सिकाइ केन्द्र (स्रोत कक्षा सञ्चालन तथा व्यवस्थापन) | विद्यालय | ० | | १ | ० | ० | १ | १ | |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

नेपालमा सन् १९७४ देखि छानिएका विद्यालयहरूमा विश्व खाद्य कार्यक्रमको सहयोगमा दिवा खाजा कार्यक्रम सुरु भएको हो। हाल आर्थिक वर्ष २०७७/७८ देखि पूर्व-प्राथमिकदेखि कक्षा ५ सम्मका सबै सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई पोषणयुक्त दिवा खाजाको व्यवस्था गरिएको छ। यस कार्यक्रमले विद्यार्थीहरूको स्वास्थ्य, पोषण, संज्ञानात्मक क्षमता, विद्यालयमा टिकाइ, शैक्षिक उपलब्धि तथा मानव पुँजी विकासमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। बालबालिकाको शारीरिक र मानसिक विकास सुनिश्चित गर्न पोषणयुक्त खाजा अत्यावश्यक मानिएको छ। स्वास्थ्य तथा पोषणको क्षेत्रमा विद्यालयमाः वार्षिक स्वास्थ्य परीक्षण, जुकाको औषधि वितरण, किशोरीलाई फोलिक एसिड र आइरन चक्की वितरण, सरसफाइ, स्वच्छता तथा विपद् व्यवस्थापन कार्यक्रमहरू सञ्चालित छन्।

दिवा खाजा कार्यक्रमको सञ्चालनका लागिः शिक्षा मन्त्रालयअन्तर्गतको शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट स्थानीय तहलाई ससर्त अनुदान दिइन्छ, यस आ व बाट प्रति विद्यार्थी रु २० का दरले विद्यालयलाई उपलब्ध गराउने ब्यवस्था रहेको छ ।स्थानीय तहमार्फत विद्यालयहरूले बजेट माग गरी खाजा व्यवस्थापन गर्छन्। यस कार्यक्रमले कुपोषण हटाउने, वृद्धि बढाउने, भर्ना र उपस्थिति सुधार्ने तथा गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्ने लक्ष्य लिएको छ। संविधान र दिगो विकास लक्ष्यसँग समन्वय गर्दै, पालिकाहरूले सामुदायिक विद्यालयमा बजेट हस्तान्तरण गरी यसको प्रभावकारी कार्यान्वयन गर्दै आएका छन्।

### ४.४.२ वर्तमान अवस्था

नेपालमा सन् १९७४ देखि विश्व खाद्य कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम छानिएका जिल्लाका विद्यालयहरूमा सञ्चालित हुँदै आएको थियो । विगतको अभ्यास र यसले विद्यार्थी भर्ना र नियमितता र बालबालिकाको स्वास्थ्यमा परेको प्रभावको आधारमा देशैभर लागु गरिएको छ। सन् २००८ देखि सरकारले नगद अनुदानमा आधारित दिवा खाजा कार्यक्रमलाई विस्तार गरी सम्पूर्ण मुदायिक विद्यालयहरूमा प्रारम्भिक बालविकास देखि  कक्षा ५ सम्मका बालबालिकालाई लक्षित गरिएको छ। जहदा गाउँपालिकामा  ३६ विद्यालयका ५५७९ विद्यार्थीहरू यो कार्यक्रमबाट लाभान्वित छन्। । संघीय सरकारले प्रति विद्यार्थी प्रति दिन रु. २० का दरले (कक्षा ५ सम्म) सशर्त अनुदानको रूपमा निकासा दिने गर्दछ।

खानेपानी र सरसफाइको अवस्थाः विद्यालयहरूमा खानेपानी तथा स्वच्छता सुविधाको विकास क्रमशः भैरहेको छ। विद्यालयमा बालमैत्री, लैङ्गिक, अपाङ्गता-मैत्री शौचालय, स्वच्छ पिउने पानी, हरियाली वातावरण, र महिनावारी व्यवस्थापनका कार्यक्रमहरू कार्यान्वयन हुँदैछन् । कतिपय विद्यालयमा अझै पनि खानेपानी र शौचालयको पर्याप्त व्यवस्था छैन । मुख्य अवसरहरू : संघीय सरकारबाट बजेट प्राप्त

हुनु । कार्यविधिको निर्माण भइसकेको हुनु । पालिकाबाट खानेपानी र सरसफाइ कार्यक्रम कार्यान्वयन हुनु। स्थानीय उत्पादनलाई खाजामा प्रयोग गर्ने सम्भावना हुनु । मुख्य समस्या र चुनौतीहरू: वर्तमान मूल्यमा रु.२० को बजेटले पोषणयुक्त खाजा व्यवस्था गर्न कठिनाइ हुनु । विद्यालयमा खाजा व्यवस्थापनका लागि भान्से कर्मचारीको ब्यवस्था नभएको । स्वास्थ्य हाजिरी रजिष्टरको प्रयोग प्रभावकारी रुपमा नभएको । स्वास्थ्य र सरसफाइको शिक्षा केही विद्यालयमा प्राथमिकतामा नरहेको । नियमित स्वास्थ्य परीक्षणको व्यवस्था अभाव । सबै विद्यालयमा साबुनसहितको शौचालय र पिउने पानीको सुविधा नभएको । यस गाउँपालिकामा दिवा खाजा कार्यक्रमबाट थुप्रै बालबालिका लाभान्वित भए पनि बजेट सीमितता, पूर्वाधार अभाव, र व्यवस्थापन कमजोरीका कारण अपेक्षित प्रभावकारिता हासिल गर्न चुनौती देखिएको छ। कार्यक्रमलाई अझ प्रभावकारी बनाउन पोषणसम्बन्धी शिक्षा, पूर्वाधार सुधार, व्यवस्थापन दक्षता, र विभिन्न तहका निकायबीच समन्वय आवश्यक देखिन्छ ।

### ४.४.३ उद्देश्य

दिवा खाजा सहित स्वास्थ्य तथा पोषण सम्बन्धी निम्नलिखित उद्धेश्यहरु राखेको छः

- विद्यालयका बालबालिकाहरुलाई स्वस्थ्य तथा पोषणयुक्त आहारको सुनिश्चित गर्नु ।
- विद्यालयमा कार्यान्वयन रहेको खाजा कार्यक्रमको कार्यान्वयनमा सुधार ल्याउनु ।
- विद्यालयका बालबालिकाहरुको स्वास्थ्य पोषण तथा सरसफाई सम्बन्धी सकारात्मक व्यवहारको विकासमा सुधार ल्याउनु ।
- दिवा खाजाको माध्यमबाट विद्यार्थीहरुको उपस्थित दर वृद्धि गर्नु ।

### ४.४.४ रणनीतिहरू

योजनाका उद्देश्यहरू हासिल गर्न निम्नलिखित रणनीतिहरू अवलम्वन गरिनेछ ।

- खाजा कार्यक्रममा पैसा वितरण कार्यलाई पूर्ण रुपमा अन्त्य गर्ने ।
- विद्यालयले विद्यालय ब्यवस्थापन समितिको निर्णय मार्फत दिवा खाजा व्यवस्थापन गर्ने।
- मासिक खाजा तालिका तयार गरी स्थानीय स्तरमा उत्पादित खाद्य सामग्रीलाई विद्यालयमा नै खुवाउने अभ्यासलाई पूर्णरुपमा कार्यान्वयन गर्ने ।
- दिवा खाजा कार्यक्रमलाई प्रभावकारी बनाउनुको लागि वडास्तरीय अनुगमन संयन्त्रको विकास गर्ने।
- दिवा खाजा तयारी तथा वितरणका लागि भान्सेको व्यवस्थापन गर्ने ।
- विद्यालय हाताको नियमित तथा हप्तामा एक पटक अभियानको रुपमा सरसफाई गर्ने ।फोहोर मैला मुक्त सफा विद्यालयको अवधारणा तथा विद्यालयको टिम सहितको नियमित सरसफाइका साथै साप्ताहिक सरसफाइ कार्यक्रमलाई अनिवार्य रुपमा कार्यान्वयन गर्ने ।
- स्वास्थ्य तथा सरसफाइ सम्बन्धी सचेतनात्मक क्रियाकलापहरु सञ्चालन गर्ने ।

- चौमासिक रुपमा नजिकको स्वास्थ्यचौकी तथा स्वास्थ्य संस्थासँग समन्वय गरी बालबालिकाहरुको नियमित स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाइसहितको हात धुने ठाउँ, स्वच्छ खानेपानी र विद्यालय परिसर सरसफाइ प्रबन्ध मिलाउने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण तथा प्रतिस्थापन, बालबालिकाको आवधिक स्वास्थ्य जाँचलाई नियमित र प्रभावकारी बनाउने ।
- किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषणसम्बन्धी शिक्षा दिन स्थानीय स्वास्थ्य संस्थाको समन्वय र सहयोगमा कार्यक्रम बनाई कार्यान्वयन गर्ने ।
- कक्षा ६-१२ का छात्राहरुलाई स्यानिटरी प्याडको ब्यवस्था गरी महिनावारी भएको समयमा विद्यालय नआउने अवस्थालाई क्रमशःकम गर्दै लजाने
- दिवा खाजा लगायत स्वास्थ्य पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन संयन्त्र प्रकृयामा पुनरावलोकन गरी थप प्रभावकारी बनाउने

### ४.४.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

- विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषण सहितको खाजाको प्रबन्ध हुने।
- बालबालिकाहरुको स्वास्थ्य र सरसफाइमा सकारात्मक व्यवहारको विकासमा सुधार हुदै सिकाइ उपलब्धीमा सहयोग पुग्ने ।
- विद्यालय दिवा खाजाको ब्यवस्थापन तोकिएको मापदण्ड अनुसार हुने ।
- स्थानीय उत्पादनमा चक्रिय पोषणयुक्त दिवा खाजा सुनिश्चितता हुने ।
- सबै विद्यालयमा हुने सरसफाइको गतिविधिमा वृद्दि हुने ।
- सरसफाइ सम्बन्धी आवश्यक पूर्वाधार विकासमा सुधार भएको हुने
- विद्यालयमा हुने स्वास्थ्य परीक्षणको दरमा वृद्दि हुने ।

## प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | दिवा खाजा कार्यक्रम कार्यान्वयन सम्बन्धी अभिमुखिकरण कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | दिवा खाजा कार्यक्रम संचालन तथा व्यवस्थापन | जना | ५५७९ | ५५७९ | ५५७९ | ५५७९ | ५५७९ | २७८९५ | ५५७९० | |
| ३ | दिवा खाजा तथा विद्यालयको सरसफाइको अनुगमन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ४ | एक विद्यालय एक फुलबारी वा हरित विद्यालय कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ५ | साप्ताहिक सरसफाइ कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ६ | स्वास्थ्य पोषण तथा सरसफाइ सम्बन्धि सचेतनामुलक कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ७ | चौमासिक रुपमा स्वास्थ्य परीक्षण तथा परामर्श कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ८ | एक विद्यालय एक स्वास्थ्य किट वा प्राथमिक उपचार बक्स व्यबस्थापन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ९ | छात्राको लागि स्यानेटरी प्याड ब्यवस्थापन, वितरण तथा अनुगमन | जना | १०४५ | १०४५ | १०४५ | १०४५ | १०४५ | ५२२५ | १०४५० | |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

विविध प्रकृतिका आपतकालीन तथा सङ्कटकालीन अवस्थामा पनि बालबालिकाले निरन्तर सिक्ने अधिकार प्राप्त गर्नुपर्छ भन्ने अवधारणालाई आत्मसात् गर्दै, शिक्षा क्षेत्रले आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षाको (Education in Emergency and Crisis Situation) व्यवस्था गर्ने अभ्यासलाई प्राथमिकता दिँदै आएको छ। युद्ध, द्वन्द्व, महामारी तथा प्राकृतिक प्रकोपका जस्ता परिस्थितिहरूमा बालबालिका मात्र नभई अभिभावक, शिक्षक, समुदाय र सम्पूर्ण शिक्षा प्रणाली प्रभावित हुने गर्दछ। त्यसैले, संकटका अवस्थामा शिक्षालाई नबिराई, सुरक्षित र समावेशी तरिकाले निरन्तरता दिने उपायको आवश्यकता अत्यन्तै महत्वपूर्ण छ।

यस अवधारणाको मूल उद्देश्य भनेको संकटको अवस्थामा पनि बालबालिकाको जीवन रक्षा गर्नु, उनीहरूलाई हिंसा, शोषण तथा दुरुपयोगबाट जोगाउनु, सामाजिक सञ्जाललाई मजबुत बनाउनु र शिक्षालाई जीवन निर्वाहको आधार बनाउँदै शैक्षिक सेवाको उपलब्धता सुनिश्चित गर्नु हो। आपतकालीन शिक्षाको तीन मुख्य खम्बा रहेका छन् — पूर्वतयारी (preparedness), प्रतिकार्य (response), र पुनःस्थापना (recovery)। यी सबै चरणहरू विद्यालय र स्थानीय तहका शैक्षिक निकायहरूबाट योजनाबद्ध रूपमा कार्यान्वयन गरिनुपर्छ।

नेपालमा लामो समयसम्म चलेको सशस्त्र द्वन्द्व, २०७२ को विनाशकारी भूकम्प, बारम्बारका बाढी पहिरो, र हालैको कोभिड—१९ महामारीले शिक्षा क्षेत्रमा गम्भीर असर पुर्याएको छ। यस्ता घटनाबाट प्राप्त अनुभवले देखाउँछ कि संकटको बेला वैकल्पिक सिकाइ माध्यमहरू, जस्तै रेडियो, टेलिभिजन, अनलाइन शिक्षण, मोबाइल एप्स तथा स्थानीयस्तरमा लचिलो पाठ्यक्रम विकासजस्ता उपाय अत्यन्तै उपयोगी हुन सक्छन्।

वृहत विद्यालय सुरक्षा गुरुयोजना, २०१७ र त्यसको कार्यान्वयन कार्यविधि, २०१८ ले विद्यालयमा विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता अभिवृद्धिका लागि संस्थागत मार्गनिर्देशन प्रदान गरेको छ। यस योजनाले विद्यालयहरूलाई न्यूनतम सुरक्षा उपायहरूको अवलम्बन गराउन, आपतकालीन तयारीका लागि आवश्यक सामग्री तथा तालिम उपलब्ध गराउन, र विपद् आएपछि पनि विद्यालय सञ्चालन निरन्तर गर्न सक्ने अवस्था सिर्जना गर्न आग्रह गर्दछ।

कोभिड—१९ को महामारीले विद्यालय शिक्षामा ठूलो अवरोध सिर्जना गरे पनि यसले वैकल्पिक शिक्षण सिकाइ विधिको आवश्यकता र प्रभावकारिता उजागर गर्‍यो। डिजिटल प्रविधिको प्रयोग, गृहपाठ वितरण प्रणाली, समुदाय आधारित शिक्षण केन्द्र, शिक्षक-अभिभावक समन्वय जस्ता अभ्यासहरू

प्रभावकारी सावित भए। यस अनुभवलाई उपयोग गर्दै भविष्यमा पनि यस्ता संकटहरूको सामना गर्न सक्ने शिक्षाको उत्थानशील प्रणाली निर्माण गर्न आवश्यक छ।

अन्ततः, विद्यालय सुरक्षा, विपद् न्यूनीकरण तथा उत्थानशीलता बालबालिकाको आधारभूत अधिकारको रक्षा गर्ने माध्यम हो। यसका लागि नीति निर्मातादेखि विद्यालय तहसम्म सबैको समन्वय र सक्रियता अपरिहार्य छ। शिक्षा क्षेत्रमा लगानीलाई संकट न्यूनीकरणको दृष्टिकोणबाट हेर्नु आजको आवश्यकता हो।

### ४.५.२ वर्तमान अबस्था

हाल कार्यान्वयनमा रहेका विद्यालय शिक्षा क्षेत्रका योजनाहरूले विद्यालय सुरक्षा, विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता (resilience) लाई अन्तरसम्बन्धित विषयको रूपमा विशेष प्राथमिकता दिएका छन्। यस्ता योजनाहरूले सुरक्षित भौतिक संरचना निर्माण, मानव संसाधनको सबलीकरण, र सरोकारवालालाई सैद्धान्तिक तथा व्यवहारिक रूपमा सक्षम बनाउनेतर्फ ध्यान केन्द्रित गरेका छन्। विद्यालय सुधार योजनामा पनि विपद् व्यवस्थापनको पूर्वतयारी, प्रतिकार्य, पुनःस्थापना तथा उत्थानशीलताको पक्ष समेट्ने अभ्यास भइरहेको छ। साथै, शिक्षा मन्त्रालयबाट जारी विभिन्न नीतिगत दस्तावेजहरूमार्फत विपद्को समयमा समेत शिक्षालाई निरन्तरता दिने संरचनात्मक र प्रणालीगत व्यवस्था गरिएका छन्। उदाहरणस्वरूप, भयरहित शिक्षण सिकाइ निर्देशिका, २०६७ ले बालबालिकालाई सजाय, उत्पीडन, र यौन दुराचारबाट मुक्त वातावरणमा सिक्न पाउने अधिकार सुनिश्चित गरेको छ। विद्यालय शान्ति क्षेत्र कार्यान्वयन निर्देशिका, २०६८ ले विद्यालयलाई सशस्त्र गतिविधि, हिंसा, भेदभाव र राजनीतिक हस्तक्षेपबाट टाढा राखी शिक्षणलाई सुरक्षित बनाउने व्यवस्था गरेको छ। बालमैत्री विद्यालय प्रारूप, २०६७ ले समावेशी, लैङ्गिक समानता, स्वास्थ्य, सुरक्षा, र आपतकालीन शिक्षाको मापदण्डहरूलाई विद्यालयको अनिवार्य पक्षका रूपमा स्थापना गरेको छ। वृहत विद्यालय सुरक्षा गुरुयोजना, २०१७ तथा कार्यविधि, २०१८ ले शिक्षाका माध्यमबाट विपद् जोखिम न्यूनीकरण तथा उत्थानशीलता विकासमा बल दिएको छ। दिगो विकास लक्ष्य (SDG-४), १५औं योजना, विद्यालय क्षेत्र विकास योजना, र राष्ट्रिय शिक्षा नीति, २०७६ जस्ता रणनीतिहरूले सुरक्षित विद्यालय निर्माण, आपतकालीन अवस्थाको तयारी, र शिक्षाको निरन्तरता सुनिश्चित गर्ने लक्ष्य लिएका छन्।

यस जहदा गाउँपालिका प्राकृतिक प्रकोपले हिसावले सबैभन्दा बढी प्रत्येक वर्ष बाढी र डुवानका कारणले विद्यार्थीहरुलाई पठनपाठनमा समस्या भईरहेको छ । यस क्षेत्रमा लोहन्द्रा खोलाको वहाब छ । बर्खाको समयमा पहाडमा वर्षात भएपनि यस क्षेत्रमा बाढी आएर विद्यालय तथा जनधनको

क्षति भएको छ । जहदा गाउँपालिकामा बाढीका कारणले प्रभावित समुदायलाई विद्यालयमा आश्रय दिने गरिएको छ । बाढी डुवानको कारणले विद्यालय आउन नसक्ने विद्यार्थीहरुलाई गृह विद्यालयको अवधारणमा घरमा नै दाजुदिदि तथा अभिभावकको सहयोगबाट सिकाई क्रियाकलापहरु सञ्चालन गर्ने प्रयास गरिएको छ ।गाउँपालिकाबाट विपद् पूर्वतयारी कार्ययोजना बनाई स्वीकृत भएको छ । गाउँपालिकामा आपतकालिन सेवा केन्द्र पनि स्थापना भएको छ ।गाउँ टोलमा विपद् प्रतिकार्यका लागि तालिम प्राप्त समूहहरु निर्माण गरिएको छ । विपद्को समयमा शिक्षा र विपदबाट हुने क्षति न्युनिकरणका लागि नेपाल रेडक्रस सोसाइटि मोरङले सहयोग गरेको छ ।हाम्रोमा बाढीबाट प्रत्येक वर्ष १३ वटा विद्यालयहरु अति प्रभावित भएका छन् ।

यद्यपि नीतिगत रूपमा स्पष्ट व्यवस्था भए पनि स्थानीय तहमा विशेष गरी यस गाउँपालिकामा शिक्षा क्षेत्रमा देखिएका केही चुनौती र अवसरहरू विद्यमान छन्। चुनौतीहरूः आपतकालीन अवस्थामा पनि सिकाइको निरन्तरता सुनिश्चित गर्न सक्ने पूर्वतयारीको अभाव संकटकालीन अवस्थामा आवश्यक पर्ने स्रोत-साधनको अभाव, वैकल्पिक सिकाइका प्रणालीहरूको कमजोर प्रयोग कोभिड-१९ महामारी तथा २०७२ को भूकम्पको समयमा वैकल्पिक सिकाइ सञ्चालनमा कठिनाइ, कतिपय अवस्थामा कुनै माध्यम प्रयोग गर्नै नसकिएको अवस्था। प्राकृतिक प्रकोपहरू जस्तै पहिरो, हुरी, चट्याङ, आगलागी, तथा संक्रामक रोगहरूले आवधिक रूपमा विद्यालय र सिकाइमा असर पुऱ्याउने रहेका छन् । अवसरहरूः भूकम्पपछिको समयमा अल्पकालीन सिकाइ केन्द्रहरूको सफल सञ्चालन र बालमैत्री मनोसामाजिक कार्यक्रमहरूको अभ्यास। महामारीका समयमा वैकल्पिक सिकाइका प्रारम्भिक अभ्यासहरू (जस्तै, सिकाइ सामग्री वितरण, समुदाय स्तरमा साक्षरता सहयोग)। राष्ट्रिय नीतिगत दस्तावेजहरूसँगको सहकार्य गर्दै विपद् व्यवस्थापन शिक्षालाई विद्यालय सुधार योजनामा समावेश गर्ने अभ्यास।

यी अवस्थाहरूको सन्दर्भमा यस गाउँपालिकाको शिक्षा योजनामा संकट र विपद्का लागि विशेष रणनीति अपनाउनु जरुरी देखिन्छ। संरचनागत, मानव स्रोत, स्रोत-साधन र व्यवस्थापन पक्षमा व्यापक सुधार र पूर्वतयारी आवश्यक छ। शिक्षा क्षेत्रलाई लचिलो, सशक्त र विपद् प्रतिरोधी बनाउन शिक्षा योजनाले निम्न रणनीतिहरूमा जोड दिनुपर्ने देखिन्छः विद्यालयस्तरमै आपतकालीन शिक्षा योजना निर्माण र कार्यान्वयन । शिक्षक र अभिभावकहरूलाई विपद् व्यवस्थापन तालिम प्रदान गर्ने व्यवस्था । वैकल्पिक शिक्षण सिकाइका विधि र उपकरणहरूको विकास र प्रयोग । स्थानीय सरकारको नेतृत्वमा संकटमा प्रभावकारी प्रतिकार्यका लागि संयन्त्र निर्माण ।

### ४.५.३ उद्देश्यहरु

यस योजनाले यस क्षेत्रसँग सम्बन्धि निम्न लिखित उद्धेश्यहरु राखेको छः

- विपद् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास गर्नु
- सम्भावित विपद् व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन गर्नु ।
- आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित गर्नु
- विपद् व्यवस्थापन प्रतिकार्यको योजना विकास गर्नु।

### ४.४.५ रणनितिहरु

आपत्कालिन तथा संकटपुर्ण अवस्थामा शिक्षा सम्बन्धमा मुख्य रणनीतिहरु निम्नानुसार हुनेछन् ।

- विद्यालय क्षेत्रमा प्रत्यक्ष रुपमा आईपर्ने विपद व्यवस्थापनको मूल्याङ्कन एवम बिश्लेषण गर्दै विद्यालय तथा पालिका स्तरीय प्रतिकार्य योजना तयार गर्ने ।
- संकटको बेलामा पनि शिक्षणसिकाइ सञ्चालन गर्न पालिका स्तरमा एक छुट्टै योजना तयार गरी नियमित विद्यालय सञ्चालन गर्ने वातावरण मिलाउने ।
- विपदमा सिकाइ निरन्तरता कायम गर्न वैकल्पिक सिकाइ सहजीकरणका लागि तत्कालीन आवश्यकता र परिस्थिति अनुसार वडा वा पालिका मार्फत उपयुक्त किसिमको बैकल्पिक माध्यम छनौट गरी कार्यान्वयनमा ल्याउने ।
- पालिका तथा विद्यालयको विपद् व्यवस्थापनका लागि तयारी, रोकथाम, प्रतिकार्य र पुनस्थापना लक्षित क्षमता बिकास गर्ने ।
- विपद् ब्यवस्थापन तथा तयारीका लागि एक कार्यविधि मार्फत पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद् कोष खडा गर्ने ।
- विपद् अवस्थाको शिक्षाका लागि नीति, कार्यविधि र मार्गदर्शन तयार गर्ने।
- सम्भावित प्रकोप तथा जोखिमबारे पूर्वसावधानी र सुरक्षा उपायहरूको जानकारी दिने।
- महामारी (जस्तै कोभिड-१९) सन्दर्भमा रोकथाम र उपचारको तयारी गर्ने।
- महामारीका बेला शिक्षण सिकाइ निरन्तरता दिन वैकल्पिक उपाय तयार गर्ने।
- सम्भावित संकटको पूर्वानुमान, मूल्याङ्कन र विश्लेषण गर्ने।
- विद्यालयस्तरीय आपतकालीन प्रतिकार्य योजना तयार गर्ने।
- स्थानीय शिक्षा समूह (Education Cluster) गठन र परिचालन गर्ने।

- शैक्षिक सेवा निरन्तरताका लागि आवश्यक सामग्रीको व्यवस्था गर्ने।
- विद्यालय र स्थानीय तहको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्ने।
- विद्यालय पूर्वाधार निर्माणमा नवीन मापदण्डअनुसार समिति गठन गरी समावेशी, सुरक्षित र विपद्मैत्री संरचना विकास गर्ने।
- विद्यार्थीहरुलाई लक्षित गरी विपतसँग सम्बन्धित विभिन्न किसिमको तालिम कार्यक्रम संचालन गर्ने ।
- सरकारी तथा अर्धसरकारी निकायबीच समन्वय संयन्त्र निर्माण गर्ने।
- हरित विद्यालय, जलवायु परिवर्तन तथा दिगो विकास शिक्षाका कार्यक्रम लागू गर्ने।

### ४.५.५ उपलब्धि, नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

#### उपलब्धि

- आपतकालिन तथा संकटपुर्ण परिस्थितिमा पनि वालवालिकाको सुरक्षा सहित शिक्षा प्राप्त गर्ने अधिकारमा सुधार आउने छ ।
- विपत् प्रतिकार्य योजना तयार हुने ।
- विद्यालय तथा पालिकाको विपत् ब्यवस्थापन सम्बन्धि क्षमता विकास हुने ।
- विपतको समयमा पनि शिक्षणसिकाइ क्रियाकलाप निरन्तर सञ्चालन हुने ।

### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.स. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विपद् सम्वन्धी विद्यालय तथा पालिका स्तरीय विपद प्रतिकार्य योजना निर्माण | पटक | ० | ० | १ | ० | ० | १ | १ | |
| २ | पालिका स्तरिय विद्यालय शिक्षा सहयोग विपद कोष स्थापना र सञ्चालन | पटक | | | १ | ० | ० | १ | १ | |
| ३ | वडास्तरीय प्रतिकार्य समूह गठन र परिचालन | निरन्तर | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ४ | संकटका बेलामा शिक्षा सम्बन्धी क्षमता विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विपद् सम्बन्धी सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

विद्यालयमा भर्ना भएका बालबालिकाहरूको लागि सुरक्षित विद्यालयमापढ्नका लागि कक्षा कोठा, खेल्नका लागि खेल मैदान, शौचालय, सरसफाइ र शुद्द पिउने पानी लागि खानेपानी जस्ता भौतिक पूर्वाधार विद्यालयका आधारभूत नभई नहुने संरचना हुन् । एक विद्यार्थीका लागि सुविधाजनक रुपमा पठनपाठनमा सहभागी बन्न प्रारम्भिक बालविकास तथा आधारभूत तह प्रारम्भिक कक्षाका लागि प्रति विद्यार्थी ०.७५ वर्ग मिटर र  आधारभूततह तथा माध्यमिक तहका लागि प्रति विद्यार्थी १.०० वर्ग मिटर बराबरको क्षेत्रफलको मापदण्ड शिक्षा नियमावली, २०५९ मा तोकिएको छ । राष्ट्रिय शिक्षा नीति, २०७६ ले विद्यालयहरूमा भवन, कक्षा कोठा, फर्निचर, प्रयोगशाला, शौचालय, पिउने पानी, पुस्तकालय, बुक कर्नर जस्ता भौतिकपूर्वाधार तयार गर्ने विद्यालय भवन लगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद जोखिममुक्त बनाउँदै सबै विद्यालयलाई सुरक्षित एवं बालमैत्री हरित विद्यालयको रुपमा विकास गर्नेलगायतका नीतिगत व्यवस्थापन गरेको छ ।

### ४.६.२ वर्तमान अवस्था

जहदा गाउँपालिकामा ३० वटा सामुदायिक विद्यालय, ६ वटा मदरसा विद्यालय र ९ वटा संस्थागत विद्यालय गरी जम्मा ४५ वटा विद्यालय सञ्चालनमा रहेका छन् । विद्यालयमा धेरै पहिले बनेका भवनहरु रहेका छन् । स्थानीय तह स्थापना हुनभन्दा अगाढी बनेका भौतिक संरचानहरु रहेका छन। स्थानीय तह भएपश्चात संघिय सरकारबाट प्राप्त भएको भौतिक पूर्वाधार निर्माण अनुदान र राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमबाट भवन प्राप्त भई भवन निर्माण भएका छन । स्थानीय तह भएपश्चात यस पालिकामा २ कोठे भवन र २ वटा छात्रा शौचालय निर्माण भएका छन् । टिनाका छाना भएका भवनहरु बढी सङ्ख्यामा रहेका र गर्मीको समयमा टिनाको छाना तातिएर विद्यार्थीहरु कक्षाकोठामा वस्न नसक्ने अवस्था रहेको छ । पालिकाबाट प्रत्येक वर्ष भौतिक संरचना पूर्वाधार कक्षाकोठा मर्मत झ्याल ढोका मर्मत जस्ता कार्यमा प्रत्येक वर्ष विद्यालयलाई सहयोग गरिरहेको छ ।हाल जहदा गाउँपालिकामा IEMIS को रिपोर्ट अनुसार तपशिल बमोजिमको अवस्था रहेको छ ।

### कक्षाकोठा तथा प्रशासनिक कोठाको अवस्थाः

| जम्मा विद्यालय संख्या | जम्मा कक्षा कोठा संख्या | मर्मत गर्नु पर्ने | नयाँ निर्माण गर्नु पर्ने | पर्याप्त नभएको | प्रशासनिक कोठा | मर्मत गर्नुपर्ने प्रशासनिक कोठा | नयाँ प्रशासनिक कोठा निर्माण |
|---|---|---|---|---|---|---|---|
| ३६ | २४८ | १०९ | ५४ | २३ | २३ | ८ | ५ |

### शौचालय, खानेपानीको तथा घेराबेराको अवस्था

| जम्मा विद्यालय संख्या | जम्मा शौचालय संख्या | मर्मत गर्नु पर्ने | नयाँ निर्माण गर्नु पर्ने | खानेपानी संख्या | खानेपानी नभएको | घेराबेरा | घेराबेरा नभएको |
|---|---|---|---|---|---|---|---|
| ३६ | ६७ | ३६ | २३ | २१ | १५ | ३० | ६ |

### पुस्तकालय, प्रयोगशाला, खाजा घर, प्राथमिक उपचार कक्ष, बैठक कक्ष र भण्डारण कक्ष

| जम्मा विद्यालय | पुस्तकालय | प्रयोगशाला | खाजा घर | प्राथमिक उपचार कक्ष | बैठक कक्ष | भण्डारण कक्ष | सेनिटरी प्याड र पोसाक परिवर्तन कक्ष |
|---|---|---|---|---|---|---|---|
| ३६ | ४ | ६ | ११ | १ | २ | ६ | ४ |

गाउँपालिकाभित्रका सामुदायिक ३०, धार्मिक ६ र संस्थागत ९ गरि जम्मा ४५ वटा विद्यालयहरूमा जम्मा ३१० वटा कोठा रहेका छन्, जसमध्ये २९० कोठा कक्षाकोठाको रूपमा प्रयोगमा छन्। बाँकी कोठाहरूमा प्रशासनिक (२३), पुस्तकालय (०४), प्रयोगशाला (६), भण्डार (६) उपयोग भइरहेको छ। तथापि, कक्षाकोठा २३ वटा कक्षाकोठा पर्याप्त नभएको देखिन्छ । शौचालय सुविधाको अवस्था हेर्दा ६७ वटा शौचालय रहेका त्यसमा ३६ वटा शौचालय मर्मत गर्नुपर्ने र २३

वटा नयाँ निर्माण गर्नुपर्ने देखिन्छ । स्यानिटरी प्याड विसर्जनको लागि प्रत्येक विद्यालयमा डिस्पोजल मेसिन जडान गरिएको छ ।

यस गाउँपालिकामा जम्मा ३६ वटा विद्यालयहरुमध्ये स्वच्छ पिउनेपानी ब्यवस्थापन भएका फिल्टर सहितका विद्यालय १५ वटा रहेका छन । हाल सबै माध्यमिक विद्यालयहरुमा फिल्टर सहितको स्वच्छ पिउनेपानीको ब्यवस्था गाउँपालिकाबाट गरेको छ ।प्रत्येक वर्ष गाउँपालिकाको वार्षिक निति तथा कार्यक्रममा सबै विद्यालयमा स्वच्छ पिउनेपानी ब्यवस्थापन पुर्याउने उद्देश्यले निति कार्यक्रम तथा बजेट ब्यवस्था गरिएको छ ।२१ वटा विद्यालयमा ट्युवेलबाट खानेपानीको ब्यवस्था गरिएको छ । सबै विद्यालयमा गाउँपालिकाबाट वायोस्यान्ट फिल्टर वितरण गरि टुवेलको पानीलाई फिल्टरमा शुद्दिकरण गरी विद्यालयहरुले पिउनेपानीको ब्यवस्थापन गरेको छ ।

समग्र भौतिक अवस्थाको सन्दर्भमा, पालिकाका ३६ सामुदायिक र ९ वटा संस्थागत विद्यालयहरू मध्ये अधिकांशको भौतिक पूर्वाधार कमजोर छन्। विद्यालयहरू पहुंचयुक्त छैनन्, धेरै विद्यालयमा पानी आपूर्ति र स्वच्छ पिउने पानीको व्यवस्था कमजोर छ। खेलकुद, स्वास्थ्य कक्ष, सभा हल, मञ्च, बगैंचा लगायतका पूर्वाधारहरूको अभाव छ। यस विषय क्षेत्रमा पनि समस्याहरू रहेका छन् । अझ पनि केही विद्यालयमा कक्षाकोठाहरू विद्यालयहरूमा छात्राहरूका लागि अलग्गै शौचालयको व्यवस्था नहुनु, धेरै वटा विद्यालयमा अपाङ्गता भएका धेरै विद्यालयमा विद्यार्थीका लागि अलग्गै शौचालय नहुनु, केही विद्यालयमा पानीको व्यवस्था नहुनु, साबुन स्यानीटरी प्याड डिस्पोज गर्ने व्यवस्थासहितको शौचालयको व्यवस्था नहुनु, केही विद्यालयहरूमा स्वच्छ र सफा पिउने पानीको व्यवस्था नहुनु, अधिकांश विद्यालयमा आराम कक्षको व्यवस्था नहुनु, विद्यालयमा बालमैत्री धारा नहुनु, धेरै विद्यालयमा खेलमैदान र घेराबारको व्यवस्था नहुनु, केही विद्यालयमा फर्निचर नपुग हुनु आदि यस गाउँपालिका मुख्य समस्या तथा चुनौतीहरू हुन् ।

राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार, तहगत विद्यार्थी संख्याका आधारमा निर्माण गर्नुपर्ने शिक्षण सिकाइ कक्ष, प्रयोगशाला, पुस्तकालय, अतिरिक्त क्रियाकलाप कक्ष, कम्प्युटर कक्ष, शिक्षक र प्रशासनिक कक्षहरू निर्माण तथा व्यवस्थापन गर्नु यस पालिकाको प्रमुख प्राथमिकता रहेको छ। अवसरहरूः संघ, प्रदेश र स्थानीय सरकारबाट भौतिक पूर्वाधार सुधारमा निरन्तर सहयोग विभिन्न परियोजना तथा संघ—संस्थाहरूको सहयोग सक्रिय रूपमा भइरहेको अवस्था भएको छ । चुनौतीहरूः भौतिक निर्माणमा गुणस्तर, पारदर्शिता र जवाफदेहीता सुनिश्चित गर्नु । मापदण्डअनुसारको पूर्वाधार निर्माण । विद्यालयहरूमा आवश्यक पर्ने सबै सुविधायुक्त पूर्वाधारको विकास । भौतिक संरचनाको लागि पर्याप्त स्रोत-साधनको अभाव। उपलब्ध संरचनालाई समावेशी र पहुँचयुक्त बनाउने आवश्यकता ।

### ४.६.३ उदेश्यहरु

भौतिक निर्माण सम्बन्धी निम्न लिखित उद्धेश्यहरु राखेको छः

- विद्यालयमा न्युनत्तम भौतिक संरचनाको सुनिश्चत गर्नु ।
- मापदण्ड अनुसार सबैलाई पहुच हुने भौतिक संरचनाहरु निर्माण गर्नु ।
- भौतिक निर्माण कार्यलाई गुणस्तरीय तथा पारदर्शि बनाउनु ।
- जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन Climate smart Infra structure बनाउन परामर्श गर्नु ।

### ४.६.४ रणनीतिहरु

भौतिक निर्माण सम्बन्धि निम्न लिखित रणनीतिहरु राखेको छः

- शुरुमा सबै विद्यालयहरुको भौतिक संरचनाको अवस्था विश्लेषण गरि विद्यालयलाई आवश्यक भौतिक संरचनाको सूची र प्राथमिकता निर्धारण गरी सोहि अनुरुप योजना बनाउने ।
- विद्यालयमा निर्माण हुने भौतिक संरचना ब्यवस्थित बनाउन पालिका स्तरीय एक कार्यविधि बनाइ लागू गर्ने ।
- पुराना भौतिक संरचनाहरुलाई सकेसम्म सबैको पहुच हुन सक्ने बनाउन पुनसंरचना गर्ने र नयाँ बन्ने संरचनामा सबैको पहुँचतता सुनिश्चत हुने गरी संरचनाहरु बनाउने ।
- भौतिक निर्माणको कार्यलाई लागत बोड् राख्ने सार्वजानिक सुनाइ गर्ने स्थलगत प्राविधिक र जनप्रतिनिधि मार्फत अनुगमन गर्ने जस्ता कार्यलाई जोड दिइ गुणस्तरीय तथा पारदर्शिता कायम गर्ने ।
- विद्यालय पूर्वाधार विकासका लागि विकास साझेदार तथा विभिन्न संघ संस्था तथा दातृ निकायहरुसँग लागत साझेदारी तथा स्रोत ब्यवस्थापन गर्ने ।
- विद्यालय तथा अभिभावकको सहभागितामा हामी बनाउछौं, हाम्रो विद्यालय कार्यक्रम सञ्चालन गर्ने ।
- नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम लागु गर्ने ।
- जलवायु परिवर्तनको असरबाट सुरक्षित हुन भौतिक पूर्वाधार निर्माण तथा विकासमा Climate Smart Infrastructure सम्बन्धी अवधारणालाई क्रमश कार्यान्वयन गर्दै जाने ।

### ४.६.५ उपलब्धि, नतिजाहरु र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

#### उपलब्धि

- सबै विद्यालयमा मापदण्ड पुरा भएको सिकाइका लागि न्युनत्तम आवश्यक भौतिक संरचना सुनिश्चत भएको हुनुका साथै भौतिक अवस्थामा सुधारमा भएको हुने ।
- भौतिक संरचना निर्माणको लागि विद्यालयको अवस्थाको नक्सांकन तथा विश्लेषण भएको हुने ।
- सबै विद्यालयमा मापदण्ड पुरा भएको सिकाइका लागि न्युनत्तम आवश्यक भौतिक संरचना सुनिश्चत भएको हुने ।
- भौतिक संरचना निर्माण प्रक्रिया थप गुणस्तर तथा पारदर्शि भएको हुने ।
- भौतिक निर्माण कार्यमा संघसंस्थाको सहभागितामा वृद्दि भएको हुने ।

#### प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयको भौतिक अवस्थाको विश्लेषण तथा प्रतिवेदन तयार | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | १० | |
| २ | नयाँ भौतिक संरचना निर्माण (भवन, शौचालय ,घेराबारा,खानेपानी छात्रबास) | पटक | ३ | ३ | ४ | ४ | ४ | १८ | १८ | |
| ३ | नछोडौं विद्यालय परिसर खाली, बनाऔं बगैचा हरियाली कार्यक्रम | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६ | |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सुचना र प्रविधिलाई अङ्ग्रेजीमा **Information Technology -IT** भनिन्छ । सूचना भनेको सन्देश तथा घटना, तथ्याङ्क, सङ्केत आदी हो भने प्रविधि भनेको कार्यसम्पादनमा सहजता ल्याउन तयार पारिएको वैज्ञानिक सामग्री वा साधन हो । यस्ता साधनहरुमा  कम्प्युटर, ल्यापटप, ट्यावलेट, प्रोजेक्टर, मोबाइल जस्ता पर्ने र तिनका माध्यमबाट सूचना आदानप्रदान गर्ने कार्य सूचना तथा प्रविधि हो । शिक्षामा सूचना र प्रविधि भनेको मुलतः शैक्षिक प्रकृया वा शिक्षण सिकाइमा आवश्यक प्रविधि प्रयोग गरि सुचना आदानप्रदान कार्य हो । वर्तमान समयमा शिक्षामा सुचना प्रविधिका प्रचलित साधनहरुका रुपमा रेडियो, टि. भी., मोबाइल, टेलिफोन, कम्प्युटर,ल्यापटप, ट्यावलेट, आइप्याड, प्रोजेक्टर, सि.डी, पेनड्राइभ, डाटा कार्ड आदि प्रयोग हुने गरेका छन् । त्यस्तैः इन्टरनेट तथा विविध वेब पेजहरु, युटुब, फेसबुक, एप्स तथा विभिन्न प्रोग्रामहरु, विविध श्रव्यदृष्य सामग्रीहरु, माइक्रोसफ्ट अफिस प्याकेज आदि सफ्टवेयरका प्याकेजहरुले पनि शिक्षामा सूचना प्रविधिको प्रयोगलाई सहज बनाएको छ ।

सुचना तथा सञ्चार प्रविधिको कुशल र प्रभावकारी प्रयोगले सिकाइ सुधार गर्न, सिकाइलाई सान्दर्भिक वनाउन, सिकाइप्रति विद्यार्थीहरुलाई अभिप्रेरित गर्न र शैक्षिक व्यवस्थापन सुधार गरि सुशासन कायम गर्न सहयोग गर्दछ । शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास तथा प्रयोगले सबै विद्यार्थीहरुका लागि सूचना तथा सञ्चार प्रविधिको आधारभुत पहुँच पुऱ्याईडिजिटल भिन्नता कम गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई शिक्षण सिकाइको साधनका रुपमा प्रयोग गरि सिकाइ सुधार गर्ने, सबैका लागि शिक्षामा पहुँच पुऱ्याउने र शिक्षाको व्यवस्थापकीय तथा शासकीय पद्दतिलाई कुशल र प्रभावकारी बनाई सुशासनको प्रत्याभुतिका लागि सुचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सहयोग पुऱ्याउँछ ।

कोभिड १९ को महामारीले शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगको आवश्यकतालाई थप पुष्टि गरेको छ । विभिन्न प्रकारका विपद तथा महामारीमा पनि शिक्षण सिकाइलाई निरन्तरता दिने कार्यमा सूचना तथा सञ्चार प्रविधिले महत्वपूर्ण सहयोग गर्न सक्दछ । यस सन्दर्भमा भइरहेको क्षमताका आधारमा अनलाइन तथा अफलाइन लगायतका भर्चुअल माध्यम प्रयोग गरि सिकाइलाई निरन्तरता दिन खोजिए पनि पर्याप्त क्षमता तथा संरचनाको अभावले सबैलाई समेट्न सकेको छैन । यस्तो अवस्थामा सबैका लागि सहज पहुँच पुग्नेगरी शिक्षामा सूचना तथा सञ्चार प्रविधिको विकास गर्नु चुनौतिपूर्ण कार्य रहेको छ ।

### ४.७.२ वर्तमान अवस्था

नेपाल सरकारले २०७६ सालमा स्वीकृत राष्ट्रिय शिक्षा नीति र विज्ञान तथा प्रविधि प्रवर्द्धन नीतिमा शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोग सम्बन्धी स्पष्ट व्यवस्था गरेको छ। नीति अनुसार विद्यालयहरूमा सूचना प्रविधिसम्बन्धी संरचना निर्माण, इन्टरनेट कनेक्टिभिटीको व्यवस्था, जनशक्ति र सामग्रीको उपलब्धता तथा क्षमता अभिवृद्धि आवश्यक मानिएको छ। नेपाल दुरसञ्चार प्राधिकरणले ग्रामिण दूरसञ्चार विकास कोषमार्फत विद्यालयहरूमा कनेक्टिभिटी तथा पूर्वाधारको सहयोग गर्दै आएको छ। नेपाल सरकारको पहलमा अधिकांश माध्यमिक विद्यालयहरूमा निःशुल्क इन्टरनेट जडान गरिएको छ। अवसरका रुपमा संघीय सरकारबाट वार्षिक रूपमा ICT ल्याब स्थापनाको लागि बजेट प्राप्त हुनु, शिक्षक तालिम कार्यक्रमहरू मार्फत प्रविधि प्रयोग सम्बन्धी क्षमता अभिवृद्धि हुनु, विभिन्न निकाय तथा संस्थाहरूबाट सहयोग प्राप्त हुनु, स्थानीय सरकार स्वयंले पनि सूचना प्रविधिमा जोड दिनु रहेका छन् भने चुनौतीहरूका रुपमा अधिकांश विद्यालयहरूमा विजुलीको स्थायी व्यवस्था गर्न कठिनाई हुनु, सूचना प्रविधिका सामग्री र इन्टरनेट कनेक्टिभिटी सुनिश्चित गर्न कठिनाइ,उपलब्ध सामग्रीहरूको प्रभावकारी प्रयोगमा कठिनाइ, निर्धारित मापदण्ड अनुसार उपकरण व्यवस्थापनमा चुनौती, आवश्यक स्रोत र बजेट सुनिश्चित गर्न समस्या, दक्ष जनशक्तिको अभाव रहेका छन् । यी अवस्थाहरूको समाधान खोज्दै शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी प्रयोगलाई अघि बढाउन आवश्यक छ।

### ४.७.३ उद्धेश्यहरु

सूचना प्रविधिसँग सम्बन्धित उद्धेश्यहरुः

- विद्यालयमा सूचना प्रविधिको प्रयोग र व्यवस्थापनमा सुधार ल्याउनु ।
- सूचना तथा प्रविधिको पहुँचलाई विस्तार गर्नु ।
- शिक्षण सिकाईमा सूचना प्रविधिको प्रयोग गर्ने सक्षमता शिक्षकहरुमा विकास गर्ने ।
- शिक्षण सिकाईमा आधुनिक प्रविधिको प्रयोग गर्नु ।

### ४.७.४ रणनीतिहरु

- एक विद्यालय सुचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट ) को प्रबन्ध क्रमशः गर्ने ।
- सबै माध्यमिक विद्यालयमा आइसीटी ल्याबको सुनिश्चित गर्ने ।
- सूचना तथा प्रविधिको प्रयोग गर्ने सक्ने क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने ।

- सूचना तथा प्रविधिको प्रयोगको लागि प्राविधिक सहयोग गर्न लिडर विद्यालय तथा क्लस्टर स्तरीय फोकल पर्सनको विकास गरी त्यस मार्फत सहयोग हुने प्रबन्ध गर्ने ।
- विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
- शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने
- शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने ।
- कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी श्रव्य/दृष्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

### ४.६.६ उपलब्धी, नतिजा र प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरुः

**उपलब्धीः**

- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई सिकाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक हुनुका साथै विद्यालय शिक्षाको व्यवस्थापनमा सुधार तथा सुशासनमा सुधार आउने
- शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगमा विस्तार हुने ।
- विद्यालयको ब्यवस्थापन तथा प्रशासनिक कार्यमा सुचना प्रविधिको प्रयोगमा सुधार आउने ।
- विद्यालय स्तरमा सूचना प्रविधिको ज्ञान तथा सीप भएको जनशक्तिमा वृद्दि हुने ।
- समयमा नै प्रभावकारी रुपमा IEMIS अद्यावधिक हुने।

## प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | एक विद्यालय सूचना प्रविधिको न्युनत्तम प्याकेज (एक ल्यापटप, एक प्रिन्टर, एक प्रोजेक्टर र इन्टरनेट) कार्यक्रम | संख्या | ७ | ७ | ७ | ७ | ८ | ३६ | ७२ | |
| ३ | ICT Lab को स्थापना | संख्या | २ | १ | २ | २ | २ | ९ | १८ | |
| ४ | शिक्षण सिकाइमा आइसीटी सम्बन्धी शिक्षक तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | विद्यालय सञ्चालनमा आइसीटीको प्रयोग सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | सूचना प्रविधिमा आधारित शिक्षक सहायता प्रणालीको विकासका लागि लिडर विद्यालय/कलस्टर स्तरीय जनशक्तिको पहिचान, क्षमता विकास तथा परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | साझेदारीमा एक शिक्षक एक ल्यापटप सहयोग कार्यक्रम | विद्यालय | ७ | ७ | ७ | ७ | ८ | ३६ | ७२ | |
| ८ | आइसीटी सम्बन्धी शिक्षक तथा विद्यार्थीको नवप्रवर्तनात्मक क्षमता सम्मान कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद-५ अन्य उपक्षेत्र

## ५.१ मन्टेश्वरी क्षिक्षा

### ५.१.१ परिचय

मन्टेश्वरी शिक्षण पद्धतिको सफल अभ्यास र बालबालिकाको लागि यसको आवश्यकतालाई मध्यनजर गरी योजनाको प्रारम्भिक अवधिमा प्राथमिकतामा राखिएको छ । मन्टेश्वरी शिक्षा पद्धतिको माध्यमबाट विद्यालय शिक्षाको तयारी एवं बालबालिकाहरुलाई नविन शिक्षण विधिको उपयोग गरेर प्रभावकारी रुपमा शिक्षण सिकाई  क्रियाकलपहरु संचालन गरिनेछ । जहदा गाउँपालिका अन्तर्गतका विद्यालय सेवाक्षेत्र भित्र पर्ने मुख्यत ३ देखि ५ वर्ष उमेर समुहका बालबालिकाहरुको पहुँच विस्तर गरिनेछ । बालबालिकाहरुले सबै इन्द्रियको प्रयोग मार्फत आफैले छोएर हेरेर गरेर अनि व्यत्तिगत वा समुहगत रुपमा विभिन्न खेल क्रियाकलापमा सहभागी भएर सिक्ने/ सिकाउने विधि र  मन्टेश्वरी शिक्षा प्रणालीको उपयोग गरिनेछ ।

### ५.१.२ वर्तमान अवस्थाः

### ५.१.३ उद्देश्य

मन्टेश्वरी शिक्षाका निम्न उद्देश्य रहेका छन् ।

१. मन्टेश्वरी शिक्षा उमेर समूहका बालबालिकाहरुको सहभागितामुलक पहुँचको सुनिश्चित गर्नु ।
२. पूर्व प्राथमिक कक्षालाई कक्षा १ मा प्रवेशको आधार स्तम्भको रुपमा विकास गर्नु ।
३. बालबालिकाको शारीरिक मानसिक सवेगात्मक र सामाजिक पक्षको विकास गर्नु ।
४. साना साना भाइबहिनीको रेखदेख गर्न घरमा बस्ने र विद्यालय नजाने बालबालिकालाई विद्यालय शिक्षाको पहुँचमा ल्याउनु

### ५.१.४ रणनीति

१. नक्साङ्कन गरी स्थानीय आवश्यकता अनुसारका विद्यालयमा  मन्टेश्वरी शिक्षा कार्यक्रमको स्थापना गर्ने ।

२. मन्टेश्वरी शिक्षामा बालबालिकाको पहुँच सुनिश्चित गर्नको लागि निर्धारित न्यूनतम मापदण्ड, पाठ्यक्रममन्टेश्वरी सिकाई तथा , विकासको मापदण्ड अनुसारकोशिक्षण पद्धतिको विकास गर्ने ।
३. मन्टेश्वरी उमेर समूहका बालवालिकालाई मन्टेश्वरी कार्यक्रममा सहभागिताका लागि चेतना एवंम प्रोत्साहन मूलक करार्यक्रम सञ्चालन गर्ने ।
४. मन्टेश्वरी कार्यक्रम, पूर्व प्राथमिक शिक्षा र विद्यालयमा सबै बालबालिकालाई भर्ना गर्ने र नियमित विद्यालय पठाउने अभिभावकहरुलाई वडा र पालिका स्तरबाट प्रवाह हुने सेवा सुविधासँग आवद्ध गराई प्रोत्साहनमुलक कार्यक्रम संचालन गर्ने।
५. मन्टेश्वरी कक्षालाई सुविधायुक्त बालमैत्री अवधारणाको रुपमा विकास गर्ने ।
६. मन्टेश्वरी कार्यक्रमलाई सरकारीस्तर, , संघसंस्था र अभिभावक समेतको लागत साझेदारीको नमूनाबाट सञ्चालन गर्ने।
७. दिवा समयमा बालबालिका हेर्ने अभिभावक नभएका बालबालिकालाई लक्षित गरी मन्टेश्वरी कक्षालाई दिवा सेवा केन्द्र (Day survice Center) को रुपमा विकास गर्ने ।
८. मन्टेश्वरी विद्यालयमा तालिम प्राप्त महिला सहजकर्तालाई प्राथमिकता दिने ।

### ५.१.५ प्रमुख उपलब्धि नतिजा तथा लक्ष्य

**क. उपलब्धि**

क) मन्ट्श्वरी विद्यालय न्यूनतम मापदण्ड पूरा भएको हुनेछ।
ख) सबै बालबालिकालाइ गुणस्तरीय मन्टेश्वरी शिक्षाको अवसर सुनिश्चित भएको हुनेछ ।
ग) बालबालिकाको रुचि अनुसारको सिकाइ वातावरण तयार भएको हुनेछ ।
घ) मन्टेश्वरी कक्षाकोठामा विषय अनुसारको सामग्रीहरु व्यवस्थापन भएको हुनेछ ।
ङ) बालबालिकाहरु मन्टेश्वरीको अनुभव र सिकाइ सहित कक्षा १ मा प्रवेश गरेका हुनेछ ।
च) मन्टेश्वरी शिक्षा कार्यक्रमको माध्यमबाट बालबालिकामा उमेर अनुसारको सर्वाङ्गीण विकास भएको हुनेछ ।

प्रमुख क्रियाकलापहरु तथा लक्ष्यहरु

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | मन्टेश्वरी कार्यक्रमका लागि स्थानको पहिचान | पटक | १ | १ | ० | ० | ० | २ | ४ | |
| २ | मन्टेश्वरी कार्यक्रमका लागि सरोकारवालाहरुसँग छलफल कार्यक्रम | पटक | १ | १ | १ | ० | ० | ३ | ३ | |
| ३ | स्थान छनौट तथा कार्यक्रम संचालन | पटक | १ | २ | २ | १ | १ | ७ | ७ | |
| ४ | सुविधा युक्त भवन तथा कक्षा कोठा व्यवस्थापन | पटक | १ | २ | २ | १ | १ | ७ | ७ | |
| ५ | सार्वजनिक नीजि साझेदारी( Public, private partnership-ppp ) नमूनामा आधारित रही श्रोत व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | मन्टेश्वरी कक्षा संचालनका लागि जनशक्ति व्यवस्थापन | विद्यालय | १ | २ | २ | १ | १ | ७ | ७ | |

## ५.२ पुस्तकालय

### ५.२.१ परिचय

बर्तमान समयमा प्रविधिको विकासले पाठ्यपुस्तकको अध्ययन घटदो मात्रामा छ पुस्तक पढेर दीगो सिकाई आर्जन हुने गर्दछ । हाम्रो समाजमा सबै उमेर समूहका नागरिकहरुको प्रविधिमा समान पहुँच नरहेको अवस्थामा पुस्तकालयको आवश्यकता र महत्व यथावत छ । अबको समयमा सबै उमेर समूह मैत्री पुस्तकालय एवंम वाचनालयको  महत्व बढ्दो मात्रा देखिन्छ । नेपाल

सरकार स्थानीय तह तथा विद्यालयको सहयोगमा विद्यालयमा स्थापित पुस्ताकालयलाई अझ बढी प्रभावकारी र समुदायको पहुँचमा समेत विस्तार गर्ने मुख्य उदेश्यले योजना अवधिमा जहदा गाउँपालिकाका ९ वटा माध्यमिक तह सञ्चालित विद्यालयको पुस्ताकालयलाई विद्यार्थीहरुको अतिरिक्त अभिभावकहरुको लागि समेत विकास र विस्तार गरिने योजना प्रस्ताव गरिएको छ ।

### ५.२.२ उदेश्य

क. विद्यालयमा रहेका पुस्तकालय विद्यार्थीको अतिरिक्त सामुदायिक पहुँच मुक्त बनाउने ।

ख. पुस्तकालयमा बालबालिका युवा प्रैढ तथा जेष्ठ नागरिकको आवश्यकता अनुसारका पाठ्यपुस्तकको व्यवस्था गर्ने ।

ग. पुस्तकालयलाई भौतिक सुविधा युक्त बनाउने ।

घ. जहदा गाउँपालिकाको भवनमा सुविधासम्पन प्रविधिमैत्री पुस्तकालयको स्थापना गर्ने ।

### ५.२.३ रणनीतः

क) पुस्तकालय कक्षलाई अपाङता, जेष्ठनगारीक र अन्य स्थानीय अभिभावकहरुलागि पहुँचयुक्त बनाउने ।

ख) पुस्तकालयमा विद्यार्थीको पाठ्यक्रमसँग सम्बन्धित, युवाहरुका लागि खेल र मनोरञ्जन/जीवनउपयोगि सीप, प्रौढहरुको लागि व्यवसायिक सिप विकास र जेष्ठ नागरिकहरुको लागि योग ध्यान धर्म दर्शनसँग सम्बन्धित उमेर र आवश्यकता अनुसारका पाठ्यसामग्रीहरुको व्यवस्था गर्ने ।

ग) समुदायमा रहेका पुराना ऐतिहासिक तथा धार्मिक र अन्य क्षेत्रका पुस्तकहरु संकलन गरी संरक्षण पुस्ताकालयमा प्रदर्शन गर्ने ।

घ) विद्यालयमा उपलब्ध भौतिक संरचना मध्येबाट सबैको पहुँच हुने गरी कम्तिमा २० जना व्यक्तिले एक पटकमा उपयोग गर्ने गरी अध्ययन कक्ष/पुस्तकालय कक्षको ब्यवस्था गर्ने

ङ) जहदा गाउँपालिका भवनमा कम्तिमा ३० जना व्यक्तिहरुले सहजै सुविधा लिन सक्ने क्षमता भएको प्रविधिमैत्री पुस्तकालय/अध्ययन कक्षको व्यवस्थापन गर्ने।

च) पुस्तकालयमा क्रमश प्रविधिको माध्यमबाट अध्ययन सुविधा समेतको विस्तार हुँदै जानेछ ।

## ५.२.४ प्रमुख उपलब्धि तथा  नतिजाः

**उपलब्धिः**

क) विद्यार्थी/शिक्षकहरुमा पाठ्यपुस्तक अध्ययन गर्ने बानिको विकास हुने ।

ख) समुदायका अभिभावक तथा व्यक्तिहरु समेतले विद्यालयमा रहेको पुस्तकालयको प्रयोग गर्ने ।

ग) पुस्तकालयको माध्यमबाट  समुदायमा रहेका ऐतिहासि र  पुरातात्वीक पुस्तकहरुको संरक्षण र प्रयोग भएको हुने ।

घ) विद्यालयमा रहेको पुस्तकालयको  सहज प्रयोगले अभिभावकहरुको विद्यालय प्रति अपनत्व वढ्नेछ ।

ङ)विद्यालय भवनमा रहेको पुस्तकालय व्यवस्थित र  सुविधा  सम्पन्न भएको हुनेछ ।

च) जहदा गाउँपालिका भवनमा कम्तिमा ३० जना व्यक्तिहरुले सहजै सुविधा लिन सक्ने क्षमता भएको प्रविधिमैत्री पुस्तकालय/अध्ययन कक्षको व्यवस्थापन भएको हुने ।

छ) पुस्तकालय प्रयोग गर्ने सबैमा पठन संस्कृतिको विकास हुनेछ ।

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | पुस्तकालयको महत्व र पठन संस्कृतिको विषयमा अन्तक्रिया/छलफल | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | माध्यमिक विद्यालयमा पुस्तकालयको क्षमता विकास कार्यक्रम | पटक | | २ | २ | २ | ३ | ९ | ९ | |
| ५ | जहदा गाउँपालिकाको भवनमा पुस्तकालय स्थापना | पटक | ० | ० | १ | ० | ० | १ | १ | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ६ | स्थानीय रुपमा पुस्तक संकल्प र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | आवश्यकता र उमेर अनुकुल पाठ्यपुस्तक व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | पुस्तकालय व्यवस्थापन समिति र लाइव्रेरियनको चयन/जिम्मेवारी | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ५.३ विद्यालय नर्स कार्यक्रम

### ५.३.१ उद्देश्य

क. माध्यमिक विद्यालयमा विद्यालय नर्स कार्यक्रम संचालन गर्ने ।

ख.विद्यालय नर्स कार्यक्रमलाई स्वास्थ्य सेवा दिन सक्षम र सामग्रीयुक्त बनाउने

ग. विद्यार्थी र अभिभावकहरुलाई सर्वसुलभ रुपमा नर्स सेवा प्रवाह गर्न सक्षम बनाउने ।

### ५.३.२ रणनितिः

क) विद्यालय नर्स कार्यक्रम सञ्चालन गर्नका लागि अन्य सरकारका तह र अन्य संघ संस्थासँग समन्वय र साझेदारी गरिनेछ ।

ख) गाउँपालिका अन्तर्गतका स्वास्थ्य चौकीहरु सँग समन्वय गरी मौजुदा जनशक्तिबाट विद्यालय नर्स ब्यवस्था गरिनेछ ।

ग) विद्यालयमा विद्यार्थी शिक्षकका अतिरिक्त अभिभावकहरु समेतलाई नर्स सेवा उपलब्ध गराउन मिलाईनेछ ।

घ) विद्यालयको भौतिक सुविधामध्येबाट सबैको पहुचयुक्त स्वास्थ्य सामाग्री सहितको नर्सिङकक्षको ब्यवस्थापन गरिनेछ ।

### ५.३.३ प्रमुख उपलब्धी तथा नतिजा

क)शिक्षक विद्यार्थी र वहुसङ्ख्यक अभिभावकहरुलाई विद्यालयबाट नर्सिङ सेवा प्रवाह भएको हुनेछ ।

ख) विद्यालयमा भौतिक रुपमा सुविधायुक्त स्वास्थ्य सामाग्री सहितको नर्सिङ कक्ष हुनेछ ।

ग)योग्यता र तालिम प्राप्त सक्षम नर्सको स्वास्थ्य कर्मी/स्टाफ नर्सको ब्यवस्था हुनेछ ।

घ)विद्यालयबाट नर्सिङ सेवा प्रवाहले अभिभावकहरुको विद्यालयप्रतिको अपनत्व बढ्नेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्यलः

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | विद्यालयमा नर्सिङ कार्यक्रम सञ्चालनका लागि छलफल र अन्तर्क्रिया | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | माध्यमिक विद्यालयमा नर्सिङ कार्यक्रमका लागि स्रोत व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | ५ | ५ | |
| ५ | विद्यालयमा सबैको पहुचयुक्त नर्सिङ कक्षको व्यवस्थापन | पटक | ० | २ | २ | २ | २ | ८ | ८ | |
| ६ | योग्यताप्राप्त स्वास्थ्यकर्मी/स्टाफ नर्सको व्यवस्था | पटक | | २ | २ | २ | २ | ८ | ८ | |
| ७ | सामाग्रीको ब्यवस्थापन र सेवा प्रवाह | पटक | | २ | २ | २ | २ | ८ | ८ | |

**नतिजा तथा परिणात्मक लक्ष्यः**

विद्यालय शिक्षाका लागि संघीय सरकार तथा प्रदेश सरकारबाट नियमित बजेट प्राप्त हुनु पालिकाबाट पनि शिक्षा क्षेत्रमा पनि बजेट विनियोजन हुनु विभिन्न परियोजनाहरु लागु हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन् । यस्ता अवसरहरु भएता पनि यस क्षेत्रका देखिएका प्रमुख चुनौतीहरुलाई तल प्रस्तुत गरिएको छ ।

- विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापनमा वृद्दि गर्ने ।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।

# परिच्छेद ६ सुशासन तथा व्यवस्थापन

## ६.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

### ६.१.१ परिचय

शिक्षा क्षेत्रलाई सबल, सेवामुखी र परिणाममुखी बनाउने क्रममा सुशासन र व्यवस्थापनको भूमिका अत्यन्तै महत्वपूर्ण हुन्छ। सुशासन भन्नाले उत्तरदायित्व, पारदर्शिता, जवाफदेहिता, विधिको शासन, समावेशिता र सहभोगी निर्णय प्रक्रियालाई बुझिन्छ, जसले शिक्षामा नीतिगत निर्णयदेखि कार्यान्वयनसम्म प्रभावकारी योगदान दिन्छ। शिक्षा क्षेत्रमा सुशासन कायम गर्न तीनै तहका सरकार (संघ, प्रदेश, स्थानीय), विद्यालय तथा समुदाय, गैरसरकारी निकाय र विकास साझेदारहरूको सक्रिय भूमिका अनिवार्य हुन्छ। नेपालको संविधानले शिक्षालाई साझा अधिकारको रूपमा परिभाषित गर्दै तीन तहका सरकारबीचको शक्तिको बाँडफाँटलाई संस्थागत गरेको छ।

शिक्षा व्यवस्थापनको सन्दर्भमा निर्णय तथा कार्यान्वयन सहभागिता र सहमतिमा आधारित हुनुपर्छ । कार्यप्रणाली उद्देश्यप्रति केन्द्रित, उत्तरदायित्वपूर्ण र पारदर्शी हुनुपर्छ । प्रभावकारिता, कार्यकुशलता, तथा विधिको सर्वोच्चता सुनिश्चित गरिनुपर्छ। शिक्षण—सिकाइप्रति जवाफदेहिता कायम गरिनुपर्छ। विद्यालय तहमा, सुशासनले विद्यालयको समग्र सुधारमा केन्द्रिय भूमिका खेल्दछ। विद्यालय व्यवस्थापन, पारदर्शिता र नेतृत्वका पक्षमा स्पष्ट रणनीति बनाइनु आवश्यक छ। विद्यालय शिक्षा योजना कार्यान्वयन गर्न संस्थागत संरचना निर्माण, मानव संसाधनको क्षमता विकास, सक्रिय अनुगमन र मूल्याङ्कन प्रणाली आवश्यक हुन्छन्। शिक्षामा सुशासनको प्रत्याभूतिले शिक्षाको गुणस्तर अभिवृद्धि, विद्यार्थी सिकाइमा सुधार, र सबैका लागि समान अवसर सुनिश्चित गर्न सहयोग पुऱ्याउँछ। अत सबै सरोकारवालाको समन्वय, योगदान र उत्तरदायित्व सहितको सहभागिताले मात्र सुशासन सम्भव हुन्छ।

### ६.१.२ वर्तमान अबस्था

नेपालको संघीय संरचना अनुसार संघ, प्रदेश र स्थानीय तह तीनै तहमा शिक्षा क्षेत्रको व्यवस्थापन प्रणाली क्रियाशील छ। संघमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव स्रोत विकास केन्द्र, शैक्षिक गुणस्तर परीक्षण केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शिक्षक सेवा आयोग जस्ता निकाय छन्। प्रदेशमा सामाजिक विकास मन्त्रालय, शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालय छन्।

स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा समिति रहेका छन्। विशेष गरी यो गाउँपालिकामाः ३६ सामुदायिक र ९ संस्थागत गरी ४५ वटा विद्यालय, ६७ प्रारम्भिक बाल वकास केन्द्र रहेका छन्। प्रत्येक विद्यालय व्यवस्थापन समिति (SMC) र शिक्षक अभिभावक संघ (PTA) गठन गरिएको छ।

गाउँपालिकाले शिक्षा ऐन २०७७ जारी गरेको छ, जुन विद्यालय तहमा सुशासनको आधार बन्न सक्छ। साथै, पालिकाबाट विविध कार्यविधि र क्षमता विकास कार्यक्रमहरू संचालन भइरहेका छन्। यद्यपि, विद्यालय सुधार योजना, सामाजिक परीक्षण र लेखापरीक्षण अझै प्रभावकारी बन्न सकेका छैनन्। शिक्षा शाखा र विद्यालयहरूमा प्राविधिक र दक्ष जनशक्तिको अभाव देखिन्छ। इमिस (EMIS) अद्यावधिकमा समस्या, शिक्षकहरूको क्षमता अभाव, विद्यालय नेतृत्वमा अपेक्षित दक्षता र दूरदृष्टिको कमी प्रमुख समस्याका रूपमा छन्। विद्यालयहरुमा सुशासन पारदर्शी गुणस्तरीय शिक्षाका लागि पालिकाले तपशिल बमोजिमका कानुनहरु निर्माण गरी कार्यान्वयन गरेको छ ।

- स्थानीय शिक्षा ऐन २०७७
- बालविकास शिक्षक कर्मचारी दरबन्दी मिलान एवम् विद्यालय समायोजन तथा एकिकरण सम्बन्धी कार्यविधि
- विद्यालय कर्मचारी सम्बन्धी कार्यविधि
- शिक्षण सहयोग अनुदान सम्बन्धी कार्यविधि
- शिक्षक छनौट सम्बन्धी कार्यविधि
- प्रति विद्यार्थी इकाइ लागतका आधारमा अनुदान सम्बन्धी कार्यविधि

हालका विद्यालय व्यवस्थापन समितिहरू मुलत शिक्षक अभिभावक संघहरू जुन रुपमा क्रियाशील हुनु पर्ने हो त्यस्तो अवस्था छैन । विद्यालय सुधार योजना कार्यान्वयनमा कमजोरी, पाठ्यक्रम र सरकारी कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा समस्या, नेतृत्व क्षमताको अभाव विद्यालय व्यवस्थापनमा मुख्य चुनौती बनेको छ। विद्यालयहरूमा उपलब्ध स्रोत साधनको उपयुक्त परिचालन हुन नसकेको पाइन्छ। लेखापरीक्षण र सामाजिक परीक्षण प्रणाली प्रभावकारी छैन, ICT सामग्री, शिक्षक तालिम, व्यवस्थापन पक्षमा स्रोतको उपयोगमा समन्वय र दक्षता अभाव छ। गाउँपालिकाले केही तालिम र क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरे पनिः ती कार्यक्रमहरू निरन्तर, लक्ष्यमुखी र

आवश्यकतामा आधारित छैनन्, विद्यालय व्यवस्थापन समिति र शिक्षकहरूलाई नेतृत्व विकास गर्ने कार्यक्रमहरू अझै सशक्त र व्यावहारिक रूपमा संस्थागत हुन बाँकी छ। गाउँपालिकाले शैक्षिक सुशासन कायम गर्न गरेका ।

**गाउँपालिकामा शैक्षिक सुधारका लागि भएका प्रयासहरुः**

विद्यालय शिक्षा सुधारको लागि विद्यालयस्तरमा सुधार हुनुपर्दछ । विद्यालयको समुचित संचालन तथा व्यवस्थापनबाट मात्र निर्धारित उदेश्यहरु पूरा हुने गर्दछ ।जहदा गाउँपालिकाले विद्यालयको प्रभावकारी संचालन तथा व्यवस्थापन गरी विद्यालय सुशासन कायम गर्नका लागि निम्न अनुसारको प्रयासहरु गर्दै आएको छ। ।

**उपलब्ध स्रोत साधानको वितरणः**

१. माध्यमिक तथा निम्नमाध्यमिक तहमा २६ जना विषयगत शिक्षाको व्यवस्था ।

२. जहदा गाउँपालिकाबाट एस इ इ उत्तीर्ण गरी शैलजा आचार्य पोलिटेक्निक इन्स्टिच्युटमा अध्ययन गर्ने ८७ जना विद्यार्थीलाई छात्रबृत्तिको व्यवस्था ।

३. शिक्षक सेवा आयोगको लागि तयारी कक्षा संचालनको व्यवस्था र हालसम्म ५५ जना स्थायीको अवसर प्राप्त गर्न सफल ।

४. गाउँपालिकाबाट सबै विद्यालयको लागि सरसफाई कर्मचारी ब्यवस्थापन

५. शिक्षा नियमावली बमोजिम सबै विद्यालयमा स्थायी शिक्षकलाई प्रधानाध्यापकको जिम्मेवारी प्रदान गरिएको छ

६. विद्यालयमा स्वच्छ पिउनेपानीको ब्यवस्थापन (प्रत्येक वर्ष निरन्तरता दिएको)

७. विद्यालयमा ई हाजिरीको सुरुवात गरी हालसम्म ३० वटा विद्यालयमा जडान गरिएको

८. विद्यालय सुधार योजना निर्माण भई कार्यन्वयनको क्रममा रहेको ।

९. स्थानीय पाठ्यक्रम निर्माण गरी लागू गरिएको ।

१०. स्थानीय शिक्षा योजना निर्माण ।

११. कक्षा ११ पढ्ने छात्राहरुलाई साईकल वितरण गरिएको ।

१२. विपन्न जेहेन्दार उच्च शिक्षा पढ्ने विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गरिएको

१३. सबै विद्यालयहरुलाई विद्युत महशुल अनुदान उपलब्ध गराइएको । ।

१४. माध्यमिक विद्यालयहरुमा सि सि क्यामेरा जडान

१५. आधारभूत तह (१-८) र माध्यमिकत तह संचालित विद्यालयमा नेपाल स्काउट कार्यक्रम सञ्चालन भएको ।

१६. अंग्रेजी माध्यमबाट पठनपाठन हुने विद्यालयलाई प्रोत्साहनको कार्यक्रम ल्याइएको ।

१७.कक्षा १ देखि ५ सम्मको मुख्य विषयहरुको न्युनतम सिकाई मापदण्ड तयार गरी लागु गरिएको

१८. कुल बजेटको २० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गर्ने गरिएको ।

१९. शिक्षक डायरीको ब्यवस्थालाई कार्यन्वयनमा ल्याइएको ।

२०. विद्यार्थी तथा शिक्षक/कर्मचारीलाई विद्यालय पोशाक अनिवार्य गरिएको ।

२१. पालिका क्षेत्रबा नै कक्षा १२ को परीक्षा दिने अवसर उपलब्ध गराइएको ।

२२. विद्यार्थी संख्या वढी भएका २ वटा कक्षा ११-१२ संचालन विद्यालयको लागि निशुल्क शिक्षा व्यवस्थापन गर्न पालिकाबाट रु १०००००० अनुदान दिने व्यवस्था भएको ।

२३. शिक्षा सम्बन्धी विभिन्न आवश्यक ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड बनाई कार्यान्वयनमा ल्याइएको ।

२१. विद्यालयमा सुशासन र पारदर्शिता कायम गर्न सामाजिक परीक्षण मापदण्ड २०७८ बमोजिम प्रत्येक वर्ष सामाजिक परीक्षण र अभिभावक भेलालाई अनिवार्य गरिएको छ ।

विद्यालयहरुबाट सम्पादित गतिविधिहरुमा सहभागिता, पारदर्शीता, जिम्मेवारी, विधिको शासन र उत्तरदायित्व भएमा मात्र विद्यालय सुशासनको प्रत्यभूति गर्न सकिन्छ र गुणस्तरीय सेवा प्रवाह हुन्छ भन्ने मान्यताको आधारमा विद्यालहरुबाट देहाय अनुसारको नीति र कार्यक्रमहरुलाई कार्यन्वय गर्न समय समयमा छलफल/अन्तरक्रिया गर्ने एवं पत्राचार गर्ने कार्य भएको छ।

१) विद्यालय सञ्चालन गर्ने समय हरेक दिन विहान १० बजेदेखि अपरान्ह ४ बजेसम्म अनिवार्य गर्ने ।

२) हरेक दिन विहान ठिक १० बजे प्राथना सभा गर्ने ।प्राथना सभामा राष्ट्रिय गान गाउने र ठिक १० १५ बजे बाट कक्षा गीत गाँउदै कक्षा प्रारम्भ गर्ने गरी दैनिक तथा साप्ताहिक कार्यतालिका निर्माण गर्ने ।विद्यालयमा अनिवार्य रुपमा राष्ट्रिय झन्डा राख्ने ।

३) विद्यालयमा नियमित रुपमा स्टाफ बैठक बस्ने र त्यस्तो बैठकमा शैक्षिक स्तरबृद्दि र कक्षागत /विषयगत सिकाई सुधार सम्बन्धी प्रस्तावहरुमा छलफल गर्ने । साथै विद्यालयका गतिविधिहरुमा शिक्षकहरु विच समान सहभागिता र जिम्मेवारी कायम गर्ने ।

४) विद्यालय सञ्चालन कार्यविधिहरु निर्माण गरी परीक्षा समिति अतिरिक्त क्रियाकलापन समिति विषयगत समिति विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता समिति सामाजिक सम्बन्ध समन्वय समिति जस्ता समितिहरु निर्माण गर्ने र सक्रिय बनाउने ।

५) विद्यालय शिक्षा पाठ्यक्रमले तोके अनुसार निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली लागू गर्ने ।यसका लागि विद्यार्थी सञ्चित अभिलेख दुरुस्त राख्ने र  सिकाईका लागि मूल्याङ्कन पद्दति विकास गर्ने

६) कक्षागत सिकाई ब्यवस्थापन गर्न कक्षा शिक्षकको ब्यवस्था गरी जिम्मेवारी दिने र कक्षा शिक्षकले विषय शिक्षक र अभिभावकसँग नियमित सम्पर्क हुने ब्यवस्था मिलाउने

७) विद्यालयमा शिक्षक र विद्यार्थी पोशाकको अनिवार्य रुपमा पालना गर्ने गराउने ।

८) विद्यालय हातामा कुनै पनि बहानामा कसैलाई पनि चुरौट खैनी पराग पान वा मदिराजन्य पेय पदार्थ प्रयोग गर्ने गराउने कार्य पूर्णतः बन्द गराउने ।

९)विद्यालयमा हातामा पठनपाठनलाई असर पर्ने गरी कुनै पनि सामाजिक कार्य तथा राजनितिक गतिविधि हुन नदिने ब्यवस्था मिलाउने। विद्यालयमा शिक्षक विद्यार्थी अभिभावकको आचारसंहिता निर्माण गरी लागू गर्ने गराउने

१०) विना सूचना शिक्षक ३ दिन र विद्यार्थी ७ दिनसम्म अनुपस्थित भएमा स्पष्टिकरण लिई नियमितता ब्यवस्थापन गर्ने ।

११) प्रधानाध्यापक विद्यालयमा अनुपस्थित हुँदा विद्यालय ब्यवस्थापन समिति तथा गाँउपालिका शिक्षा शाखामा अनिवार्य रुपमा जानकारी गराउने । प्र अ अनुपस्थित हुँदा विद्यालयको वरिष्ठ शिक्षकलाई निमित्त प्रधानाध्यापक दिने ब्यवस्था मिलाउने ।

१२) समयमै सेटमा पाठ्यपुस्तक तथा अन्य सिकाई सामाग्रीहरुको प्रबन्ध गरी विद्यार्थीका हातमा पुर्याउन समन्वय सहयोग गर्ने ।

१३) विद्यालयको नाममा बेरुजु कायम रहेको भए तत्काल फर्छ्यौट बरबुझारथ तथा नियमित गर्ने कार्यलाई प्राथमिकता दिने ।साथै तोकिएको समयमा नै सामाजिक परीक्षण तथा लेखापरिक्षण गराउने ।

१४) विद्यालयको नाममा रहेको जग्गा र  सम्पत्तिको एकिन गर्ने तथा पोखरीहरु अन्य आयमूलक सम्पत्ति भए वि ब्य स बाट प्रचलित ऐन कानुन अनुसार ठेक्का वा आयमूलक कार्यमा लगाई आम्दानी बाँधी विद्यालयको विकासमा लगाउने ।

१५) सबै विद्यालयमा गुनासो सुन्ने अधिकारी,  सूचना अधिकारीको ब्यवस्था गर्ने ।कम्तीमा सबै माध्यमिक विद्यालयले आफ्नो वेभसाईट निर्माण गर्ने र विद्यालयका गतिविधिहरु नियमित रुपमा सार्वजनिक गरी जानकारी हुने प्रबन्ध मिलाउने ।

१६)हरेक शुक्रबार अतिरिक्त क्रियाकलाप सञ्चालन गर्ने तथा उत्कृष्ट विद्यार्थीलाई प्रोत्साहन ब्यवस्था मिलाउने ।

१७)विद्यालयमा कुनै पनि वहनामा बन्द नहुने गरी तोकिएको कक्षाका विद्यार्थीलाई नियमित रुपमा दिवाखाजा खुवाउने ब्यवस्था गर्ने ।यस कार्यमा स्थानीय कृषक तथा सहकारी र कृषक समूहसँग सहकार्य गरी ताजा तथा स्थानीय उत्पादनको उपभोगमा जोड दिने

१८) विद्यालयको हाता तथा कक्षाकोठा सरसफाई राख्ने । प्रत्येक दिन प्राथना पश्चात ५ मिनेट सबै विद्यार्थीहरुलाई विद्यालय हाताभित्रको सरसफाई गर्ने गराउने ब्यवस्था मिलाउने ।एक कक्षाकोठा १ फुलबारी कार्यक्रम तयार गरी विद्यार्थीहरुबीच प्रतिस्पर्धात्मक रुपमा फूलबारी निर्माण गराउने ब्यवस्था मिलाउने ।

१९) सबै विद्यालयहरुले आ आफ्नो विद्यालय स्थापना भएको दिनको अवसर पारेर  विद्यालयमा अभिभावकको भेला गराई वार्षिककोत्सव मनाउने ब्यवस्था गर्ने ।वार्षिककोत्सवको अवसरमा विद्यालयका संस्थापक अभिभावक तथा अन्य विद्यालयमा सहयोग गर्ने महानुभावहरुलाई सम्मान गर्ने तथा वर्षभरी भएका कार्यहरुको प्रधानाध्यापकबाट अभिभावक समक्ष प्रतिवेदन सार्वजनिक गर्ने । वर्षदिन भित्र विभिन्न विधामा उत्कृष्ट हुने विद्यार्थीहरुलाई पुरस्कृत गर्ने तथा अन्य सिर्जनात्मक कार्यहरु गर्ने ।

२०) सबै विद्यालयहरुले विद्यालयमा विताउने समयावधि कार्ययोजना तयार गरी लागू गर्ने गराउने । गाँउपालिकाबाट शिक्षकहरुलाई कक्षा कोठामा जानपूर्व पाठनोट तयारीका लागि शिक्षक डायरीको ब्यवस्था भएकोले प्रत्येक शिक्षकले शिक्षक डायरीको प्रयोग गर्ने र सोको अनुगमन तथा प्रमाणित प्रधानाध्यापकबाट गर्ने ब्यवस्था मिलाउने । शैक्षिक सत्र पूरा भएपछि प्रधानाध्यापकले सबै शिक्षहरुको डायरी शिक्षा शाखामा पेश गर्ने ब्यवस्था मिलाउने ।

२१) शिक्षकले प्रधानाध्यापकबाट विदा स्वीकृत गराएर मात्र विदामा बस्ने ब्यवस्था गर्ने ।विद्यालयमा तोकिएको शिक्षा नियमावलीले तोकेबमोजिमको कक्षा अनिवार्य रुपमा लिने । विद्यालयको आवश्यकता बमोजिम आफ्नो योग्यता बमोजिम कक्षा लिन अनुरोध गरेमा शिक्षकले आफ्नो विषय शिक्षण गर्ने ।

२२) गाँउपालिकाबाट निकासा भएको रकम अफिस कोठामा सबैले देख्नेगरी राख्ने ब्यवस्था मिलाउने ।विद्यालयमा आर्थिक पारदर्शिता तथा सुशासन कायम गर्ने ब्यवस्था मिलाउने ।

२३) विद्यालयका कार्यरत बालविकास शिक्षकले समेत १० बजेदेखि ४ बजेसम्म विद्यालयमा अध्यापन गर्ने र दरबन्दी कम भएका विद्यालयहरुमा विद्यालयले अनुरोध गरेमा माथिल्लो कक्षा लिने ब्यवस्था गर्ने ।

२४) विद्यालयमा जुन शिर्षकमा रकम निकासा भएको छ त्यही शिर्षकमा खर्च गर्ने ब्यवस्था मिलाउने । विद्यालयको रकम खर्च गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम खर्च गर्ने ब्यवस्था मिलाउने ।

२५) विद्यालयमा शिक्षक तथा विद्यार्थीका अभिलेख ब्यवस्थित तवरले राख्ने । दिवा खाजा पाठ्यपुस्तक छात्रबृत्ति लगायत अन्य रकम निकासा माग गर्दा नियमित विद्यार्थी उपस्थितिका आधारमा यथार्थ विद्यार्थी यकिन गरी निकासा माग गर्ने ।विद्यालयमा दिवा खाजा ब्यवस्थापन गर्दा सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिरण पुस्तिका २०७६ मा उल्लेखित मापदण्ड बमोजिम ब्यवस्थापन गर्ने ।

उपरोक्त वाहेक जहदा गाउँपालिकबाट शैक्षिक सुधारका लागि धेरै प्रयास र प्रयत्नहरु भएका छन । जहादा गाउँपालिका मोरङ जिल्लाको दक्षिण क्षेत्रमा रहेका गाउँपालिकाहरु मध्ये स्रोत र साधनको दृष्टिबाट कम्जोर देखिन्छ ।माध्यमिक तहको स्थायी दरबन्दीको अभावमा ८ वटा विद्यालयहरुमा तल्लो तहको जनशक्तिबाट विद्यालय संचालन गर्नु पर्ने वाध्यताको अवस्थमा रहेको छ । गाउँपालिकबाट शिक्षालाई उच्चतम प्राथमिकता दिएर उपलब्ध स्रोत र साधनहरुको विद्यालय शिक्षामा अधिकतम उपयोगको नीति गाउँपालिकाले लिइएको छ। संघीय शिक्षा संरचना स्पष्ट भए पनि कार्यान्वयन तहमा (विशेष गरी गाउँपालिका स्तरमा) नेतृत्व, स्रोत व्यवस्थापन, क्षमता विकास र सुशासनमा गम्भीर सुधारको खाँचो छ। स्थानीय तहले नीति कार्यान्वयन र संस्थागत समन्वयमा बल दिएर विद्यालय तहमा नेतृत्व सुधार, स्रोत परिचालन र समुदाय सहभागिता बढाउन आवश्यक छ। त्यसरी मात्र सामुदायिक विद्यालय सुधारको अपेक्षा साकार हुन सक्छ।

### ६.१.३ उद्धेश्यहरु

सुशासनसँग सम्बन्धि उद्धेश्यहरु निम्नानुसार छनः

- स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गर्नु
- जनशक्तिका लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु
- आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु

### ६.१.४ रणनीतिहरु

यस योजनाले सुशासनसँग सम्बन्धि निम्न लिखित रणनीतिहरु राखेको छः

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्ने
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्था गर्ने
- कार्यरत जनशक्तिको क्षमता विकास गर्ने
- स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने
- प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समिति अध्यक्षलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने
- कार्यक्रमको प्रभावकारी ढङ्गबाट कार्यसम्पादन गर्न आवश्यक स्रोत साधनहरूको व्यवस्थापन गर्ने
- सबै सामुदायिक विद्यालयका प्रअको नियुक्त एक कार्यविधि तयार गरी खुल्ला प्रतिस्पर्धाबाट गर्ने । हरेक पाँच बर्षमा प्र अ को कार्यसम्पादनको मूल्यांकन गरी करार सम्झौता हुने व्यवस्था गर्ने ।
- पालिकाले बार्षिक रुपमा विद्यालयको प्रअसँगको कार्यसम्पादन करार सम्झौता गरी कार्यान्वयनमा लाने । उक्त सम्झौता अनुसारको कार्य सम्पादन मूल्यांकनको आधारमा बार्षिक रुपमा प्रअलाई थप प्रोत्साहन भत्ता प्रदान गर्ने ।
- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गर्ने ।
- शिक्षक संख्या कम भएका विद्यालयहरुमा स्यमसेवक शिक्षक शिक्षकको व्यवस्था गरी विद्यालयहरुमा आवश्यक शिक्षकको व्यवस्था क्रमशः गर्दै लाने ।
- गाउँ शिक्षा समितिले एक निश्चित मापदण्ड तयार गरी बार्षिक रुपमा पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत गर्ने ।
- विद्यालयको समग्र शिक्षा प्रणालीलाई थप सहयोगका लागि कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधार पुर्व विद्यार्थी सञ्जाल निर्माण गरी स्रोतको खोजी गर्न अभिप्रेरित गर्दै स्रोत ब्यवस्थापन गर्ने रणनीति लिने ।
- विद्यालयको सुशासन, जवाफदेहिता तथा व्यवस्थापनमा प्रभावकारिता थप तलका अन्य रणनीतिहरु कार्यान्वयन गर्ने
  - विद्यालयको नेतृत्वको क्षमता विकास कार्यक्रम

- विद्यालय आचारसंहिता निर्माण र कार्यान्वयन
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन मूल्यांकन
- सरकारले तोके बमोजिम नै विद्यालय सुधार योजना, सामाजिक परीक्षण, लेखा परीक्षणलाई पूर्ण रुपमा कार्यान्वयन गरिनेछ । उक्त कार्यको सघन रुपमा शिक्षा शाखाबाट मूल्यांकन गरी गुणस्तर एकिन गरिनेछ र उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोडिने अभ्यासलाई कार्यान्वयन गरिनेछ ।
- समयमा तथ्यांक अद्यावधिक नगर्ने तथा प्रभावकारी अभिलेख नराख्ने कार्यलाई कम गर्न उक्त कार्यलाई विद्यालयमा जाने निकासासँग जोड्ने ।

## ६.६ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप

### उपलब्धि

- विद्यालयको सुशासन क्षेत्रमा देखिने परिवर्तन आउने छ र विद्यार्थीहरुको सिकाइ उपलब्धीमा वृद्दि हुने ।
- विद्यालय सुशासन कायम गर्न जहदा गाउँपालिकाको शिक्षा ऐन २०७६ लाई संशोधन हुने ।
- विद्यालयको विब्यस अध्यक्ष तथा प्रअको नेतृत्वमा परिवर्तन हुने ।
- विद्यालयमा आचारसहिंता निर्माण र कार्यान्वयन हुने ।
- विद्यालय सुधार योजना तोकिएको ढाँचा प्रकियामा तयार भइ समयमा पालिकामा पेश हुने ।
- सामाजिक परीक्षण तथा लेखापरीक्षण तोकिएको प्रक्रिया अनुरुप भएको हुने ।
- पालिकास्तरीय उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा गरी पुरस्कृत भएको हुने ।
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिएको हुने ।
- समयमा तथ्यांक अद्यावधिक भएको तथा प्रभावकारी अभिलेख राख्ने प्रणालीको अभ्यास हुने ।
- बार्षिक रुपमा प्रअसँगको करार संझौता तथा समीक्षा भएको हुने ।
- विद्यालयको आर्थिक स्रोतमा वृद्दि भएको हुने ।

- विद्यालयले शिक्षक तथा विद्यार्थीहरुलाई परिचयपत्र अनिवार्य रुपमा वितरण गरी प्रयोगमा लगिने छ ।
- प्रअ, शिक्षक र कर्मचारीले पदीय जिम्मेवारी प्रभावकारी रुपमा बहन नगरेमा विद्यालय ब्यवस्थापन समिति र वडा कार्यालयको सिफारिसको आधारमा सचेतीकरण, स्पस्टीकरण, पालिका भित्र सरुवा, सेवा करार रद्द जस्ता अभ्यासहरु ले पालिकाले कार्यान्वयनमा ल्याउने ।

***प्रमुख क्रियाकलाप र लक्ष्य***

| क्र.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | गाउँपलिकाको शिक्षा ऐन संशोधन | पटक | ० | | १ | ० | ० | १ | २ | |
| २ | कार्यविधि निर्माण गरी विद्यालय विकास प्रस्तावनाको आधार खुल्ला प्रतिस्पर्धाबाट प्रअको छनोट र नेतृत्व सम्बन्धी तालिम | जना | | | १ | ० | ० | १ | २ | |
| ३ | विब्यस तथा प्रअको क्षमता विकास कार्यक्रम | जना | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ४ | आचारसंहिताको निर्माण र कार्यान्वयन | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ५ | प्रधानाध्यापक सँग कार्य सम्पादन करार सम्झौता | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालय सुधार योजना निर्माण र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | सामाजिक परीक्षण तथा लेखा परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यविधि तयार सहित उत्कृट विद्यालय, शिक्षक, प्रअ, विव्यस र विद्यार्थीको घोषणा तथा पुरस्कार वितरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | बार्षिक विद्यालयको कार्यसम्पादन परीक्षण सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | वडाको संयोजकत्वमा विज्ञ समुहबाट विद्यालय अभिलेखीकरण तथा सुशासनको अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ११ | विद्यालयको भौतिक तथा शैक्षिक व्यवस्थापनको लागि पूर्व विद्यार्थी समाज गठन तथा अक्षयकोष एवम् आर्थिक स्रोत संकलन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १२ | शिक्षा समितिको नियमित बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १३ | प्रअको नियमित मासिक बैठक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

## ६.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ६.२.१ परिचय

योजना कार्यान्वयनको प्रबन्ध अन्तर्गत वार्षिक योजना तथा बजेटको तर्जुमा, क्रियाकलापको निर्धारण र कार्यान्वयन, वित्तीय व्यवस्थापन, अनुगमन तथा मूल्याङ्कनजस्ता पक्षहरू समावेश हुन्छन्। यी कार्यहरू प्रभावकारी रूपमा सम्पन्न गर्न आवश्यक संरचना, जनशक्ति, प्रक्रिया, जिम्मेवारी तथा उत्तरदायित्व स्पष्ट रुपमा निर्धारण गर्नुपर्छ। कार्यान्वयनको प्रबन्ध तयार गर्दा योजनाको दिगोपन, प्रभावकारिता र कार्यकुशलतालाई विशेष प्राथमिकता दिनुपर्छ। गाउँ शिक्षा योजना निर्माण भइसकेपछि यसको प्रभावकारी कार्यान्वयनका लागि उपयुक्त जनशक्ति व्यवस्थापन, आवश्यक कानून र कार्यविधिको निर्माण तथा बजेटको सुनिश्चितता अनिवार्य हुन्छ। साथै, संघ, प्रदेश र स्थानीय तहबीच समन्वय र सहकार्य अत्यावश्यक हुन्छ।

योजनालाई सफलतापूर्वक कार्यान्वयन गर्न वार्षिक रणनीतिक योजना, कार्यान्वयन योजना, अनुगमन योजना र कार्यक्रम कार्यान्वयन पुस्तिका तयार पारिनु जरुरी हुन्छ। यस्ता तयारीपछि कार्यक्रमका सरोकारवालाहरूलाई आवश्यक जानकारी र बुझाइ प्रदान गर्न प्रबोधीकरण कार्यक्रमहरू सञ्चालन गर्नु आवश्यक छ, जसले योजना कार्यान्वयनमा सहजीकरण र सहभागिता सुनिश्चित गर्छ।

### ६.२.२ वर्तमान अवस्था

यस पालिकामा जम्मा ३६ वटा विद्यालयहरू रहेका छन् । बालविकास केन्द्रको विवरण हेर्दा जम्मा ६७ वटा बालविकास केन्द्रहरू रहेका छन् ।

जहदा गाउँपालिकाको शिक्षक अवस्था दृष्टिगत गर्दा बालविकासमा ६७ जना महिला शिक्षकहरू रहेको देखिन्छ । आधारभूत तह (कक्षा १-५) मा स्थायी शिक्षकहरू ९०, राहत ५१ समेत १४१ जना रहेका छन् । आधारभूत तह (कक्षा ६-८) मा स्थायी शिक्षकहरू ८, राहत १० समेत १८ जना रहेका छन् । त्यसैगरी माध्यमिक तह (कक्षा ९-१०) मा स्थायी शिक्षकहरू ६, राहत १ समेत गरी ७ जना मात्र रहेका छन् । कक्षा ११ र १२ मा मात्र २ जना शिक्षकहरु रहेका छन् । ५ जना निम्नमाध्यमिक तहको २१ मावि तहको समेतगरी जम्मा २६ जना संघीय अनुदान शिक्षक व्यवस्थापन भएको देखिन्छ ।

शिक्षा शाखामा २ जनाको दरबन्दी रहेको छ । शिक्षकको पेशागत विकासको लागि पालिकाबाट जनशक्तिको व्यवस्थापन गरिएको छैन । बार्षिक रुपमा बजेट शिक्षाको बजेट विनियोजन गरी क्रमश शिक्षा क्षेत्रमा लगानीमा वृद्दि गरिरहेको छ। शिक्षाको प्रबन्ध तथा व्यवस्थापनको लागि गाउँ शिक्षा समिति स्थानीय शिक्षा ऐन जारी गरिएको छ।

### ६.२.३ उद्देश्य

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

### ६.२.४ रणनीति

- कार्यक्रम कार्यान्वयनका लागि आवश्यकताअनुसार कानून, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
- सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत् प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र गाउँपालिकाको आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- योजना कार्यान्वयनका लागि वार्षिक कार्ययोजना निर्माण गर्ने ।
- गाउँपालिकाको संयोजकत्वमा योजना कार्यान्वयन सहजीकरण समिति गठन गर्ने ।
- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा स्थलगत सहजीकरण गरी विद्यालयका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितता गर्ने ।
- शिक्षा योजनाका आधारमा विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्ने र आवश्यकताअनुसार सहजीकरण गर्ने ।
- विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया र शिक्षक व्यवस्थापन सम्बन्धमा आवश्यक मापदण्ड तयार गरी लागू गर्ने ।
- सरोकारवालाहरूको भेला गरी कार्यक्रमको प्रबोधीकरणका साथसाथै कार्यक्रमको कार्यान्वयनका सम्बन्धमा पृष्ठपोषण प्राप्त गर्ने ।
- सामुदायिक सिकाइ केन्द्रलाई पनि साक्षरता, वैकल्पिक शिक्षा तथा आजीवन सिकाइका लागि जिम्मेवार बनाउने
- योजना शुरु भएको २ वर्षमा मध्यावधि समीक्षा र ५ वर्षमा पूर्णावधी मूल्याङ्कन गर्ने ।

### ६.२.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुने छ ।
- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइ प्रति उत्तरदायी प्रणालीको विकास हुने छ ।

**प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य**

| क.सं. | प्रमुखक्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | वडा शिक्षा समिति निर्माण र परिचालन | वडा | ७ | ७ | ७ | ७ | ७ | ३५ | ७० | |
| २ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ५ | योजनाको समीक्षा तथा पुर्न योजना | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | योजना कार्यान्वयनको आन्तरिक तथा बाह्य अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ७ | योजना कार्यान्वयनका लागि अन्य संघ सस्थासँग समन्वय साझेदारी र सहकार्य गर्ने । | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | कार्यक्रम कार्यान्वयन मार्गदर्शन, कार्यविधि र निर्देशिका तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | बार्षिक प्रगति प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | शैक्षिक तथ्यांकको विश्लेषण गरी शैक्षिक स्मारिका प्रकाशन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# परिच्छेद ७ लगानी र स्रोत व्यवस्थापन

## ७.१ परिचयः

आर्थिक तथा सामाजिक परिवर्तनमा शिक्षाको अहम भूमिका हुन्छ । जहदा गाउँपालिकाले बालबालिकाको शिक्षामा प्राथमिकताका साथ लगानी गर्नु आवश्यक छ । दक्ष, सीपयुक्त र गुणस्तरीय मानव संसाधनको विकास गर्न नै शिक्षामा लगानी गरिएको हो। शिक्षामा गरिने लगानीले व्यक्ति, समाज र राष्ट्रको दीर्घकालीन विकासका लागि सहयोग गर्दछ । गाउँपालिकाले शिक्षामा लगानी गर्दा बालवालिकाको शैक्षिक अवसर गुणस्तरिय शिक्षा र स्रोत साधनको समतामुलक वितरणमा ध्यान दिनु पर्दछ ।

राष्ट्रिय आकांक्षालाई मध्यनजर गर्दै जहदा गाउँपालिका र समुदायबाट विगत केही वर्ष देखि शिक्षा क्षेत्रमा लगानीलाई विस्तार गरिएको छ । शिक्षामा गरिने लगानीले समाजको आकांक्षा, आवश्यकता, मान्यता र दीगो विकासको लक्ष्यका लागि कार्य गर्नु पर्दछ । संवैधानिक व्यवस्था बमोजिम विद्यालय शिक्षा सञ्चालनको मूल जिम्मेवारी स्थानीय तहको भए तापनि शिक्षा साझा सूचीको विषय रहेकोले शिक्षाको वित्तीय व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय तहका साथै समुदाय र नीजिक्षेत्रको समेत साझेदारी आवश्यकता पर्दछ । शिक्षामा आवश्यक पर्ने स्रोत पहिचान गरी तिनलाई एकीकृत गर्नु र उपयुक्त तरिकाले वितरण तथा उपयोग गर्नु शिक्षामा लगानीको प्रवन्धका लागि ध्यान दिनु पर्दछ ।

यस सन्दर्भमा शिक्षा क्षेत्रको यो योजना कार्यान्वयनका लागि लागानी तथा स्रोत व्यवस्थापन सम्बन्धमा वर्तमान अवस्थाको समीक्षा गरी यसमा देखिएका चुनौतीहरु उल्लेख गरिएको छ । पहिचान गरिएका चुनौतीहरुको सामना गर्दै वित्तीय व्यवस्थापनलाई प्रभावकारी बनाउनका लागि यसका उद्देश्य तथा रणनीतिहरु प्रस्तुत गरी स्रोतको आंकलन तथा लगानीका क्षेत्र र लागत अनुमान गरिएको छ ।

## ७.२ वर्तमान अवस्थाः

जहदा गाउँपालिकाको आ.व.२०८२/८३ लागि रु. ६३ करोड ७६ लाख ३४ हजार ३१ को बजेट अनुमान गरिएको थियो । त्यस मध्ये पनि शिक्षा क्षेत्रमा ३० प्रतिशत शिक्षा क्षेत्रमा विनियोजन गरेको छ । संघिय सरकारबाट यस आ व मा १६ करोड सन्तानब्बे लाख बजेट प्राप्त भएको र पालिकाबाट २ करोड ४६ लाख ३१ हजार गरी जम्मा १९ करोड त्रिचालिस लाख एकतिस हजार बजेट परिचालन भइरहेको छ । त्यसैगरी अभिभाबकहरुको पनि त्यतिकै लगानी भइरहेको अवस्था

छ । शिक्षामा लगानी बढाउनु पर्छ भन्ने विषयमा सैद्धान्तिक रूपमा राजनीतिक तहमा र नेपालका नीतिगत दस्तावेजहरूमा सहमति देखिन्छ । आर्थिक स्रोतलाई एकीकृत नगर्नु, कार्यक्रमा दोहोरोपन हुनु, कार्यक्रम कार्यान्वयनलाई नतिजामूलक बनाउन नसक्नु तथा गैरबजेटरी क्रियाकलापहरुमा जोड दिन नसक्नु, धेरै बजेट व्यवस्थापन तथा प्रशासनीय क्षेत्रमा सकिनु लगायतका धेरै समस्याहरु रहेकाछन् ।

## ७.३ अवसर तथा चुनौतीहरु

विद्यालय शिक्षाका लागि संघीय सरकार तथा प्रदेश सरकारबाट नियमित बजेट प्राप्त हुनु पालिकाबाट पनि शिक्षा क्षेत्रमा पनि बजेट विनियोजन हुनु विभिन्न परियोजनाहरु लागु हुनु यस क्षेत्रका प्रमुख अवसरहरु रहेकाछन् । यस्ता अवसरहरु भएता पनि यस क्षेत्रका देखिएका प्रमुख चुनौतीहरुलाई तल प्रस्तुत गरिएको छ ।

- विद्यालय शिक्षा क्षेत्रमा लगानी वृद्धि र दीगो स्रोत व्यवस्थापनमा वृद्दि गर्ने ।
- वित्तीय गतिविधिलाई पारदर्शी, जवाफदेही, सरलीकृत गरी वित्तीय सुशासन कायम गर्ने ।
- कार्यक्रममा दोह्रोरोपन नहुने तथा पालिकाको प्राथमितामा आधारित भइयोजना बनाउने कुराको अभ्यास गर्ने ।

## ७.४ उद्देश्यः

योजनाको वित्तीय व्यवस्थापनका प्रमुख उद्देश्यहरू देहायबमोजिम रहेका छन्ः

- योजना अवधिका लागि आवश्यक आवश्यक स्रोतको प्रक्षेपण गर्नु ।
- विद्यालय शिक्षाका कार्यक्रमहरु कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु ।
- विद्यालय शिक्षाको बजेटमा वृद्दि गर्नु ।

## ७.५ रणनीतिहरूः

योजनाको वित्तीय व्यवस्थासम्बन्धी रणनीतिहरू देहायबमोजिम हुनेछन्ः

- गाउँपालिकाले शिक्षा क्षेत्रलाई प्रमुख प्राथमिकता बनाइ शिक्षा क्षेत्रको बजेटमा क्रमश वृद्दि गरिने छ ।
- कार्यविधि मार्फत पालिका स्तरीय एक शिक्षा सुधारका लागि एक शैक्षिक कोष निर्माण गरि स्रोतमा वृद्दि गरिनेछ ।
- कम्तिमा "एक विद्यालय एक अक्षयकोष" र शैक्षिक गुणस्तर सुधारका लागि पुर्व विद्यार्थी मञ्च वा सहयोग पहल मार्फत विद्यालयको वित्तीय स्रोतमा वृद्दि गरिनेछ ।

- गैरसरकारी निकायसँग पहल समन्वय गरी बढी भन्दा बढी परियोजनाहरु लागू गरिनुका साथै उक्त निकायहरुका कार्यक्रमहरु शिक्षा योजनाले प्राथमिकता दिएका क्षेत्रमा हुने कुराको सुनिश्चत गर्न पहल गरिने छ ।
- कार्यक्रमको योजना र कार्यान्वयन त्यसको प्राथमिकता र आवश्यकताको आधारममा डुब्लिकेशन नहुने व्यवस्था मिलाइने छ ।
- निकासा गरिएको बजेटको स्थलगत निरीक्षण मार्फत प्रगतिको भेरीफिकेशन गर्ने अभ्यासको शुरुवात गरिनेछ ।
- विद्यालय शिक्षामा अभिभावकको मानवीय तथा वित्तीय सहभागितामा वृद्दि गरिने छ ।

### ७.६ प्रस्तावित कार्यक्रम तथा बजेट अनुमानः

जहदा गाउँपालिकाले ५ वर्षका लागि तयार गरेको शिक्षा क्षेत्रको योजना (२०८२-२०९२) गाउँपलिकामा शिक्षा क्षेत्रलाई प्राप्तहुने बजेटलाई आधार बनाइएको छ । त्यसैगरी बजेटको प्रमुख स्रोतहरुमा तलका निकायहरु रहने अनुमान गरिएको छ ।

| क्र.स. | स्रोत | रकम |
|---|---|---|
| १ | संघ | १६९७००००० |
| २ | प्रदेश | ० |
| ३ | स्थानीय | २४६३१००० |
| ४ | अन्य | ० |
| | जम्मा | १९४३३१००० |

यो शिक्षा योजना पाँच बर्षलाई लक्षित गरिएता पनि दश बर्ष सम्म निरन्तर सञ्चालन गर्ने गरी क्रियाकलापहरु तय गरिकाले बजेटको अभाव हुने देखिन्छ । यो योजना अनुरुप गाउँपालिकाले हरेक बर्षे बार्षिक कार्ययोजना बनाइ बजेटको ब्यवस्थापन पुनरावलोकन गर्न सक्नेछ । तर पनि हाल गाउँपालिकाको स्रोतलाई आंकलन गर्दै यस शिक्षा योजनालाई प्रस्तावित बजेट अनुमान गरिएको छ ।

**क) संङ्घीय सरकारबाट विद्यालय शिक्षा क्षेत्र अन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | आर्थिक बर्ष | | | | | पाचैं बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | १७३२९ | १८१९५ | १९१०५ | २००६० | २१०६४ | ९५७५४ | १९१५०७ |
| ४ | आधारभूत शिक्षा | ८९१०७ | ९३५६२ | ९८२४० | १०३१५२ | १०८३१० | ४९२३७२ | ९८४७४५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | माध्यमिक शिक्षा | २१४७३ | २२५४७ | २३६७४ | २४८५८ | २६१०१ | ११८६५२ | २३७३०४ |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ० | ० | १०००० | १०५०० | ११०२५ | ३१५२५ | ६३०५० |
| ५ | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्याक्रम | २५५० | २६७८ | २८११ | २९५२ | ३१०० | १४०९० | २८१८१ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ७७४० | ८१२७ | ८५३३ | ८९६० | ९४०८ | ४२७६८ | ८५५३७ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ० | ३००० | ३१५० | ३३०८ | ९४५८ | १८९१५ |
| ८ | शैक्षिक समता र समावेशीकरण | २६५१ | २७८४ | २९२३ | ३०६९ | ३२२२ | १४६४८ | २९२९७ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | २१३५५ | २२४२३ | २३५४४ | २४७२१ | २५९५७ | ११८००० | २३६००० |
| १० | विद्यालय सुरक्षा तथा विपद न्यूनिकरण तथा उत्थानसिलता | ० | ० | २००० | २१०० | २२०५ | ६३०५ | १२६१० |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ५५०० | ५७७५ | ६०६४ | ६३६७ | ६६८५ | ३०३९१ | ६०७८२ |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | १००० | १०५० | ११०३ | ११५८ | १२१६ | ५५२६ | ११०५१ |
| १३ | सुशासन व्यव्थापन र नेतृत्व तथा अनुगमन मूल्याङ्कन | ९९५ | १०४५ | १०९७ | ११५२ | १२०९ | ५४९८ | १०९९६ |
| | जम्मा | १६९७०० | १७८१८५ | २०२०९४ | २१२१९९ | २२२८०९ | ९८४९८७ | १९६९९७४ |

**आ व २०८२/८३ मा प्रदेश सरकारबाट विद्यालय शिक्षामा बजेट तथा कार्यक्रम प्राप्त भएको छैन । यस पालिकाले शिक्षा योजनालाई कार्यान्वयन गर्न प्रदेशबाट तपसिल बमोजिमका बजेट तथा कार्यक्रम समावेश गर्ने ।**

**ख) प्रदेश सरकारबाट शिक्षा क्षेत्रअन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)**

| क्र.स. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | आर्थिक बर्ष | | | | | पाचँ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| २ | आधारभूत शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ० | ५००० | ५२५० | ५५१३ | ५७८८ | २१५५१ | ४३१०१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्याक्रम | ० | १००० | १०५० | ११०३ | ११५८ | ४३१० | ८६२० |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ५०० | ५२५ | ५५१ | ५७९ | २१५५ | ४३१० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ० | ३००० | ३१५० | ३३०८ | ३४७३ | १२९३० | २५८६१ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ० | १५०० | १५७५ | १६५४ | १७३६ | ६४६५ | १२९३० |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | २५०० | २६२५ | २७५६ | २८९४ | १०७७५ | २१५५१ |
| १० | विद्यालय सुरक्षा तथा विपद न्यूनिकरण तथा उत्थानसिलता | ० | २००० | २१०० | २२०५ | २३१५ | ८६२० | १७२४१ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ० | ५००० | ५२५० | ५५१३ | ५७८८ | २१५५१ | ४३१०१ |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | ० | १५०० | १५७५ | १६५४ | १७३६ | ६४६५ | १२९३० |
| १३ | सुशासन व्यव्थापन र नेतृत्व तथा अनुगमन मूल्याङ्कन | ० | १००० | १०५० | ११०३ | ११५८ | ४३१० | ८६२० |
| | जम्मा | ० | २३००० | २४१५० | २५३५८ | २६६२५ | ९९१३३ | १९८२६६ |

## ग) स्थानीय तहबाट शिक्षा क्षेत्रअन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)

| क.स. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | आर्थिक बर्ष | | | | | पाचँ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | १०७६६ | ११३०४ | ११८७० | १२४६३ | १३०८६ | ५९४८९ | ११८९७८ |
| २ | आधारभूत शिक्षा | ९५० | ९९८ | १०४७ | ११०० | ११५५ | ५२४९ | १०४९९ |
| ३ | माध्यमिक शिक्षा | १०५० | ११०३ | ११५८ | १२१६ | १२७६ | ५८०२ | ११६०४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक तथा व्यवसायिक शिक्षा | १५०० | १५७५ | १६५४ | १७३६ | १८२३ | ८२८८ | १६५७७ |
| ५ | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्याक्रम | ३०० | ३१५ | ३३१ | ३४७ | ३६५ | १६५८ | ३३१५ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ४४० | ४६२ | ४८५ | ५०९ | ५३५ | २४३१ | ४८६३ |
| ७ | शिक्षक व्यवस्थापन र विकास | ३२१० | ३३७१ | ३५३९ | ३७१६ | ३९०२ | १७७३७ | ३५४७५ |
| ८ | शैक्षिक समता र समावेशीकरण | १३०० | १३६५ | १४३३ | १५०५ | १५८० | ७१८३ | १४३६७ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ० | ६०० | ६३० | ६६२ | ६९५ | २५८६ | ५१७२ |
| १० | विद्यालय सुरक्षा तथा विपद न्यूनिकरण तथा उत्थानसिलता | ० | ५०० | ५२५ | ५५१ | ५७९ | २१५५ | ४३१० |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ४०६० | ४२६३ | ४४७६ | ४७०० | ४९३५ | २२४३४ | ४४८६८ |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | २०० | २१० | २२१ | २३२ | २४३ | ११०५ | २२१० |
| १३ | सुशासन व्यव्थापन र नेतृत्व तथा अनुगमन मूल्याङ्कन | ८५५ | ८९८ | ९४३ | ९९० | १०३९ | ४७२४ | ९४४९ |
| | जम्मा | २४६३१ | २६९६३ | २८३११ | २९७२६ | ३१२१३ | १४०८४३ | २८१६८६ |

### घ) अन्य संघसंस्थाबाट शिक्षा क्षेत्रअन्तरगतका क्रियाकलापमा प्राप्त हुने अनुमानित बजेट (हजारमा)

| क.स. | अनुदान प्राप्त हुने उपक्षेत्र/बिषय | आर्थिक बर्ष | | | | | ५ बर्षको जम्मा | १० बर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | | |
| १ | प्रारम्भिक बाल विकास तथा शिक्षा | ६६५ | ६९८ | ७३३ | ७७० | ८०८ | ३६७५ | ७३४९ |
| ४ | आधारभूत शिक्षा | ६० | ६३ | ६६ | ६९ | ७३ | ३३२ | ६६३ |
| २ | माध्यमिक शिक्षा | ० | ० | ० | ० | ० | ० | ० |
| ३ | प्राविधिक तथा व्यवसायिक शिक्षा | ८०० | ८४० | ८८२ | ९२६ | ९७२ | ४४२१ | ८८४१ |
| ५ | अनौपचारिक तथा बैकल्पिक शिक्षा कार्याक्रम | २०५ | २१५ | २२६ | २३७ | २४९ | ११३३ | २२६६ |
| ६ | पाठ्यक्रम पाठ्यपुस्तक सिकाइ सामग्री तथा मूल्याङ्कन | ० | ० | ० | ० | ० | ० | ० |
| ७ | शिक्षक व्यवस्थापन र विकास | २५३ | २६६ | २७९ | २९३ | ३०८ | १३९९ | २७९८ |
| ८ | शैक्षिक समता र समावेशीकरण | ७९७ | ८३७ | ८७९ | ९२३ | ९६९ | ४४०४ | ८८०८ |
| ९ | विद्यालय पोषण तथा स्वास्थ्य | ० | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | |
| १० | विद्यालय सुरक्षा तथा विपद न्यूनिकरण तथा उत्थानसिलता | ७१ | ७५ | ७८ | ८२ | ८७ | ३९३ | ७८७ |
| ११ | विद्यालयको भौतिक पूर्वाधार विकास | ११२३ | ११७९ | १२३८ | १३०० | १३६५ | ६२०७ | १२४१४ |
| १२ | शिक्षामा सूचना तथा प्रविधि | ० | ० | ० | ० | ० | ० | ० |
| १३ | सुशासन व्यव्थापन र नेतृत्व तथा अनुगमन मूल्याङ्कन | २२८ | २४० | २५२ | २६४ | २७७ | १२६१ | २५२२ |
| | जम्मा | ४२०३ | ४४१३ | ४६३४ | ४८६५ | ५१०९ | २३२२३ | ४६४४७ |

- पालिकामा पेश भएको बजेटलाई आधार लिएको छ।
- प्रदेश सरकारले स्थानीय तहमा गर्ने सक्ने लगानीलाई र प्रदेश सरकारको सहयोग लिने उद्देश्य समेत लिई प्रदेश सरकाबाट समेत बजेट तथा कार्यक्रम प्राप्त हुने प्रक्षेपण गरी बजेट प्रदेश सरकारको समेत बजेट समावेश गरिएको छ ।
- यस पालिकामा कक्षा १२ सम्म मात्र कक्षा सञ्चालन भएको हुनाले प्रदेश सरकारको सहयोगमा उच्च शिक्षा सञ्चालन गर्ने शैक्षिक संस्था सञ्चालन गर्ने ।
- विद्यालयमा दिवा खाजा ब्यवस्थापनका लागि दिवा खाजा पकाउने र तयारी गर्ने जनशक्ति नभएकाले कार्यान्वयनमा समस्या भएकोले प्रदेश सरकार र स्थानीय तहको साझेदारीमा जनशक्ति ब्यवस्थापन गर्ने
- यस पालिकामा कुनै पनि विद्यालयहरुमा यातायातको साधन नरहेकोले अन्य सरकार र संघसंस्थाको सहयोगमा विद्यालय वस सञ्चालन गर्ने
- शिक्षकको पेशागत विकासका प्रमाणिकरण तालिम सञ्चालनका लागि प्रदेश स्थित तालिम केन्द्रसँग सहकार्य गरी सञ्चालन गर्ने
- विद्यालयहरुमा छात्रा शौचालय तथा छात्र शौचालयका कार्यक्रम तथा बजेट प्राप्त नएकोले विद्यालय भवन सँगै शौचालय निर्माणका लागि बजेट संघिय/प्रदेश सरकारको साझेदारीमा भवन /शौचालय जस्ता भौतिक संरचना निर्माण गर्ने ।

- सबै माध्यमिक विद्यालयहरुमा शिक्षण सिकाइमा आधुनिक सूचना प्रविधिको प्रयोगमा ल्याउन सामाग्री ब्यवस्थापनका लागि बजेट ब्यवस्थापन गर्ने ।
- अभिभावक शिक्षा तथा सचेतना कार्यक्रमलाई प्रत्येक वर्ष निरन्तर रुपमा सञ्चालन गरी बजेट ब्यवस्थापन गर्ने ।

हाल संघिय सरकारबाट आ व २०८२/०८३ मा वित्तिय हस्तान्तरण भई आएको बजेटलाई आधार वर्ष मानी प्रत्येक आवमा ५ प्रतिशत बजेट वृद्दि गरी प्रक्षेपण गरिएको ।प्रदेश सरकारबाट आधारभूत तथा माध्यमिक शिक्षामा यस आ.व. मा बजेट प्राप्त भएको छैन । बजेट प्राप्त भएमा योजनामा उल्लेखित उद्देश्यहरु पूरा गर्न वार्षिक कार्ययोजना निर्माण गरि कार्यान्वयन गरिनेछ ।स्थानीय तहबाट विनियोजन भएको बजेटलाई आधार मानी बजेट प्रक्षेपण गरिएको छ ।अन्य संघ संस्थाका बजेटमा साहस नेपालको

# परिच्छेद- ८: अनुगमन तथा मूल्याङ्कन

## ८.१. परिचय

स्थानीय स्तरमा सञ्चालित शैक्षिक कार्यक्रमहरुमा स्रोत र साधनहरूको विनियोजन र वितरण के कसरी भइरहेको छ ? शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित उपलब्धि हासिल गर्न सफल भएका छन् वा छैन भन्ने सुनिश्चितताको लागि एउटा संयन्त्र निर्माण गरी कार्यकम कार्यान्वयनको लक्ष तथा प्रगतिका बारेमा समयतालिका अनुसार निरीक्षण,पर्यवेक्षण,निगरानी, पूर्ननिरीक्षण,रेखदेख,जाँचबुझ भौतिक रुपमा वा अन्य कुनै साधनको प्रयोग गरी गर्ने गराउने काम अनुगमन हो । यसले कार्यक्रमको प्रगति तथा वर्तमानअवस्थाको जानकारी गराउँछ । यसरी नै मूल्यांकनले शैक्षिककार्यक्रमहरूको प्रभावकारिता,उपयुक्तता, सान्दर्भिकताको, लेखाजोखा तथा जाँचबुझ गरी उक्त कार्यक्रमहरूको प्रतिफल तथा प्रभावको बारेमा जानकारी प्राप्त गरिन्छ । अनुगमन कार्यक्रम कार्यान्वयनको चरणमा गरिन्छ भने मुल्यांकन सम्बन्धी कार्यक्रमहरूको सञ्चालनका चरणहरु साथसाथै कार्यसम्पन्न भएपछि पनि गरिन्छ । स्थानीय स्तरमा संचालन भएको शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई जवाफदेही,पारदर्शी,नतिजामुखी र उत्तरदायीपूर्ण बनाउनको लागि अनुगमन तथा मूल्यांकन अनिवार्य छ ।

यसमा जहदा गाउँपालिकाको पाँच वर्षे शैक्षिक योजनाहरूको निर्माण तथा कार्यान्वयनका क्रममा आवश्यक ऐन तथा नियमावलीका आधारमा अनूगमन तथा मूल्यांकनको वर्तमान अवस्था, चुनौती तथा समस्याहरू,उद्देश्य रणनीति एवं यस शिक्षा क्षेत्रको योजनामा स्थानीय स्तरमा अनुगमन तथा मुल्यांकन प्रणालीको विकासका लागि गाउँपालिका भित्रका सवै वडाहरुमा संचालित सामुदायिक विद्याल, संस्थागत तथा निजी विद्यालयहरु, बालविकास तथा सिकाइ केन्द्रहरुमा संचालित सबै कार्यक्रमहरूको कार्यक्रम अनुगमन,ढाँचा,साधन,विषय र प्रतिवेदन प्रस्तुत गरिएको छ ।

## ८.२. वर्तमान अवस्था

अनुगमन तथा मूल्यांकनलाई योजनाको अभिन्न अंगका रुपमा लिँदै हाल विद्यमान अवस्थामा रहेको गाउँ शिक्षा संयन्त्रलाई आवश्यकता अनुसार चुस्त र दुरुस्त बनाउँदै समय समयममा वडा कार्यालय तथा गाउँपालिकाको शिक्षा शाखा शिक्षा समिति तथा निर्वाचित जनप्रतिनिधिहरुबाट समयसमयमा अनुगमन तथा समीक्षा हुने गरेको भएता पनि अनुगमनलाई नतिजामूलक तथा योजनाबद्द एवम् ब्यवस्थित गर्नु पर्ने देखिन्छ । यसको साथै विभिन्न परियोजना तथा संघसस्थाहरुको कामको पनि अनुगमन तथा सहजीकरण गर्ने गरिएको छ ।

## ८.३. अवसर र चुनौतीहरु

संघीय संरचना अनुरुप स्थापना भएका वडा कार्यालयहरु तथा स्थानीय सरकारको व्यवस्था भए पश्चात विद्यालय तहको अनुगमन तथा निरिक्षणको कार्यको निरन्तर हुनु विभिन्न परियोजनाहरु जस्तै GSS/INF/GNI ले बार्षिक सयुक्त अनुगमन अभ्यास गरिनु यस क्षेत्रका प्रमुख अवसरहरु हुन् । तरपनि यि क्षेत्रमा यस योजनामा अनुगमन तथा मूल्याङ्कन सम्बन्धी निम्नलिखित चुनौतीहरु पहिचान गरिएको छ ।

- विद्यालय अनुगमन तथा मूल्यांकन कार्यलाई नियमित हुने वातावरण बनाउने ।
- अनुगमन तथा मूल्यांकन पश्चात समीक्षा गरी आवश्यक सुधार सहितको नतिजामूलक बनाउने ।
- अनुगमन तथा मूल्यांकन सम्बन्धी क्षमता विकास गर्ने ।
- अनुगमन तथा मूल्याङ्कनलाई निष्पक्ष,नियमित, भरपर्दो र विश्वसनीय बनाउने ।

## ८.४. उद्देश्यहरुः

यस योजनाले अनुगमन तथा मूल्यांकनसँग सम्बन्धि निम्न लिखित उद्धेश्यहरु राखेको छः

- शैक्षिक कार्यक्रमहरुको स्रोत साधनको उपयुक्त प्रयोग तथा त्यसको प्रतिफल नियमित मापन गर्नु ।
- अनुगमन तथा मूल्याङ्कनलाई नियमित तथा नतिजामुखी बनाउनु ।

## ८.५.रणनीतिहरु

यस योजनाले अनुगमन तथा मूल्यांकनसँग सम्बन्धि निम्न लिखित रणनीतिहरु राखेको छः

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि एक छुट्टै योजना तयारी लागु गरिने छ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघले कम्तिमा हप्ताको एक पटक समय तालिका निर्माण गरी विद्यालयको प्रशासनीक तथा शैक्षिक गतिविधिहरुको बारेमा अनुगमन गर्ने र सोको अभिलेख विद्यालयमा राखी विव्यसको वैठकमा त्यसको समीक्षा गरिने अभ्यासलाई कार्यान्वयन गरिनेछ ।
- अभिभावकले पनि नियमित रुपमा विद्यालय भम्रण गरी आफ्ना बालबालिकाहरुको सिकाइ अवस्थाको बारेमा छलफल गर्ने । उक्त उपस्थितिको विद्यालयमा रेकर्ड पुस्तिका जनाउने र उच्च सहभागीता भएका अभिभावकलाई बार्षिक रुपमा सम्मान गरिने अभ्यासको शुरुवात गरिने छ ।

- वडास्तरीय अनुगमन समितिले विद्यालयलाई निकासा गरिएको बजेट तथा कार्यक्रमको कार्य सम्पन्न प्रगतिको स्थलगत अनुगमन गरी उक्त कार्यक्रमको मूल्यांकन गरिने अभ्यासलाई कार्यान्वयनमा लगिनेछ ।
- विद्यालयको गतिविधिहरुको समग्र पक्षको अनुगमनका लागि शिक्षाको प्राविधिक जनशक्ति र जनप्रतिनिधि सहित रहने गरी पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार गरी उक्त सयन्त्रका सदस्यहरुबाट कम्तिमा दुई महिनामा एक पटक एक विद्यालयमा अनिवार्य रुपमा अनुगमन गरी सोको प्रतिवेदन गाउँ शिक्षा समितिमा छलफल गरिने छ ।
- हरेक वर्ष विद्यालयको कार्य सम्पादन परीक्षण गरिनेछ ।
- स्रोत विज्ञ मार्फत नियमित अनुगमन तथा निरीक्षण हुने ब्यवस्था मिलाइने छ ।

## ८.६. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

### उपलब्धि

- शिक्षा क्षेत्रको नियमिता तथा योजनाबद्द रुपमा अनुगमन तथा मूल्यांकन प्रणाली लागू भइ विद्यालय शिक्षामा सुधार आउने छ ।

- शिक्षा क्षेत्रको प्रगति तथा अनुगमन मूल्यांकनको लागि एक छुट्टै योजना तयार भएको हुने ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघबाट नियमित अनुगमन भएको हुने ।
- अभिभावकबाट विद्यालयको नियमित अनुगमन भएको हुने ।
- वडास्तरीय अनुगमन समितिबाट स्थलगत अनुगमनको अभ्यास कार्यान्वयनमा भएको हुने ।
- पालिका स्तरीय एक अनुगमन सयन्त्र तयार भइ नियमित अनुगमन भएको हुने ।
- बार्षिक रुपमा विद्यालयको कार्य सम्पादन परीक्षण भएको हुने ।

### प्रमुख क्रियाकलापहरु तथा लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलापहरु | एकाइ | भौतिक लक्ष्य ५ बर्ष | | | | | | भौतिक लक्ष्य १० बर्ष | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | अनुगमन तथा मूल्यांकनको योजना तयार र कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| २ | वि ब्य स शि अ स बाट विद्यालयको पालैपालो नियमति अनुगमन तथा निरीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ३ | अभिभावकबाट नियमित विद्यालय भम्रण र उत्कृष्ट अभिभावक छनोट | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ४ | वडास्तरीय अनुगमन समितिबाट मासिक | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |


| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अनुगमन | | | | | | | | | |
| ५ | पालिका स्तरीय अनुगमन तथा मूल्यांकन संयन्त्रको गठन र कम्तिमा २ महिनाको एक पटक एक विद्यालयको अनुगमन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ६ | विद्यालयको बार्षिक कार्य सम्पादन परिक्षण | विद्यालय | ३६ | ३६ | ३६ | ३६ | ३६ | १८० | ३६० | |
| ७ | नियमित अनुगमन तथा निरीक्षण | निरन्तर | १ | १ | १ | १ | १ | ५ | १० | |
| ८ | शिक्षा योजनाको प्रगतिको बार्षिक प्रगति तयार तथा छलफल कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| ९ | कार्यक्रमका र्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |
| १० | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण तथा विश्लेषण सहितको प्रतिवेदन तयार | पटक | १ | १ | १ | १ | १ | ५ | १० | |

# सन्दर्भ सामाग्रीहरु :


- दिगो विकास लक्ष्य २०३० र राष्ट्रिय कार्य ढाँचा
- राष्ट्रिय जनगणना २०७८
- शिक्षाको सोचपत्र २०७९
- शिक्षा सम्बन्धी ऐन कानुन निर्देशिका
- शिक्षा नीति २०७६
- विद्यालय शिक्षा क्षेत्रको योजना २०२३-२०३०
- स्थानीय तहको शिक्षा योजना निर्माण सम्बन्धी मार्गदर्शन २०७९(परिमार्जित संस्करण २०८१)
- IEMIS Report २०८२
- सोह्रौ योजना २०८१/०८२ -२०८५/०८६
- वृहत विद्यालय सुरक्षा सञ्चार रणनीति २०७५
- विद्यालय क्षेत्र विकास योजना २०७३-०७८
- नेपालको संविधान २०७२
- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५
- अनिवार्य तथा निशुल्क शिक्षा नियमावली २०७७
- वालमैत्री विद्यालय राष्ट्रिय प्रारुप २०६७
- विद्यालय सुधार योजना निर्माण सहयोगि पुस्तिका २०८०
- सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा कार्यक्रम सहजिकरण पुस्तिका २०७६
- विद्यालय नक्साङ्कन भौतिक सर्वेक्षण र विद्यालय समायोजनका लागि सहयोगि स्रोत पुस्तिका २०८०
- अनौपचारिक शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारुप २०८०

# अनुसूची

## योजना निर्माण सम्बन्धीत फोटोहरु



आज मिति २०८२/०१/२१ गते आइतबारका दिन यस जहदा गाउँपालिकाका अध्यक्ष श्री जितेन्द्र प्रसाद साह ज्यू को उपस्थितिमा स्थानीय तहको शिक्षा योजना निर्माणको प्रारम्भिक चरणमा छलफल गरियो ।

उपस्थिती

१. श्री जितेन्द्र प्रसाद साह - अध्यक्ष -
२. श्री रोशन कुमार गुप्ता - प्र.प्र.अ. -
३. श्री चन्द्रशेखर साह - वडाअध्यक्ष-२ -
४. श्री सुर्यानन्द मण्डल - वडाअध्यक्ष-६ -
५. श्री टंक प्रसाद गौतम -
६. श्री योगेन्द्र थापामगर -
७. श्री दिपक खनाल - शिक्षा अधिकृत -
८. श्री कविराज कुयल - लेखा अधिकृत
९. श्री रोशन कुमार साह - सुचना प्रविधि अधिकृत -
१०. श्री धर्मेन्द्र कुमार साह - प्र.अ. -
११. श्री विमललाल मण्डल - प्र.अ. श्री दुर्गा मा.वि.
१२. श्री नविन गौतम - प्र.अ.
१३. श्री गंगा प्रसाद मण्डल प्र.अ.
१४. श्री गिरजा यादव - प्र.अ.
१५. श्री सिधुलाल राजवंशी - प्र.अ. -
१६. श्री महेश कु. मण्डल - प्र.अ.
१७. श्री अनिता भगत - प्र.अ.
१८. श्री सन्तोष कुमार साह प्र.अ. -
१९. श्री माझी प्र० कोइराला वि.शि. सदस्य
२०. श्री सन्तोष कुमार साह
२१ श्री प्रमिला कुमारी रेग्मी
२२ श्री रोहित पाँडेल

आज मिति २०८२/०१/०६ गते शुक्रबारका दिन गाँउ शिक्षा योजनाको मस्यौदा समिति छलफल तपसिल बमोजिमको उपस्थितीमा गरियो ।

उपस्थिती

(१) श्री जितेन्द्र प्रसाद साह - अध्यक्ष -
२. श्री हलना सोरेन - उपाध्यक्ष
३. श्री रोशन कुमार गुप्ता - प्र.प्र.अ.
४. श्री टंक गौतम - विज्ञ
५. श्री योगेन्द्र थापागाई - विज्ञ
६. श्री अशोक साह - शिक्षा समिति सदस्य -
७. श्री दिपक रवताल - शिक्षा शाखा प्रमुख -
८. श्री शम्भु - राजवंशी शिक्षा समिति सदस्य -
९. श्री वीरेन्द्र प्रसाद मंडल - प्र.अ.
१०. श्री सन्तोष कुमार साह - प्र.अ. श्री दुर्गा मा.वि.
११ श्री कृष्ण प्रसाद अधिकारी
१२. श्री लक्ष्मी मण्डल - शिक्षा समिति सदस्य -
१३. कवुल अन्सारी (प्र.अ.) इस्लामिया आ.वि. जहदा
१४ मनोज कुमार सिंह (प्र.अ.) श्री मानव आ.वि. जहदा - ६
१५. विकेश कुमार गौतम (प्र.अ.) श्री बाल विकास आ.वि. ज. - ६
१६ नवीन गोलक (प्र.अ.) श्री धवल मा.वि. जहदा - २
१७ पप्पु कुमार यादव (प्र.अ.) श्री आधारभूत विद्यालय जहदा - २
१८ सिधुलाल राजवंशी प्र.अ. श्री रामजानकी आ.वि. जहदा - ३.
१९. रजनीकान्त कामत - श्री भवानी आ.वि. जहदा - ६
२०. अशोक कुमार साह - श्री सन्तोष आ.वि. जहदा - २
२१. गिरजा प्रसाद यादव - श्री कुलेश्वरी प्रा.वि - १
२२. विकेश कुमार मंडल - श्री लक्ष्मी आ.वि. ज - ४
२३. पार्थेश्वर मण्डल - श्री महेन्द्र मा.वि. जहदा - ६ स.प्र.अ.
२४ सन्तोष कुमार साह - श्री हनुमान आ.वि. जहदा - ५ (प्र० अ०)
२५. नन्द किशोर यादव - श्री काली आ.वि. जहदा - २ (प्र० अ०) -
२६ रुद्र नारायण राजवंशी श्री बाल लक्ष्मी आ.वि. जहदा - ३ (नि.प्र.अ.)
२७ प्रमिला शर्मा प्र.अ (श्री नव आ.वि. जहदा २)
२८ अनिता कुमारी मगत श्री गणेश आ.वि जहदा - १
२९ द्रौपदी कुमारी राजवंशी श्री सरस्वती आ.वि. जहदा - ४

(३०) सीता कुमारी मण्डल - श्री आदर्श आ.वि. जहदा-२ प्र.अ. Zahmls

(३१) धर्मेन्द्र कुमार साह - श्री जनप्रिय आ.वि. जहदा-६ प्र.अ.

३२.) महेश कुमार मण्डल श्री भानुभक्त आ.वि. जहदा-५ मोड. प्र.अ.

३३) पंकज कुमार साह श्री लक्ष्मी आ.वि. जहदा-१ प्र.अ. Bhus

३४ श्री चन्द्रशेखर साह वडाअध्यक्ष -

३५. श्री गंगा प्रसाद मण्डल प्र.अ.-

३६. श्री रोशन कुमार साह पु.प्र.अ.

३७. श्री ज्योति मण्डल शिक्षा समिति सदस्य

३८ कलाचन्द विश्वास - श्री माँ भवानी आ.वि. जहदा-३

३९. सन्तोष कुमार साह. -

४० प्रमिला कुमारी रेग्मी प्रा.र्स -

४१ रोहित पाडेल वि.ब.

४२.

आज मिति २०८२/११/१२ गते बिहिबारका दिन गाउँ शिक्षा योजना निर्माण कार्यदलका संयोजक तथा शिक्षा शाखा प्रमुख दिपक खनाल ज्यू को अध्यक्षतामा तपशिल बमोजिमको उपस्थितिमा गाउँ शिक्षा योजना मस्यौदा माथि सरोकारवालाहरुको सुझाव संकलन तथा छलफल गरियो।

उपस्थिति

१. श्री जितेन्द्र प्रसाद साह - अध्यक्ष -
२. श्री हल्ना सोरेन - - उपाध्यक्ष
३. श्री रोशन कुमार गुप्ता प्रमुख प्रशासकिय अधिकृत
४. श्री दिपक खनाल शिक्षा युवा तथा खेलकुद शाखा
५. श्री सुर्यानन्द मण्डल वडा नं. ६ वडा अध्यक्ष
६. श्री मुन्सी मुर्मु वडा नं. ५ वडा अध्यक्ष
७. श्री चन्द्रशेखर साह वडा नं. २ वडा अध्यक्ष
८. श्री अशोक कुमार साह शिक्षा समिति सदस्य जहदा गा.पा.
९. श्री धर्मेन्द्र कुमार साह शिक्षा समिति सदस्य जहदा गा.पा.
१०. श्री टंक प्रसाद गौतम गाउँ शिक्षा योजना जहदा विज्ञ
११. श्री नरहरी कोइराला शिक्षा संयोजक जीवन विकास समाज
१२. श्री राजेश यादव स्कूल व्यवस्थापन समिति अध्यक्ष
१३. श्री ~~अशोक कुमार साह~~ प्रमिला टेम्बी जहदा गा.पा. शिक्षा अधिकृत
१४. श्री सोहन भण्डारी साहास नेपाल जहदा परियोजना संयोजक
१५. श्री अनमोल व. थापामगर श्री कालि आ.वि. जहदा-२ अध्यक्ष
१६. श्री सुरेन्द्र प्र. तिहदार श्री बाबादिना मध्ये आ.वि जहदा-६ अध्यक्ष
१७. श्री कुमार होंहदा श्री मा.वि. बेंरिया जहदा-२ अध्यक्ष
१८. श्री परशुराम मण्डल श्री लोहन्द्रा आ.वि. जहदा-७ अध्यक्ष
१९. श्री बिलनलाल मण्डल श्री दुर्गा मा.वि. जहदा-५ प्र.अ.
२०. श्री ~~जनता~~ गंगा प्र. मण्डल श्री जनता मा.वि. जहदा-६ प्र.अ.
२१. श्री सुभाष प्र. सिंह श्री सार्वजनिक मा.वि. जहदा-४ प्र.अ.
२२. श्री ~~जनता~~ नविन प्र. गौतम श्री जनता मा.वि. जहदा-२ प्र.अ.
२३. श्री ~~लक्ष्मी~~ कृष्ण प्र. अधिकारी श्री लक्ष्मी मा.वि. जहदा-३ प्र.अ.
२४. श्री संतोष कुमार साह श्री दुर्गा मा.वि. जहदा-१ प्र.अ.
२५. श्री सुरेश प्रसाद मण्डल श्री महेन्द्र मा.वि. जहदा-७ प्र.अ.
२६. श्री शिव संकर ज्ञानी श्री जहदा गा.पा. वडा नं.-४ वडा अध्यक्ष
२७. श्री काशीराम मण्डल श्री लक्ष्मी आ.वि. जहदा-३ प्र.अ.

२८. श्री पंकज कुमार साह श्री लक्ष्मी आ.वि. जहदा-१ प्र.अ.
२९. श्री गंगा प्रसाद मण्डल श्री रामजानकि आ.वि. जहदा-५ प्र.अ.
३०. श्री प्रविता शर्मा श्री जनआ.वि. जहदा-८ प्र.अ.
३१. श्री गिरिजा प्रसाद यादव श्री बुढेश्वरी मा.वि. जहदा-१ प्र.अ.
३२. श्री महेश कुमार मण्डल श्री भानुभक्त आ.वि. जहदा-५ प्र.अ.
३३. श्री भगवान मरडी जहदा गा.पा. वडा नं.-6 वडा अध्यक्ष
३४. श्री प्रतिमा कुमारी यादव श्री जहदा गा.पा. महिला बालबालिका शाखा प्रमुख
३५. श्री संतोष कुमार साह जहदा गा.पा. स्वकिय सचिव
३६.
३७.
३८.
३९.
४०.
४१.

छलफलका विषयहरु:

माथि उपस्थित महानुभावहरुको छलफलमा १० वर्षे जहदा गाउँपालिका शिक्षा योजना मस्यौदा माथि सरोकारवालाहरुको सुझाव संकलन तथा बृहत घोषणा कार्यक्रममा शिक्षा योजनाको परिच्छेद १ देखी ८ परिच्छेद सम्मको बुँदागतरुपमा प्रस्तुतिकरण सँगै छलफल गर्दै अनुशुचिहरुको समेत बुँदाहरुमाथि छलफल गरि सुझावहरु संकलन गरि लेखन कार्यशाला मा पेश गरि अन्तिमिकरण गर्दै बाह्य विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन गर्ने निर्णय आजको कार्यक्रमबाट गरियो।


# योजना निर्माणा सम्बन्धी फोटोहरू






१० वर्षे गाउँ शिक्षा योजना मस्यौदा माथि
सरोकारवालाको सुझाव संकलन
तथा पृष्ठपोषण कार्यक्रम २०८२










Rural Municipality